प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सुशासन केन्द्र (PCGG)

बाग्मती प्रदेश

जावलाखेल , ललितपुर

स्थानीय तहको आवधिक योजना तर्जुमा

क्लस्टर ३

कालिका नगरपालिका, चितवन

(RFP No.:NCB/Consulting/RFP/ Periodic Plan/Cluster 3)

अन्तिम प्रतिवेदन

खण्ड ख : वस्तुस्थिति विवरण

असार, २०७९

प्रतिवेदन विवरण

क्लस्टर	**३**
योजनाको नाम	स्थानीय तहको आवधिक विकास योजना तर्जुमा Preparation of Periodic Plan of Local Governments (RFP No. NCB/Consulting/RFP/Periodic Plan/ Cluster-3)
सेवाग्राहीको नाम	प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश (कालिका नगरपालिका, पञ्चकन्या गाँउपालिका, हरिहरपुरगढी गाँउपालिका, खैरहनी नगरपालिका)
परामर्शदाता संस्थाको नाम	नेष्ट - पिकासो - प्यारागन जेभि, सानेपा, ललितपुर
प्रतिवेदनको नाम	खण्ड खः बस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन
प्रतिवेदन संख्या	३
प्रतिविदन पेश भएको मिति	२०७९
प्रतिवेदन किसिम	Hard Copy तथा Soft Copy
परामर्शदाताको नाम	श्री पुनम बज्राचार्य - शहरी योजना विद् (Team Leader) श्री नारायणहरी रिजाल- भौतिक पूर्वाधार विज्ञ (Physical Infrastrucure Expert) श्री बच्चु नारायण श्रेष्ठ – सार्वजनिक वित्त व्यवस्थापन विज्ञ श्री भाग्वत दाहाल - समाजशास्त्री, अर्थशास्त्री श्री गणेश भट्टराई - समाजशास्त्री श्री विकास श्रेष्ठ – जिआईएस विद् श्री महेन्द्र भट्टराई - वातावरण तथा विपद् व्यवस्थापन विद् श्री सन्तोष कुमार शाह – तथ्याङ्क विद् श्री निर्मल गौतम – सहजकर्ता
प्रतिवेदन जाँच गर्ने	श्री पुनम बज्राचार्य (Team Leader)
कार्यालयको छाप	

विषय सूची

विषय सूची 2
तालिकाको सूची 4
परिच्छेद 1. परिचय 5
1.1. पृष्ठभूमी 5
1.2. आवधिक योजना तर्जुमाको उद्देश्य 5
1.3. अध्ययन कार्य क्षेत्र 5
1.4. अध्ययन विधी 6
परिच्छेद 2. कालिका नगरपालिकाको वस्तुगत विवरण 10
2.1. नगरपालिकाको परिचय 10
2.1.1. क्षेत्रीय अवस्थिति 10
2.1.2. राजनीतिक तथा प्रशासनिक संरचना 12
2.1.3. भौगोलिक अवस्थिति 12
2.1.4. जलवायु 12
2.1.5. प्राकृतिक सम्पदा 13
2.1.6. जनसंख्याको स्थिति 15
2.1.7. बसाईसराई 20
2.2. आर्थिक विकासको अवस्था 20
2.2.1. कृषि तथा खाद्य सुरक्षा 20
2.2.2. पर्यटन तथा संस्कृति 24
2.2.3. उद्योग, व्यापार, व्यवसाय र आपूर्ति 25
2.3. सामाजिक क्षेत्रको स्थिति 31
2.3.1. स्वास्थ्य तथा पोषण 31
2.3.2. शिक्षा 32
2.3.3. महिला तथा बालबालिकाको विकास स्थिति 35
2.3.4. युवा तथा खेलकुद 35

2.3.5. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरु 37
2.3.6. सुरक्षा 38
2.4. भौतिक पूर्वाधार तथा शहरी विकासको अवस्था 39
2.4.1. वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण 39
2.4.2. सडक, पुल तथा यातायात 40
2.4.3. विद्युत तथा वैकल्पिक उर्जाको स्थिति 40
2.4.4. खानेपानी तथा सरसफाई 41
2.4.5. सूचना, सञ्चार तथा प्रविधि 43
2.4.6. ढल तथा ढल निकास प्रणाली 43
2.4.7. फोहोरमैला व्यवस्थापन 43
2.4.8. सिंचाई पूर्वाधार 43
2.4.9. भूमि प्रयोग तथा शहरीकरण 46
2.4.10. भूमिहीन तथा सुकुम्बासी 46
2.5. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था 47
2.5.1. वन तथा जैविक विविधता 47
2.5.2. प्राकृतिक प्रकोप जोखिम क्षेत्र 49
2.5.3. महामारी तथा विपद व्यवस्थापन 51
2.6. सुशासन तथा संस्थागत व्यवस्था 52
2.6.1. स्थानीय ऐन तथा कानुनहरु 52
2.6.2. समिति गठन 53
2.6.3. संस्थागत व्यवस्था तथा सुशासन 53
2.6.4. संगठनात्मक विकास 54
2.6.5. योजना व्यवस्थापन 55
2.6.6. स्रोत व्यवस्थापन 55
परिच्छेद 3. नगरपालिकाको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती 58
अनुसूची 60

तालिकाको सूची

तालिका १वडा स्तरीय भेला/छलफल समय तालिका ९
तालिका २: नगरपालिकाको पुनर्संरचना १२
तालिका ३: कालिका नगरपालिकामा रहेका सामुदायिक वनको विवरण १३
तालिका 4 नगरपालिका क्षेत्रमा भएका पानीका श्रोतहरु १४
तालिका 5 घरधुरी तथा जनसंख्या विवरण १६
तालिका 6 कालिका नगरपालिकाका वडागत जातजातिको विविरण १६
तालिका 7 मातृभाषाको रुपमा बोलिने भाषा अनुसारको जनसंख्या विवरण १८
तालिका 8 विगत १० वर्षभित्र बसाईं सरी आएका जनसंख्याको वडागत विवरण २०
तालिका 9 कालिका नगरपालिकाको खाद्यान्न तथा तरकारी उत्पानको पकेट क्षेत्र २२
तालिका १०: कृषि संकलन केन्द्रको विवरण २४
तालिका 11 कालिका नगरपालिकाको पर्यटकीय स्थलहरु २५
तालिका १२: नगरपालिकामा भएका उद्योगको विवरण २६
तालिका 13 कालिका नगरपालिकाक्षेत्रभित्रका मुख्य बजारहरु २७
तालिका १४: नगरपालिकामा रहेका वित्तीय संस्थाको विवरण ३०
तालिका १५ नगरपालिकामा भएका स्वास्थ्य संस्थाको विवरण ३१
तालिका 16 शैक्षिक संस्थाको तहगत विवरण ३२
तालिका १७: नगरपालिकामा रहेका मुख्य खेलमैदानको विवरण ३६
तालिका 18 कालिका नगरपालिकामा रहेका धार्मिक स्थलहरु ३७
तालिका १९ कालिका नगरपालिकामा रहेका सामुदयिक भवनको विवरण ३९
तालिका 20 कालिका नगरपालिकाको विद्युत वितरणको अवस्था ४१
तालिका 21 कालिका नगरपालिका क्षेत्रमा रहेका सिंचाई आयोजनाहरु ४४
तालिका २२: नगरपालिकामा रहेका भूमिहीनको विवरण ४६
तालिका 23 कालिका नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरु ४७
तालिका २४: नगरपालिकामा रहेका प्रकोप जोखिम क्षेत्रको विवरण ४९
तालिका २५ नगरपालिकाको आ.व.२०७५/७६ देखि २०७८/०७९ सम्मको प्रक्षेपित र यथार्थ आय विवरण ५६
तालिका 26 कालिका नगरपालिका क्षेत्रमा कार्यरत विकास साझेदारी सस्थाहरु ५७

परिच्छेद १. परिचय

१.१. पृष्ठभूमी

नेपालमा नेपाल भौगोलिक विविधता, प्राकृतिक सम्पदा तथा मानव संसाधनको अवस्था हेर्दा समृद्धिको प्रशस्त सम्भावना रहेको छ । कुनै क्षेत्रको सामाजिक-आर्थिक विकासनै सो क्षेत्रको रूपान्तरणको आधार हो । नेपालमा अझैपनि जनसङ्ख्याको ठूलो हिस्सा गरिबीको रेखामुनि रहेको छ । विकास निरन्तर प्रयासहरूको बावजुद देशका सबै क्षेत्रमा आधारभूत सेवा तथा पूर्वाधारको समान पहुँच पुग्न सकेको छैन । योजनाबद्ध विकासको कमी यसको मुख्य कारकको रुपमा रहेको देखिन्छ ।

नेपालमा ६ दशक लामो योजनाबद्ध विकासको अवधिमा नौ वटा पंचवर्षीय र पाँच वटा त्रिवर्षीय योजना कार्यान्वयन भईसकेका छन् । नेपालले सन् २०१३-२०१८ मा पहिलो पंचवर्षीय योजनाबाट योजनाबद्ध विकासको थालनी भएको हो । हाल नेपालमा पन्ध्रौं आवधिक योजना (२०७६/०७७- २०८०/८१) कार्यन्वयनमा चरणमा रहेको छ ।

नेपालको संबिधानको कार्यन्वयन पछी नेपालको राज्य प्रणाली संघिय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमा रुपान्तरण भैसकेको छ । तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय) संबैधानिक रुपमा अधिकार सम्पन्न भएका छन् । संबैधानिक रुपमा स्थानीय शान्ति, समृद्धि, सुशासन; सामाजिक तथा आर्थिक विकासका लागि स्वयम स्थानीय तहलाई नै अधिकार प्रत्यायोजन गरिएको छ । नेपालको संबिधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्न नेपाल सरकाले स्थानिय सरकार संचालन ऐन, २०७४ जारी भयो । ऐनले स्थानीय सरकारको अधिकार, भूमिका तथा जिम्मेवारी तोकेको छ । ऐनले स्थानीय तहको दिगो विकासका लागि नगरपालिका प्रोफाइल, स्रोत नक्सा, आवधिक योजना, वार्षिक योजना र दीर्घकालीन विकास योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा प्रदेश सुशासन केन्द्र, बागमती प्रदेशले सामाजिक तथा आर्थिक विकासको लक्ष्य हासिल गर्न तथा स्थानीय तहमा योजनावद्ध विकास मार्फत सुशासन कायम गर्न प्रदेश भित्र रहेका विभिन्न स्थानीय तहको आवधिक योजना तर्जुमा गरेको छ ।

स्थानीय समस्यालाई सम्बोधन गर्न योजना तर्जुमा प्रक्रिया जनसहभागितामा आधारित, नेपालको संबिधान, तथा सम्बिन्धित ऐन, कानुन, नीति तथा निर्देशिकामा आधारित भएर तर्जुमा प्रक्रिया अगाडी बढेको छ । यो स्थानीय तथाको विकासको गतिलाई निर्देशित गर्ने एक गतिशील दस्ताबेज हुनेछ ।

१.२. आवधिक योजना तर्जुमाको उद्देश्य

यस योजनाको मुख्य उद्देश्य **स्थानीय तहको** आवधिक योजना तर्जुमा गर्नु हो । अन्य उद्देश्यहरुमा :

- नगरपालिकाको विद्यमान वस्तुस्थिति (प्रथम तथा द्वितीय तहको तथ्याङ्कमा आधारित) तयार गर्नु ।
- नगरपालिकाको समष्टिगत दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरू तर्जुमा गर्नु ।
- नगरपालिकाको विषय क्षेत्रगत सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरू पहिचान गर्नु।
- आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका लागि विषय क्षेत्रगत योजना तयार गर्नु ।
- बहु क्षेत्रगत (MSIP) लगानी योजना तयार गर्नु ।

१.३. अध्ययन कार्य क्षेत्र

निर्दिष्ट उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका कार्य क्षेत्र रहेका छन् ।

- नेपालको संविधान, संघीय तथा प्रदेश सरकारको दीर्घकालीन सोंच, स्थानीय सरकार सञ्चालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ लगायत विकास योजना तर्जुमासँग सम्बन्धित विगतका योजना र विद्यमान ऐन, नीति तथा निर्देशिकाहरू अध्ययन तथा विश्लेषण गर्ने ।
- स्थलगत अध्ययन तथा सर्वेक्षणबाट संकलित तथ्याङ्क, विभिन्न प्रकाशित तथा अप्रकाशित प्रतिवेदन, छलफल तथा अवलोकन, राजनीतिक व्यक्तित्व तथा बुद्धिजीवीहरूबाट प्राप्त जानकारी तथा अन्य द्वितीय तहका तथ्याङ्क / सूचनाका आधारमा नगरपालिकाको विद्यमान वस्तुस्थिति विवरण तयार गर्ने।
- जनसाङ्ख्यिक, भौतिक, सामाजिक, आर्थिक, वातावरणीय, वित्तीय, संस्थागत पक्षसंग सान्दर्भिक तथ्याङ्कहरूको लगत (inventory) तयार गर्ने ।
- स्थानीय तहको विभिन्न बिषय क्षेत्रगत सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको पहिचान तथा विश्लेषण गर्ने ।
- स्थानीय तहको समग्र विकासका लागि दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा कार्यान्वयन रणनीति तयार गर्ने ।
- योजना तर्जुमाका लागि नगरपालिकाको आधार नक्शा तयार गर्ने ।
- वर्तमान भूउपयोग, सामाजिक तथा आर्थिक पूर्वाधार, प्रमुख बजार केन्द्र तथा प्रमुख प्राकृतिक स्रोतहरूको स्थलगत अध्ययनका आधारमा नक्शा अध्यावधिक गर्ने ।
- विद्यमान पूर्वाधारको अवस्था तथा पहुँचको विश्लेषण गरी सडक तथा यातायात, सिँचाई, खानेपानी, निकास लगायतका पूर्वाधार विकास योजना तयार गर्ने ।
- नगरपालिका भित्रका सामाजिक पूर्वाधार तथा सेवाहरुको अध्ययन तथा विश्लेषण गरी शिक्षा, स्वस्थ्य, युवा तथा खेलकुद लगायतका सामाजिक विकास योजना तर्जुमा गर्ने ।
- नगरपालिका भित्र रहेका आर्थिक विकासको अवस्था, आर्थिक पूर्वाधारहरुको अध्ययन तथा विश्लेषण गरी स्थानीय अर्थतन्त्रको विकासको लागि योजना तयार गर्ने ।
- नगरपालिकाको विद्यमान जनशक्ति र सो को पर्याप्तता तथा क्षमताको अध्ययन तथा विश्लेषण गरी संस्थागत विकास तथा सुशासनको लागि योजना तयार गर्ने ।
- भूउपयोगको वर्तमान अवस्था तथा भविष्यको मागको विश्लेषणका आधारमा सम्पूर्ण नगरपालिकाको भौतिक विकास योजना तयार गर्ने ।
- प्राकृतिक स्रोतको पहिचान गरी स्रोतको उच्चतम सदुपयोग गर्न वातावरण व्यवस्थापन योजना तयार गर्ने ।
- नगरपालिकाको पछिल्लो तीन वर्षको आय व्ययको अध्ययन तथा विश्लेषण गरी राजस्व प्रक्षेपणमा आधारित वित्तीय व्यवस्थापन योजना तयार गर्ने ।
- सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका लागि स्थानीय तहका अधिकारीहरू, प्रमुख जानकार तथा स्थानीय व्यक्तिहरुसँग विभिन्न कार्यशाला बैठक तथा छलफलहरू गर्ने ।
- योजना कार्यान्वयन रणनीतिहरू सिफारिस गर्ने तथा पूँजी लगानी योजना तयार गर्ने ।
- वार्षिक लक्ष्य, सूचक र प्रमाणिकरण आधारको साथ पाँच वर्षे बहु क्षेत्रगत लगानी योजना (MSIP) तयार गर्ने ।

१.४. अध्ययन विधी

क. कार्यकक्षगत अध्ययन

द्वितिय तथ्यांक संकलन

विषय वस्तुको विस्तृत जानकारी प्राप्त गर्न योजना तर्जुमा अघि सम्बन्धित विभिन्न दस्तावेजहरुको विस्तृत अध्ययन गरियो । कालिका नगरपालिकासंग सम्बन्धित सान्दर्भिक दस्ताबेजहरुको अध्ययन गरियो । योजना तर्जुमाका क्रममा, विकास योजना सँग सम्बन्धित नीति तथा निर्देशिकाहरु, नगरपालिकासँग सम्बन्धीत विभिन्न अध्ययन प्रतिवेदनहरु, विद्यमान भू-उपयोग नीति,तथा ऐन, वातावरण संरक्षण नीति, नगरपालिकाको पार्श्वचित्र, राष्ट्रिय जनगणना २०६८ लगाएतका दस्तावेजको अध्ययन तथा विश्लेषण गरियो । आवधिक योजनाका सम्बन्धमा भएका पुर्व अध्ययनका प्रतिवेदनहरु, भौतिक विकास योजना तर्जुमा, कृषि विकास योजना, स्थानीय विकास योजना तर्जुमा, तथा सान्दर्भिक प्रकाशित तथा अप्रकाशित तथ्याङ्कहरु तथा सामाग्रीहरुको संकलन, अध्ययन तथा विश्लेषण गरी योजना तर्जुमा कार्य अगाडि बढाईएको छ ।

विभिन्न मौजुदा कानुनहरु जस्तै स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, राष्ट्रिय भू उपयोग नीति २०७२, Planning Norms and Standard 2015 , वातावरण संरक्षण ऐन २०५३, वस्ति तथा बजार विकास, कृषि तथा पशुपालन क्षेत्रको विकास लगायतका सम्बन्धमा नेपाल सरकारका नीति तथा कार्यक्रमहरुमा भएका व्यवस्थाहरुको अध्ययन तथा विश्लेषण गरियो । त्यसैगरी सम्बन्धित नगरपालिकाले तयार गरेको आधिक योजना, अघिल्ला वार्षिक योजना तथा नीति, नगरपालिकापर्श्वचित्र लगायत नगरपालिका संग सम्बन्धित दस्तावेजको पनि अध्ययन तथा विश्लेषण गरियो ।

आधार नक्शा तयारी

आधार नक्शामा सम्बन्धित स्थानको स्थलाकृतिक सुविधाहरू, वस्तीहरु, सडक, सिंचाई लगायतका पूर्वाधार, भूउपयोग, नदी तथा पानीका स्रोतहरु, विशेष क्षेत्रहरू खुला क्षेत्र लगायतको जानकारी समावेश हुन्छ । योजना तर्जुमा प्रक्रियाका लागि सम्बन्धित नगरपालिका/ नगरपालिकाको आधार नक्शा तयार गरियो । आध्ययनका क्रममा प्राप्त सूचना तथा तथ्यांकका आधारमा आधार नक्शालाई निरन्तर अद्यावधिक गर्दै लगिनेछ ।

पुर्व-योजना तर्जुमा बैठक

आवधिक योजना सम्बन्धी जानकारी गराउन, अध्ययन विधि तथा अध्ययन क्षेत्रबारे छलफल गर्न नगरपालिका सँग एक दिने पुर्व योजना तर्जुमा बैठकको आयोजना गरियो । यस बैठकमा आवधिक योजनाका विषयमा अभिमुखिरण साथै योजना तर्जुमा र कार्य प्रक्रियाबारे छलफल गरियो । बैठकमा योजना तर्जुमा प्रक्रियामा सहयोग, समन्वय तथा सहजीकरण गर्नका लागि स्थानीय तह प्रमुखको संयोजकत्वमा एक निर्देशिक समिति गठन गरियो । साथै योजना तर्जुमा प्रक्रियामा सहयोग, समन्वय तथा सहजीकरणका लागि नगरपालिका एक वा दुइ जना कर्मचारीलाई Focal Person को रुपमा जिम्मेवारी तोकियो । यस बैठकमा, नगरपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यनगरपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, विभिन्न शाखा प्रमुखहरु लगायत अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । बैठकमा आवधिक योजनाको महत्व तथा आवश्यकता बारेमा प्रस्ट परियो । यसका साथै अध्ययन अवधिमा स्थलगत अध्ययनको कार्य बिधि, योजना प्रक्रियामा विभिन्न समिति तथा शाखाको भूमिका आवश्यक सूचना तथा तथ्यांक लगायतका विषयमा छलफल भएको थियो ।

फोटो 1: पुर्व योजना तर्जुमा बैठकमा नगरपालिकामा छलफल

रेकी सर्वेक्षण

अध्ययन स्थलको भौतिक, सामाजिक तथा आर्थिक पुर्वाधारको विद्यमान अवस्थाको जानकारी प्राप्त गर्न साथै भौगोलिक अवस्थिति तथा वातावरणीय अवस्थाको बारेमा प्रारम्भिक अध्ययन गर्न अध्ययन टोलि द्वारा नगरपालिकाको रेकी सर्वेक्षणको गरियो । सर्वेक्षणको मुख्य उद्देश्य अध्ययन क्षेत्रको बारेमा प्रारम्भिक आँकलन तथा नक्शांकन गर्ने र अध्ययनका अन्य चरणका लागि योजना बनाउनु हो । सर्वेक्षणका क्रममा नगरपालिकाको महत्वपुर्ण संरचना तथा स्थानहरुको फोटोहरु समेत लिइयो ।

प्रश्नावली तथा नक्शा तयारी

आवधिक योजना तर्जुमाका लागि आवश्यक बिषयगत क्षेत्रसंग सम्बन्धित तथ्याङ्क तथा सूचना संकलन गर्न प्रश्नावली तयार गरियो । यसका साथै तथ्याङ्क कार्यलाई अझ प्रभावकारी बनाउन तथा महत्वपुर्ण संरचना तथा स्थानको नक्शांकन गर्न साथै स्थलगत अध्ययनको योजना तयार गर्ने उद्देश्यले वडागत नक्शा समेत तयार गरियो ।

वडा स्तरीय भेला/छलफल

कालिका नगरपालिकाको आवधिक योजना तर्जुमाको लागि नगरपालिकाको प्रत्येक वडामा छलफलको आयोजन गरियो । छलफलका क्रममा नगरपालिकाका सामाजिक, आर्थिक, पूर्वाधार, वातावरणीय, संस्थागत लगायत विषयका विस्तृत तथ्यांक संकलन गरियो । यस क्रममा स्थानीय स्तरका समस्या, सम्भावना, अवसरहरु तथा आवश्यकता सम्बन्धि घनिभूत छलफल गरियो ।

बैठकमा तथ्याङ्क संकलनका साथै विभिन्न स्रोतबाट संकलन गरिएका तथ्यांकको प्रमाणीकरण, वडाका महत्वपुर्ण प्राकृतिक स्रोत, भौतिक संरचना, धार्मिक, संस्कृतिक तथा पर्यटकीय स्थल, प्रकोप जोखिम क्षेत्र, कृषि क्षेत्र, बजार क्षेत्र,सार्वजनिक सेवा वितरण केन्द्र लगाएतको GIS प्रविधिमा नक्शांकन समेत गरियो ।

वडा स्तरीय बैठकमा वडा अध्यक्ष तथा सदस्यहरु,कर्मचारी, स्थानीय अगुवा व्यक्ति, स्थानीय व्यवसायी, महिला समुहका प्रतिनिधि, सहकारी प्रतिनिधि, युवा क्लबका प्रतिनिध, शिक्षक लगाएत सरोकारवाला हरुको उपस्थिति रहेको थियो । बैठकमा सहभागी हरुलाई आवधिक योजनाको महत्व र उद्देश्यका बारेमा अभिमुखीकरण समेत गरियो ।

तालिका 1वडा स्तरीय भेला/छलफल समय तालिका

मिति	समय		स्थान
२०७९– ०२ – २५	१ बजे		वडा १, वडा कार्यालय
२०७९– ०२ – २६	१ बजे		वडा २, वडा कार्यालय
२०७९– ०२ – २८	बिहान ७ बजे		वडा ३, वडा कार्यालय
२०७९– ०२ – २७	बिहान ७ बजे		वडा ४, वडा कार्यालय
२०७९– ०२ – २८	बिहान ७ बजे		वडा ५, वडा कार्यालय
२०७९– ०२ – २९	बिहान ७ बजे		वडा ६, दुग्ध संकलन केन्द्र
२०७९– ०२ – २७	बिहान ७ बजे		वडा ७, वडा कार्यालय
२०७९– ०२ – २९	बिहान ७ बजे		वडा ८, कालिका मन्दिरको सभाहल
२०७९– ०२ – २७	१ बजे		वडा ९, वडा कार्यालय
२०७९– ०२ – २८	१ बजे		वडा ११, वडा कार्यालय
२०७९– ०२ – २९	१ बजे		वडा १०, वडा कार्यालय

लगत तयारी

स्थलगत अध्ययन तथा विभिन्न स्रोतबाट संकलन गरिएका तथ्याङ्कको विस्तृत लगत तयार गरिनेछ । जसमा नगरपालिकाको जनासंखिक, भौतिक, सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत, धार्मिक तथा संस्कृतिक, पर्यटन लगायत विभिन्न विषयको विवरणको लगत राखी नक्शा समेत तयार परियो ।

नगरपालिकास्तरीय कार्यशाला गोष्ठी

आवधिक योजना तर्जुमाका नगरपालिकाको दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति तय गर्न तथा बिषयगत योजनाको तर्जुमा गर्न कार्यशाला गोष्ठीको आयोजना गरियो । यस क्रममा सबै विषयगत क्षत्रको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौतिका बारेमा छलफल साथै वडा स्तरीय बैठक तथा स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क एवं सुचनाको प्रमाणीकरण समेत गरियो । कार्यशालामा नगरकार्यनगरपालिका, विषयगत समिति, वडा प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु, कर्मचारीहरु, विकास साझेदार संस्थाका प्रतिनिधि स्थानीय अगुवा, उद्यमी, विभिन्न समूह, नमुना कृषक तथा अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कायर्शाला गोष्ठी नगरपालिकाको सभा हलमा सम्पन्न गरियो ।

परिच्छेद २. कालिका नगरपालिकाको वस्तुगत विवरण

२.१. नगरपालिकाको परिचय

२.१.१. क्षेत्रीय अवस्थिति

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको बागमती प्रदेश स्थित चितवनको पूर्वि उत्तर भागमा अवस्थित यस नगरपालिका साविकका चार गा.बि.स.हरु शक्तिखोर, सिद्धि, पदमपुर र जुटपानी मिलाइ २०७४ जेष्ठ ७ गते क्षेत्र विस्तार गरी कालिका नगरपालिका बनाइएको हो । यस नगरपालिकालाई ११ वटा वडाहरुमा विभाजन गरिएकोछ । २०६८ सालको जनगणना अनुसार साविक चारवटा गा.वि.स.को जनसंख्यालाई जोड्दा कूल ४२,२९३ रहेकोमा मध्ये महिला २२,२७५ र पुरुष २०,२१८ रहेको छ । २०६८ सालको जनगणना अनुसार कुल घरधुरी संख्या ९,११८ रहेको यस नगरपालिकाको हालको क्षेत्रफल १४९.०८ वर्ग कि.मि.रहेको छ , जसको कार्यालय रेडक्रसग्राममा रहने भए तापनि हाल अस्थायी रुपमा का.न.पा.६ कमलचोकमा अवस्थित छ। हाल २०७६ असार महिना सम्म गरिएको घरधुरी सर्भेक्षणले यस नगरपालिकाको कुल जनसंख्या ५४,०९२ (महिला २६५८० र पुरुष २७५१२) रहेको देखाउदछ भने घरधुरी संख्या ११,१२० रहेको देखिन आउदछ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार प्रारम्भिक कुल जनसंख्या ५२,७९९ (महिला २७,०३९ र पुरुष २५,७४०) रहेको देखाउदछ भने घरधुरी संख्या ११,६२३ रहेको देखिन आउदछ । भौगोलिक हिसाबले समथरिलो तथा केही भुभाग पहाडी क्षेत्र रहेको यस नगरपालिका सडक यातायातको पहुँचबाट नजिक रहेको छ भने तल्लो भूभाग (समथर) को हरेक टोल टोलमा बाह्रै महिना चल्न सक्ने सडक पुगेको छ भने कालोपत्रे भएका सडक पनि झण्डै ४० प्रतिशतको हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ । खाद्यान्न वालीको उत्पादनमा खास गरी धान, मकै, र गहुँ तथा तेलहनमा तोरी र दलहनमा मसुरो उत्पादनको लागि उर्वर मानिने यो नगरपालिका हालका दिनहरुमा यहाँका किसानहरु केरा खेती, तरकारी खेती तथा पशुपालन तर्फ पनि आकर्षित भएको देखिन्छ । पशुपालन ब्यबसायका दृष्टिले गाइपालन व्यवसायीक रुपमा नै अघि बढेको छ भने अन्य पशुपालनको पनि त्यत्तिकै सम्भावना रहेको देखिन्छ । त्यस्तै गरी नगदेवाली तर्फ मौसम अनुसार तराइ क्षेत्रमा हुने सबै प्रकारका तरकारी खेति हुने हुँदा त्यसको व्यवसायीक उत्पादन हुने गरेको छ । राजनैतिक हिसाबले जिल्लाका निर्वाचन क्षेत्र मध्ये यस नगरपालिकाका सबै वडाहरु निर्वाचन क्षेत्र नं. २ अन्तरगत पर्दछन ।



नक्शा 1: कालिका नगरपालिकाको अवस्थिति नक्शा

२.१.२. राजनीतिक तथा प्रशासनिक संरचना

तालिका 2: नगरपालिकाको पुनर्संरचना

हालको वडा	साविक गा.वि.स./न.पा.	साविक वडा
१	कालिका न.पा.	८
२	कालिका न.पा.	९
३	कालिका न.पा.	११
४	कालिका न.पा.	१०
५	कालिका न.पा.	१२
6	कालिका न.पा.	६, ७
7	कालिका न.पा.	५
8	कालिका न.पा.	३,४
9	कालिका न.पा.	१, २
10	सिद्धी गाविस	२, ७–९
11	सिद्धी गाविस	१, ३–६

स्रोत :संख्या तथा सिमाना निर्धारण आयोग, २०७३

२.१.३. भौगोलिक अवस्थिति

कालिका नगरपालिका (आक्षाशं - २७.१ डिग्री देखी २७.१५ डिग्री उत्तर) र (देशान्तर - ८३.१ डिग्री ८३.४१ डिग्री पूर्व) भौगोलिक स्थितिमा अवस्थि छ । चितवन जिल्लाको पूर्वी उत्तरी भागमा पर्ने कालिका नगरपालिका भौगोलिक हिसावले पहाड र तराइ दुवै भूभागलाई समेटेको नगरपालिकाको रुपमा रहेको छ । स्थानीय तह पुर्नसंरचना गर्ने क्रममा २०७३ सालमा गठन भएपश्चात यस नगरपालिकाले विकासमा नया र प्रभावकारी फडको मारेको आवास हुँदै आएको छ । साविकका शक्तिखोर, सिद्धि, पदमपुर र जुटपानी गा.वि.स.को सम्पूर्ण भूभागलाई समेटेको यस नगरपालिकालाई ११ वटा वडामा विभाजन गरिएको छ । पहाडी भूभाग वडा नं. १० र ११ मा आदीबासी चेपाङ समुदायको बसोवास रहेको यस नगरपालिकाको अन्य समथरिलो भुभागमा हालका दिनहरुमा शहरीकरण तर्फ उन्मुख हुन थालेको आभास देखिन्छ । भौगोलिक सीमाना पूर्व- खैरहेनी नपा, पश्चिम -भरतपुर महानगरपालिकाको वडा न ११ मा रहेको जनजागृति सामुदायिक वन क्षेत्र, उत्तर- इच्छाकामना गाऊनगरपालिका एवंम धादिंगको बेनिघाट रोराङ गाउँनगरपालिका, दक्षिण - रत्ननगर नगरपालिका रहेको छ।

२.१.४. जलवायु

समुद्र सतहबाट न्यूनतम २०० मि. देखि अधिकतम १९४० मिटर सम्मको उचाईमा रहेको यो नगरपालिका हावापानी, जनसंख्या, भूगोल तथा जलवायुको हिसाबले विविधता रहेको छ । यहाँको माथिल्लो भेगमा जाडोमा अलि बढी जाडो हुन्छ भने तल्लो भेगमा गर्मीमा निकै गर्मि हुन्छ । नगरपालिकाको तल्लो भेगमा उष्ण हावापानी पाईन्छ भने माथिल्लो भेगमा समशितोष्ण हावापानी पाईन्छ । वर्षा याममा तल्लो भेगमा बढी पानी पर्ने र माथिल्लो भेगमा कम पानी पर्दछ ।

२.१.५. प्राकृतिक सम्पदा

२.१.५.१ वनजंगल

यस नगरपालिकाको भू–उपयोगको अवस्था विश्लेषण गर्दा आवादी वा खेति गरिएको जमिन २३.२ प्रतिशत, जंगलले ओगटेको भुभाग ७१.१ प्रतिशत, घाँसे मैदान ०.२ प्रतिशत, झाडी तथा बुट्यान २.४ प्रतिशत, वलौटे भूभाग १.९ प्रतिशत बाँझो जमिन रहेको ०.९ प्रतिशतर र पानीको भूभाग ०.३ प्रतिशत देखिन्छ ।
यहाँ पाइने मुख्य वनस्पतिहरुमा सिसौ, पड्के, साल, खयर, सिमल, करम, चिलाउने, च्युरी, आँप, चाँप, बाँस आदी मुख्य हुन भने जबिुटी र अन्य वनस्पतिमा सिस्नु, उन्यु, पिसलो, मेलर, मेल्दर, सरना, चौप, हर्रोबर्रो, गाईखुरे, सेतोबरा, गुर्जो, लालिगुँसराँस हुन । यसै गरी यस नगरपालिकाका जंगलहरुमा बाघ, गैंडा, चितुवा लगायतका ठूला जनवार तथा बाँदर, खरायो, दुम्सी, स्याल, गोहोरो, घोरल, सालक, मृत, चित्तल जातका जनवारहरु पाइन्छन् । यसै गरी कोइली, कालिज, ढुकुर, न्याउली, लुईचे, बट्टाई, काग, भंगेरा, म्याकुर, गौंथली जस्ता चराचुरुङ्गीहरु पनि यस नगरक्षेत्रका जंगलहरुमा पाइन्छन् ।

तालिका 3: कालिका नगरपालिकामा रहेका सामुदायिक वनको विवरण

वार्ड नं.	बनको नाम	क्षेत्रफल	उपभोक्ता समितिको नाम	उपभोग गर्ने वस्ति	लाभान्वित घरधुरी
१	चतुर्मुखी सामुदायिक बन उपभोक्ता समिति	१९६.६५	चतुर्मुखी सामुदायिक बन उपभोक्ता समिति	गडुवा बस्ति	४००
२	थाङ खोला सामुदायिक बन	१९९ हेक्टर		कालिका १,२,३,६,४	१९६५
२	थाङ खोला सामुदायिक बन	१९९ हेक्टर		कालिका १,२,३,६,४	वार्ड ३ को वार्डहरु मात्रको
४	पदमपुर सामुदायिक बन उपभोक्ता समिति		पदमपुर सामुदायिक बन उपभोक्ता समिति	कालिका -४,१ र रत्ननगर	
५	भिमवाली सामुदायिक बन	१९९ हेक्टर	भिमवाली सामुदायिक बन उपभोक्ता समिति	साविक पदमपुर ५ र ६	७६५
६	उदयपुर सामुदायिक बन	१९९ हेक्टर	उदयपुर सामुदायिक बन उपभोक्ता समिति		
७	उदयपुर सामुदायिक बन उपभ्कता समिति	१९९ हेक्टर	२३ जना	रत्ननगर नगरपालिका १४, १५, कालिका ७, ८, ६	५५००
८	श्री अमलाचुली सामुदायिक बन उपभ्कता समिति	२१५	श्री अमलाचुली सामुदायिक बन उपभ्कता समिति	गैरी वारी	२८४
९	जन प्रगति	१५०.२५	जन प्रगति सा ब ,सो स्किखोर -१ र ५	सेबंगेटोल , भण्डारी टोल	३२५
१०	देउजा सामुदाहिक बन			देउजर	६०
११	इन्द्रेणी सामुदायिक	४५०.२२	इन्द्रेणी सामुदायिक	मज्वाङ, खोला गाउँ,क्ङजेकर	३६१
११	चित्रम कमान्चुली	३३०.	चित्रम कमान्चुली	चेकरा,नौलापुर	९०

स्रोत : **नगर कार्यनगरपालिकाको कार्यालय**

२.१.५.२ जलस्रोत

कालिका नगरपालिकामा प्रसस्त पानीका स्रोतहरु रहेका छन् । विभिन्न खोला, खोल्सी, खहरे, मूल, डिपबोरिङ पानीका मुख्य स्रोत हुन । थाङ्ग खोला, कलि खोला, कयर खोला, चुहार खोला, शान्ति खोला, शक्ति खोला यहाँका मुख्य खोलाहरु हुन । यस देखि बाहेक वर्षायाममा आउने खहरे खोलाहरुबाट पनि सिंचाई सुविधा उपलब्ध हुन्छ । यस देखि बाहेक यहाँ खानेपानीका मुहान तथा कुवाहरु पनि पर्याप्त मात्रामा छन् । सिंचाई, खानेपानी तथा वस्तुभाऊलाई पानी खुवाउनका लागि यिनै स्रोतहरुमा निर्भर रहेका छन् ।

तालिका 4 नगरपालिका क्षेत्रमा भएका पानीका श्रोतहरु

वार्ड नं.	पानीको स्रोत भएको स्थान	स्रोतको प्रकार	हालको प्रयोग	ब्यवस्थापन	समस्याहरु	समधानहरु
१	छैन				पानीको श्रोत नभयको	पानीको श्रोत नभयकोले डिप बोरिंगको व्यवस्था गरि आबस्यक मात्रामा उपलब्ध गराउन पर्ने
२	भूमिगत	भूमिगत			समिति	
३	कलि खोला, थाङ खोला , भाके गहिरो ढाप	मूल,खोला,कुवा,खोल्सो	सिंचाई उपभोक्ता समिति बाट		मुहान सम्रक्षणमा कुलो लाइनिंग, थाङखोलामा साइफन संरक्षण र पानि मुहान सम्म जानी सडक नभयको	पोखरी निर्माण गरेर सिचाई कुलोको मुहानमा पोखरी निर्माण गरि कुलो ,साइफन संरक्षणको लागि टतबन्धनको साथै ढुंगा जाली लगाउनु पर्ने र सडक निर्माण
४	भूमिगत मात्र	इनार डिप बोरिंग	भूमिगत	समिति मार्फत खानेपानी, व्यक्तिगत धारा तथा इनारबाट	पिउनेपानि भूमिगत पडेपवर आउदा, पानीमा ल्याऊ आउने, दमिलो आउने, पानि पोत महँगो भयको जन गुनासो सिंचाईको बोरिंङ बिग्रिने समस्या	पानि शुद्धिकरण गरेर पठाउन पर्ने, शुल्क घटाउन पर्ने
५	धामीले खोला मुहान	खोल्सा नसुक्ने	प्रयोग नभयको		धमिलो खोला मुहानको पानि अब्यबस्थित रहेको र थांग थांग खोला टतबन्धनमा ध्यान दिन पर्ने	धमिलो खोलाको पानि जनावरको लागि पानि पोखरी निर्माण गरिनु पर्ने

वार्ड नं.	पानीको स्रोत भएको स्थान	स्रोतको प्रकार	हालको प्रयोग	ब्यवस्थापन	समस्याहरु	समधानहरु
६	सिमलघरी,सुर्यपुर,प्रगतिटोल	बोरिंग	खानेपानी	उपभोक्ता समिति	बोरिंग संचालनमा जस्तै , मर्मत सम्भार बिधुत महसुल ,खोला कुलोहरुमा मर्मत सम्भार बर्षेनी गर्न पर्ने , खोलामा पानि सुक्दै जाने , खोला गहिरिदै जानु आदि	सिंचाई र खानेपानीको लागि बिधुत महसुल छुट हुन पर्ने ,कुलो निर्माण तथा मर्मतको लागि बजेटको ब्यबस्थापन हुन पर्ने , बोरिन्को ब्यबस्थापन आबस्यकता अनुसार हुन पर्ने
७	पदम पोखरी र कमुकिरण ढाप	पोखरी मूल	छैन	छैन	आयश्रोत नभएको कारण	प्राप्तमात्रामा रकम उपलब्ध भए पोखरी, ताल, सरक्षाण गर्न सक्ने
८	चुवर खोला, बुङ खोला	खोला	खानेपानी तथा सिंचाई	कुलो, पोकारी खानेपानी मर्मत	बाढी पहिरो, आर्थिक समस्या	
९	जौ गैहा , बन सुपारी	मूल खोला	बन सुपारी गैहा र बास घारी	Intake बानाइ	बाडी पैरो ,जता भाबी खोला नाला उत्खलनको कारण	बुक्ष् रोप कास बास तारजाली आदि
१०	देउजर	खोला ,खोल्सा ,कुवा आदि	सिचाईको लागि		सुद्ध पिउने पानि नभएको , सिचाईको अबस्ता राम्रो नभएको	समस्यासका आधारमा समाधान हुनुपर्ने
११	चित्राम सा. व.	मूल	न. पा. ले पर्यटकिय वन बनाउने	वन. उ. स.	चित्रम सा. व. मा भएको स्रोतको राम्ररी अनुसन्धान नभएको	नगरस्थारिय रुपमा विकास गर्न सकिने

(वडा भेला/छलफल र स्थलगत सर्वेक्षण)

२.१.५.३ खानी तथा खनिज

यस नगरपालिकामा कुनै पनि खानी तथा खनिज पदार्थ सम्बन्धी अध्ययन भएको पाईंदैन । यस नगरपालिकाका प्रायसः सबै खोला खोल्सा पहाडबाट बगेर पाउने हुँदा यसले बगाएर ल्याउने ढुँगा माटो तथा ती खोला खोल्सामा उत्पादन हुने बालुवा गिट्टी यहाँका प्रमुख खानिजन्य स्रोतहरु हुन भन्न सकिन्छ । यस देखि बाहेक यस क्षेत्रमा केही ढुङ्गा खानीहरु पनि रहेका छन् । यस नगरापलिकाक्षेत्रमा क्रसर उद्योगहरु मार्फत यी सामग्रीहरु प्रशोधन गरी विक्री गर्ने गरिएको छ । जसबाट नगरपलिकाले आन्तरिक आय प्राप्त गर्दै आएको छ ।

२.१.६. जनसंख्याको स्थिति

२.१.६.१ जनसंख्याको वितरण

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याँक अनुसार यस नगरपालिकाको कूल जनसंख्या ५२,७७९ रहेको छ, जसमा महिलाको संख्या २७०३९ (५१%) रहेको छ भने पुरुषको संख्या २५७४० रहेको छ भने जम्मा घरधुरी संख्या ११६२३ र परिवार संख्या १२४६६ रहेको छ ।

यसैगरी घरधूरी सर्वेक्षण २०७६ अनुसार कालिका नगरपालिकामा जम्मा घरधुरी ११,१२० तथा जनसंख्या ५४,०९२ रहेको छ । सबैभन्दा बढी घरधुरी तथा जनसंख्या वडा नं. ६ मा रहेको छ भने सबभन्दा कम घरधुरी र जनसंख्या वडा नं. ११ मा रहेको छ । यस नगरपालिकाको औसत प्रति घरपरिवार जनसंख्या ४.९ रहेको छ । घरधुरी तथा जनसंख्या सम्बन्धि विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 5 घरधुरी तथा जनसंख्या विवरण

घरधूरी विवरण	वडा नं.											जम्मा
	1	2	3	4	5	6	7	8	9	10	11	
जम्मा घरधूरी संख्या	826	1093	1446	815	1032	1577	1208	1423	872	501	327	11120
जम्मा जनसंख्या	3942	5476	6664	3670	4963	7568	5727	6871	4591	2535	2085	54092
औसत परिवार संख्या	4.8	5.0	4.6	4.5	4.8	4.8	4.7	4.8	5.3	5.1	6.4	4.9

श्रोतः घरधुरी सर्वेक्षण २०७७, कालिका नगरपालिका

२.१.६.२ जनघनत्व

घरधुरी सर्भेक्षण २०७६ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ५४,०९२ (महिला २६५८० र पुरुष २७५१२) र घरधुरी संख्या ११,१२० रहेको छ । यस नगरपालिकामा महिलाको जनसंख्या भन्दा पुरुषको जनसंख्या ९३२ जनाले बढि रहेका छ । लैङ्गिक अनुपात १०३.५ रहेको छ भने औसत परिवार संख्या ४.९ रहेको छ जनघनत्व ३६२.८४ प्रतिवर्ग कि.मी. रहेको छ । जनसंख्याको उमेर समूह अनुसार तथ्याङ्क बिश्लेषण गर्दा ५ वर्ष भन्दा कम उमेर समूहमा ७.३ प्रतिशत, ७० वर्ष भन्दा माथि उमेर समूहमा ४.१ प्रतिशत र सबै भन्दा धेरै जनसंख्या रहेको १५–२९ वर्ष भित्रमा रहेका उमेर समूहहरु झण्डै ८६.५ प्रतिशतछन्। सबै भन्दा कम जनसंख्या रहेको उमेर समूह ६५– ६९ मा २.३ प्रतिशत रहेकोछ ।

२.१.६.३ जातजातिको संरचना

घरधूरी सर्वेक्षण २०७६ अनुसार, जातिगत आधारमा जनसंख्याको वर्गिकरणलाई हेर्दा यस नगरपालिकामा सबभन्दा बढी ५७५८ घरधुरी अर्थात ५१.७ % पहाडी जनजाति रहेको देखिन्छ । त्यस्तै दोश्रोमा ३२६७ अर्थात २९.४ % रहेको देखिन्छ । त्यसैगरि तेस्रोमा थारु÷मधेसी जनजाति रहेका छन जसमा १४४२ घरधुरी अर्थात १३.० % रहेको देखिन्छ । यस नगरपालिकामा पहाडी दलित समुदायका घरधुरी ६४० अर्थात ५.८ %, तराईका अन्य जातिहरु (यादब, साह, तेलि, ठाकुर) ८ घरधुरी ०.१ %, र मुस्लिम ५ घरधुरी रहेको छ । तालिकामा वडा अनुसार जातिगत आधारमा घरधुरी विभाजन प्रस्तुत गरिएको छ ।

तालिका 6 कालिका नगरपालिकाका वडागत जातजातिको विविरण

जातीयता	वडा नं.											जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९	१०	११		
पहाडी ब्राह्मण तथा	१२९	४१४	२४९	१९५	३३४	१०५४	३९२	३४४	१५५	१	०	३२६७	२९.४

क्षेत्री/सन्यासी, ठकुरी													
पहाडी जनजाति	६५५	३३२	९३०	१६०	१३९	४५५	६३५	९९२	६४८	४८५	३२७	५७५८	५१.७०
थारु/मधेशी आदिवासी	०	३१५	१६५	४३३	४८६	२	४१	०	०	०	०	१४४२	१३.०
पहाडी दलित	४१	२८	१०२	२५	७१	६६	१३९	८४	६९	१५	०	६४०	५.८०
तराईका अन्य जनजातिहरु (यादव, साह, तेलि, ठाकुर	१	३	०	१	२	०	०	१	०	०	०	८	०.१०
मुस्लिम	०	१	०	१	०	०	१	२	०	०	०	५	०
जम्मा घरधूरी	**८२६**	**१०९३**	**१४४६**	**८१५**	**१०३२**	**१५७७**	**१२०८**	**१४२३**	**८७२**	**५०१**	**३२७**	**१११२०**	**१००**

श्रोतः घरधुरी सर्वेक्षण २०७६, कालिका नगरपालिका



चित्र 1: कालिका नगरपालिकाको जातजातिको विवरण

२.१.६.४ जनसंख्याको वृद्धिदर

कालिका नगरपालिकाको जनसंख्या वि.सं. २०६८ (के.त.वि.) मा ४२,२९३ बाट २०७६ (घरधुरी सर्वेक्षण) सालमा ५४,०९२ पुगेको देखिन्छ । वि.सं. २०६८ देखि २०७८ सालको बिचमा नगरपालिकाको जनसंख्या वृद्धिदर ०.०३५ रहेको छ । यद्यपी, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार नगरपालिकाको कुल जनसंख्या ५२,७९९ रहेको, जुन २०६८ सालको जनसंख्यालाई आधार मान्दा ०.०२५ मात्र बृद्धिदर देखिन्छ । नगरपालिकामा

भईरहेका भौतिक तथा सामाजिक विकास सँगसँगै नगरपालिकाबाट बाहिर जानेको संख्यामा कमि आई आगामी दिनमा जनसंख्या बढ्दै जाने अनुमान समेत गर्न सकिन्छ ।

२.१.६.५ उमेर अनुसार जनसंख्याको बनावट

घरधूरी सर्वेक्षण २०७६ अनुसार, यस नगरपालिकाको समग्र जनसंख्याको उमेर समूह अनुसार तथ्याङ्क बिश्लेषण गर्दा ५ वर्ष भन्दा कम उमेर समूहमा ७.३%, ७० वर्ष भन्दा माथि उमेर समूहमा ४.१% र सबै भन्दा धेरै जनसंख्या रहेको १५–२९ वर्ष भित्रमा रहेका उमेर समूहहरु झण्डै हाराहारीमा देखिन्छन्। सबै भन्दा कम जनसंख्या रहेको उमेर समूह ६५– ६९ मा २.३% रहेको देखिन्छ । जस अनुसार ५ भन्दा कम उमेरका ३९३२, देखि ९ वर्षसम्मका ४५१८, १० देखि १४ वर्षसम्मका ४८६४, १५ देखि १९ वर्ष सम्मका ५४९९, १९ देखि २४ वर्षसम्मका ५७९९, २५ देखि २९ वर्षसम्मका ५७३९, ३० देखि ३४ वर्षसम्मका ४४९३, ३५ देखि ३९ वर्षसम्मका ४२६०, ४० देखि ४४ वर्षसम्मका ३२३८, ४५ देखि ४९ वर्षसम्मका २८५२, ५० देखि ५४ वर्षसम्मका २२७५, ५५ देखि ५९ वर्षसम्मका १७१६ जना, ६० देखि ६४ वर्षसम्मका १४५९, ६५ देखि ६९ वर्षसम्मका १२२९ र ७० वर्षभन्दा माथिका २२१९ जना रहेका छन् ।

२.१.६.६ भाषा

यस नगरपालिकामा नेपाली भाषा बोल्ने जनसंख्या ७३६२ अर्थात ६६.४ % रहेको छ । तेसैगरि तामाङ भाषा बोल्ने १२११ अर्थात १०.९% रहेको छ । त्यस्तै थारु भाषा बोल्ने १२१४ (१०.९%), चोपाङ भाषा बोल्ने ८६५ (७.८%), नेवारी भाषा बोल्ने १५० (१.४%), गुरुङ भाषा बोल्ने १२५ (१.१%), मगर भाषा बोल्ने १३१ (१.२%), कुमाल, राई र भोजपुरी भाषा बोल्ने न्युन देखिन्छ । जनसख्या सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका 7 मातृभाषाको रुपमा बोलिने भाषा अनुसारको जनसंख्या विवरण

घरमा बोलिने मुख्य भाषा	वडा नं.											जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९	१०	११		
नेपाली	२२६	७००	५६८	५३५	६९१	१५६५	१०२७	१२६६	८५७	१२०	२७	७३६२	६६.४०
तामाङ	४२२	८९	४८२	४६	७	१०	९३	४६	०	१५	१	१२११	१०.९०
थारु	०	२९४	१५५	४२५	३२५	०	१५	०	०	०	०	१२१४	१०.९०
चेपाङ	१	०	१२४	०	०	०	३	७६	१५	३४७	२९९	८६५	७.०
नेवारी	१०५	०	१७	६	३	०	१७	१	०	१	०	१५०	१.४०
गुरुङ	३१	८	४०	१२	६	०	१७	३	०	८	०	१२५	१.१०
मगर	१८	०	४६	११	०	२	१३	३१	०	१०	०	१३१	१.२०
कुमाल	६	०	१	०	०	०	२३	०	०	०	०	३०	०.३०
सई	१६	०	१३	०	०	०	०	०	०	०	०	२९	०.३०
भोजपुरी	१	२	०	०	०	०	०	०	०	०	०	३	०
जम्मा	**८२६**	**१०९३**	**१४४६**	**८१५**	**१०३२**	**१५७७**	**१२०८**	**१४२३**	**८७२**	**५०२**	**३२७**	**१११२०**	**१००**

श्रोतः घरधुरी सर्वेक्षण २०७६, कालिका नगरपालिका



२.१.६.७ अपाङ्गता

कालिका नगरपालिकाको घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्याङ्कलाई आधार मानेर अपाङ्गताको अवस्थालाई बिश्लेषण गर्दा ३७० जना शारिरिक अपाङ्गता भएको जनसंख्या देखिन्छ जुन जनसंख्याको ०.७% हुन आउछ । त्यसैगरी दृष्टिबिहिनहरु ८१ (०.२%), बहिरा १३१, मनोसामाजिक अपाङ्ग ८९, स्वर बोलाई सम्बन्धि ७५ जना देखिन्छ ।

यसैगरी शारिरिक अपाङ्ग ३७० जना मध्ये महिला १३८ (३७.३%) र पुरुष अपाङ्ग २३२ (६२.७%) देखिन्छ । तेसैगरी दृष्टिबिहिन (आँखा नदेख्ने) महिला ३७ (४५.७%) र पुरुष ४४ (५४.३%), बोल्न र सुन्न नसक्ने (बहिरा) महिला ७३ (५५.७%) र पुरुष ५८ (४४.३%), स्वर बोलाई सम्बन्धी अपाङ्गता (भक्भकें) महिला ३७ (४९.३%) र पुरुष ३८ (५०.७%), मनोसामाजिक अपाङ्गता महिला ३७ (४१.६%) र पुरुष ५२ (५८.४%) देखिन्छ ।

२.१.६.८ साक्षरता

यस नगरपालिकाको कूल साक्षरता दर ६८.८९ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता ६२.१९ प्रतशत र पुरुष साक्षरता ७६.३४ रहेको छ । यसैगरी एस ई ई भन्दा कम शिक्षा हासिल गरेका जनसंख्याको प्रतिशित ७६.६३ रहेको छ भने एस ई ई (एस. एल. सी.) उत्तीर्ण गर्ने ८.६० प्रतिशत रहेका छन । बाह्र कक्षा उत्तीर्ण गर्नेको संख्या ७.६६ रहेको छ भने सो भन्दा माथिल्लो शिक्षा हासिल गर्ने कूल जनसंख्याको ३.५९ प्रतिशत रहेका छन् ।

स्रोत ः बागमती प्रदेश सरकार, पाश्र्वचित्र

२.१.७. बसाईसराई

कालिका नगरपालकाकमा हुने बसाईं सराईको तथ्याङ्क हेर्ने हो भने नगरपालिकाबाट अन्य स्थानमा बसाईं सरी जाने भन्दा अन्य स्थानबाट बसाईं सरी आउने संख्या अधिक छ । राष्ट्रिय राजमार्गबाट नजिक, तिब्र शहरीकरणतर्फ उन्मुख तथा कृषियोग्य भूमिको उपलब्धता एवं उत्पादन अधिक हुने भएकाले, जिल्ला सरदमुकाम भरतपुरबाट नजिक भएकाले पनि यो स्थान मानिसहरुको रोजाइमा परेको छ । यहाँ लमजुङ, गोरखा, तनहुँ, धादिङ जिल्लाट बढी मात्रामा बसाईं सरी आउने गरेका छन् भने अन्य पहाडी तथा तराई जिल्लाबाट समेत मानिसहरु बसाई सरी आउने गरेका छन् ।

घरधूरी सर्वेक्षण २०७६ अनुसार यस नगरपालिकामा १० वर्ष भित्रमा अन्यत्रबाट बसाई सरेर आएका ८.९ % जनसंख्या देखिन्छन् भने ९१.९% बर्षौं देखि बसोबास गरि आएका छन् । वसाई सरेर आएका मध्य सबै भन्दा बढि वडा नम्बर ३ मा देखिन्छ जहाँ २९७ घरधुरी आएका छन् । यसैगरी बसाईं सरी जाने जनसंख्या न्यून रहेको जानकारी स्थलगत अध्ययन र छलफलबाट जानकारी भयो ।

तालिका ४ विगत १० वर्षभित्र बसाईं सरी आएका जनसंख्याको वडागत विवरण

बसाईं सराई विवरण	वडा नं.											जम्मा	प्रतिशत
	१	२	३	४	५	६	७	८	९	१०	११		
अन्यत्रबाट बसाईं सरी आएका	४९	८०	२९७	९९	७९	१५१	८१	११२	१३	१७	१२	९९०	८.९०

श्रोतः घरधुरी सर्वेक्षण २०७६, कालिका नगरपालिका

२.२. आर्थिक विकासको अवस्था

यस नगरपालिकाका बासिन्दाहरुको मुख्य पेश कृषि तथा पशुपालन रहेको पाइन्छ । उर्वर जमिन र सिंचाईको पनि सुविधा भएकाले अधिकांश व्यक्तिहरु कृषि पेशामा आवद्ध छन् । जसमा धाम, गहुँ, मकै तथा तोरी विशेष रुपमा उत्पादन हुँदै आएको छ भने केरा खेती अर्को मुख्य नगदे बालीको रुपमा रहेको छ । यस देखि बाहेक कुखुरा पालन व्यवसाय यस क्षेत्रको अर्को प्रमुख पेशा हो । राजधानी नजिकै रहेको तथा चितवन जिल्लामै पनि खपत हुने र कुखुरा पालनका लागि सुहाउँदो हावापानी एवं दानाको सहज उपलब्धता भएकाले कुखुरा पालन व्यवसाय यहाँ फष्टाएको देखिन्छ । यस देखि बाहेक यहाँका केही युवाहरु बैदेशिक रोजगारमा पनि गएका छन् । केही व्यक्तिहरु दैनिक ज्याला मजदुरीमा निर्भर छन भने केही व्यक्तिहरु राजमार्ग आसपास व्यापार व्यवसाय गरेर आफ्नो जिविका चलाउँदै आएका छने भने केही व्यक्तिहरु सरकारी तथा अन्य निकायमा नोकरी गरी जीवन यापन गरिरहेका छन् ।

२.२.१. कृषि तथा खाद्य सुरक्षा

नेपालको संबिधान २०७२ को धारा ३६ मा खाद्य सुरक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ, भने खाद्य सम्बन्धी मौलिक हक अन्तर्गत खाद्य सुरक्षाका तीनैवटा पक्ष खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभुतालाई समेटिएको छ । यस अधिकारको कार्यन्वयनको लागि "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ समेत जारी भईसकेको अवस्था छ । नेपालको भोकमरी र गरिबीको अवस्था अन्य दक्षिण एसियाली देशहरुको तुलनामा कमजोर छ । नेपालमा करिब १८.७% जनसंख्या निरपेक्ष गरिबीको रेखा मुनि रहेका छन्, भने बहुआयामिक गरिबी २८.६% रहेको छ । बागमती प्रदेशमा निरपेक्ष गरिबीको रेखा मुनि रहेको जनसंख्या १२.२४% मात्र छ । नेपालका अन्य छ प्रदेशहरुको तुलनामा कुल जनसंख्यामा गरिबीको अनुपातको हिसाबले बागमती प्रदेशको अवस्था राम्रो देखिन्छ ।

सन् २०१५ सेप्टेम्बर २५ मा संयुक्त राष्ट्र संघ महासभाले २०३० सम्मको दिगो विकास लक्ष्य अनुमोदन गरेको छ । जस अनुसार सन् २०३० सम्ममा विश्वव्यापी रुपमा भोकमरी र गरिबी लाई अन्त्य गर्ने घोषणा गरेको छ । (स्रोत : खाद्य तथा पोषण सुरक्षा योजना २०७७/०७८- २०८१/०८२)

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७ % रहेको छ, भने कुल जनसंख्याको ६०.४ % यस क्षेत्रमा आवद्ध छ । संघीय सरकारले वि.सं. २०७७ भित्रमा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने एवम् पाँच वर्ष भित्र कृषि क्षेत्रको उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ ।

बागमती प्रदेशको कुल क्षेत्रफलको ७३ % क्षेत्रफलमा खेति गरिएको छ । यहाँको प्रमुख खाद्यन्न बालीमा मकै, धान, गहुँ, कोदो, फापर, जौ आदि पर्दछन् । नगदे बाली तर्फ तोरी, सर्स्यु, आलु, अलैंची, अदुवा, बेसार, खुर्सानी र विभिन्न जातका दलहन र कफी रहेको छ, भने पशु पन्छी जन्य उत्पादनमा माछा, मासु, अण्डा, दुध, दुग्ध उत्पादन र मह रहेका छन् । समग्र कृषि उत्पादनमा यस प्रदेशको योगदान १६ % रहेको छ ।

बागमती प्रदेशमा धान, मकै, ,गहुँको उत्पादकत्व राष्ट्रिय उत्पादकत्व भन्दा बढी रहेको छ । आ. ब. २०७५/०७६ मा यस प्रदेशको कुल खाद्यान्न उत्पादन १३ लाख ४८ हजार मे.ट. छ । जुन प्रदेशको आवश्यकताको तुलनामा न्यून हो । नेपालमा रहेका पुष्प खेती मध्ये ६५ % खेति यस प्रदेशमा हुने गरेको छ । नेपालमा उत्पादन हुने कुखुरा र हाँसको कुल अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा क्रमश: ५४ % र १४ % रहेको छ ।

यस कालिका नगरपालिको केन्द्र सदरमुकाम भरतपुरबाट २५ कि. मी. पूर्व उत्तरमा अवस्थित रहेको छ । कूल १११२० घरधूरी रहेको यस नगरपालिको भूभाग पहाड र भित्र मधेशमा पर्दछ । यिनै स्थानहरुमा वस्तीहरु छरिएर रहेका छन् । यस नगरपालिकाका दुई तिहाई भन्दा बढी जनसख्या कृषि पेशामा रहेको पाइन्छ ।

घरधूरी सर्वेक्षण २०७६ अनुसार यस नगरपालिकाभित्र आफ्नो जमिन खेतिको लागि प्रयोग भएको ६८.४ % ले बताएका छन्भने कृषि कार्यका लागि अरुको जग्गा प्रयोग गर्ने ११.६% रहेको तथ्याङ्कबाट देख्न सकिन्छ । यसैगरी यस नगरपालिकामा आफ्नो उत्पादनबाट वर्ष भरिनै खान पुग्ने जनसंख्या २६% रहेको तथ्याङ्कले देखाउँछ । तेसैगरि क्रमश ३ महिना खानपुग्ने २७.६%, ४–६ महिना सम्म खानपुग्ने १६.७%, ७–९ महिना सम्म खानपुग्ने९.४%, १०–११ महिना सम्म ६.३% रहेको घरधुरी सर्भेक्षणको तथ्याङ्कबाट देखिन्छ । त्यस्तै जमिन नै नभएको २.१%, खेतीपाति नगर्ने ४.३% देखिन्छ । यस नगरपालिकामा ५ कट्ठा जमिनको स्वामित्व भएका परिवार संख्या ६५.६% रहेको तथ्याङ्कले देखाउँछ, जुन सम्रमा उल्लेख्य रहेको मान्न सकिन्छ । तेसैगरी ६–९ कट्ठा जमिन रहेका घरधुरीहरु १४.८% छ । १०–१४ कट्ठा भएका ९.१%, १५–१९ कट्ठा भएका ४.६ %, १ बिघा र सो भन्दा माथी रहेका ५.८ % रहेको देखिन्छ ।

भूबनोटमा भएको विविधताले यस नगरपालिकामा खाद्यन्न, तरकारी, फलफूलको साथै नगदेबाली सबैको उत्पादन हुने देखिन्छ । यसका अतिरिक्त दुध तथा अण्डा उत्पादनमा पनि यहाँका किसानहरु संलग्न भएको देखिन्छ । नगरपालिकामा उत्पादन हुने खाद्यन्न लगायत तरकारी, फलफूलको साथै नगदेबालीको विवरण तल तालिकामा दर्शाइएको छ ।

नगरपालिकामा हुने मुख्य अन्नबालीमा धान, गहुँ, मकै नै हुन । मुख्य नगदे बालीमा तोरि, अदुवा, लसुन, प्याज, आदि हुन भने, मुख्य दलहन बालीमा मास, मस्यांग, सिमि, बोडी तथा मुख्य तरकारी बालीमा बन्दाकोभी, काउली, मुला, साग, टमाटर र फलफुलमा कागती, आँप, केरा मुख्य हुन । नगरपालिकामा ड्रयागन फ्रुटको पनि व्यवसायिक रुपमा खेति बढ्दै गईरहेको देखिन्छ ।

नगरपालिकामा हुने कृषि उत्पादनको धेरै जसो हिस्सा स्थानीय उपभोग हुने गरेको छ, भने थोरै हिस्सा विक्रिवितरण हुने गरेको देखिन्छ । त्यसैगरी तरकारीमा बन्दा, काउली र टमाटर, फलफूलमा कागती र केराको व्यवसायिक खेति बढिरहेको देखिन्छ । नगरपालिकामा उत्पादन तथा बिक्री हुने कृषि उत्पादनको यकिन तथ्यांक राख्ने व्यवस्था छैन, यद्यपी स्थानीयबासी संग छलफल तथा वडा भेलामा भएको छलफलका आधारमा नगरपालिकामा हुने मुख्य कृषि उत्पादन तथा सो को बिक्री परिमाणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

नगरपालिकाको वडा नं १ देखि ९ सम्म विभिन्न ठाउँमा खाद्यन्न, फलफूल, नगदे बालीको व्यवसायिक हिसाबले खेतीपाती हुँदै आएको देखिन्छ । नगरपालिकाको १० र ११ नं. वडा पहाडी क्षेत्रमा पर्ने र यहाँ पर्याप्त खेतीयोग्य जमीन नभएकाले यहाँ खाद्यान्न तथा अन्य बाली अन्य वडाको तुलनामा कम मात्रामा उत्पादन हुन्छ । उदाहरणको लागि तरकारि प्राय: सबै स्थानमा उब्जाउने गरिन्छ । खाद्यान्न तथा तरकारी उत्पाद सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ः

तालिका 9 कालिका नगरपालिकाको खाद्यान्न तथा तरकारी उत्पानको पकेट क्षेत्र

वार्ड नं.	उत्पादनको नमा	पकेट क्षेत्र	सम्भावित अन्य स्थान	समस्याहरु
१	तरकारी	गडुवा	लंकलाइन , सुर्यपुर	मल,बिउ,औसधिको असहज,बिमा सुबिधाको आसहज
२	केरा खेति	कालिका नगरपालिका २		पानामा भाइरस ,गोबरो, चिट्टी, सुड़े किरा, आदि
२	मेरी पालन	कालिका नगरपालिका २		सुलसुले
२	च्याउ खेति	कालिका नगरपालिका २		ढुसी,मुसुना
३	तरकारी	कालिका ३		तालिम,यन्त्रीकरण,बजारीकरण, मल,बिउको समस्या
३	केरा	कालिका ३		तालिम,यन्त्रीकरण,बजारीकरण, मल,बिउको समस्या
३	अन्नबाली	कालिका ३		तालिम,यन्त्रीकरण,बजारीकरण, मल,बिउको समस्या
४	केरा	कालिका ४ पुरै	कालिका ४ पुरै	सिंचाई, बजार ब्यबस्थापन
४	मकै	कालिका ४ पुरै	कालिका ४ पुरै	सिंचाई, औजार कमि
४	तोरी	कालिका ४ पुरै	कालिका ४ पुरै	सिंचाई, उचित बजार अभाव
४	टमाटर	कालिका ४ पुरै	कालिका ४ पुरै	सिंचाई, उचित बजार अभाव

५	केरा	सबै क्षेत्र		पानामा भाइरस ,सुड़े किरा, गोबरा,मौसम प्रतिकुलता,फङ्गस,ब्याक्टेरिया, प्राबिधिक समस्या,बजार ब्यबस्थापन
६	तरकारी		स्थावित स्थान	मल,बिउ ,बिसादि सिंचाई,बजारीकरण
६	केरा		स्थावित स्थान	उन्नत बिउ,रोग, बज़रिजरण , मल ,बिउ , सिंचाई
६	मौरी		स्थावित स्थान	बजार, आपतिमा बृद्वी,उन्नत जातको अभाव
६	खाद्यन उत्पादन		स्थावित स्थान	मल,बिउ,सिंचाई
८	घ्यु सिमि	छैन	कालिका ८ पुरै	टुक्रे जग्गा विखण्डित खेति प्रणाली
९	मौरी	हो	शकिखोर	बनजंगलको कमी
९	पशुपालन	हो	शकिखोर	घसको अभाब
१०			फाफट का . न.पा १०	सिचाईको व्यवस्था नहुनु
११	मकै	वडाको सम्पूर्ण भू-भाग को ८०%	सबै	जनचेतना को आभाव
११	कोदो	वडाको सम्पूर्ण भू-भाग को ४०%	सबै	हजारी को कम व्यबस्था

कृषकहरुले धेरै जसो अन्न बालि जस्तै धान, मकै, गहुँमा स्थानिय रैथाने जात तथा उन्नत जातको बिउ तथा स्थानीय प्रांगारिक रासायनिक दुवै प्रकारको मलको प्रयोग गर्दछन । त्यसै गरी तरकारी खेतीमा पनि उन्नत जातको बिउ तथा रासायनिक मलको प्रयोग दिनानुदिन बढ्दै गैरहेको छ ।

अन्य स्थानमा जस्तै यस नगरपालिकामा पनि कृषि बालीमा विभिन्न रोगहरु देखिन्छन । कृषि उत्पादनमा देखिएका मुख्य रोगहरुमा गबरा किरा, डढुवा (पात पहेलो हुने),पदेरो, फौजी किरा, फलफूलका बोट मर्ने तथा ओइलाउने, राता कमिला लाग्ने आदि हुन् । नगरपालिकाबाट केहि छिटपुट सहयोग बाहेक कृषि रोग नियन्त्रणका लागि कुनै ठोस प्राबिधिक सहयोग छैन ।

नगरपालिकामा सिचाई सुबिधाको कुरा गर्दा सामान्य देखिन्छ । नगरपालिकाका सबै वडामा सिचाईको सुबिधा भएतापनि व्यवस्थित तथा पर्याप्त छैन । नगरपालिकामा भएका सिचाईका पुर्वाधारहरु पनि अव्यवस्थित तथा जिर्ण अवस्थामा छन् । नगरपालिकाको मुख्य पेशा नै कृषि भएको र कृषिका लागि सिचाई सुबिधा अपरिहार्य भएकोले सिचाईका आवश्यक पूर्वाधार निर्माण तथा यसको व्यवस्थापनमा विशेष ध्यान दिन जरुरी देखिन्छ ।

नगरपालिकाका विभिन्न वडामा कृषक समूह गठन भई संचालनमा छन् । यस्ता समूहहरु कृषि सम्बन्धी ज्ञान आदान प्रदान गर्ने, समुहमा बचत तथा ऋण लगानी गर्ने, व्यवसायिक खेति गर्ने, मल तथा विउमा अनुदान प्राप्त गर्ने जस्ता कार्यहरु गर्दै आइरहेका छन् ।

- कृषि संकलन केन्द्र

कृषि उत्पादनलाई बजारसम्म लान सहजिकरणका लागि नगरपालिकाको विभिन्न स्थानमा कृषि संकलन केन्द्रहरूको स्थापना गरिएको छ । नगरपालिकामा जम्मा ५ वटा कृषि संकलन केन्द्रहरु छन् ।

तालिका 10: कृषि संकलन केन्द्रको विवरण

वडा नं.	नाम	स्थान	कुल क्षमता	हालको प्रयोग	सामान आउने स्थानहर
८	उद्यान दुग्ध उत्पादक सहकरी लि	वार्ड नम्बर ८ कालिका	४००० लि	सबै	वार्ड भरि सबै ३०० कृषक
८	न्युरेनी ताजा तरकारी	वार्ड नम्बर ८ कालिका	५००० क्विन्टल	प्रयोगमा छैन	वार्ड भरि र छिमेकि वार्ड
८	लगनशील सहकारी संस्था, खसी बोका संकलन केन्द्र	वार्ड नम्बर ८ कालिका गरीवरी चोक	१०००० ओटा	५००० ओटा	कालिका वार्ड ८, ९, १०
९	दुध डेरी	कालिका ९	५०० लि	कालिका ९	
१०	बिनादिभन सहकारी	कालिका १०	१५	चालु	गाउ , समुहबाट

(स्थलगत अध्ययन, २०७९)

नगरपालिकामा कृषिको सहायक पेसाको रुपमा अधिकांशले पशुपालन गर्ने गरेका छन् । नगरपालिकामा हुने मुख्य पशुपालनमा गाई, भैसी, बाख्रा, खुखुरा, हाँस, सुँगुर हुन् । स्थानीयले मल, दुध तथा मासुका लागि परम्परागत रुपमा पशु पालन गर्दै आइरहेका छन् । हाल केहि युवा कृषकले कुखुरा, बाख्रा, भैसी तथा गाई व्यवसायिक रुपमा पाल्न सुरु गरेको पाईन्छ । राजधानी काठमाडौँ र जिल्ला सदरमुकाम भरतपुर यहाका स्थानीय पशुजन्य उत्पादनको मुख्य बजार हुन् (स्थलगत अध्ययन, २०७९) ।

२.२.२. पर्यटन तथा संस्कृति

नेपालको अनुपम प्राकृतिक र संस्कृति, पर्यटनको विकासका लागि महत्वपूर्ण सम्पदाहरु हुन् । नेपालमा रहेका जम्मा २० वटा संरक्षित क्षेत्रहरूले यहाँको करिब २३.२३% भूमि ओगटेको छ । नेपालमा प्रत्येक वर्ष लाखौं आगन्तुकहरूलाई आकर्षित गर्ने सांस्कृतिक र धार्मिक स्थलहरु छन् । पर्यटन क्षेत्रको विकासले रोजगारीका अवसरहरू अभिवृद्धि, गरिबी न्यूनीकरण र जनताको जीवनस्तरमा सुधार गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न महत्वपूर्ण योगदान पुर्याइरहेको छ । आर्थिक वर्ष २०१८/२०१९ मा, पर्यटक आगमन १.१९७ मिलियन थियो भने कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान २.७ प्रतिशत थियो । त्यसैगरी सोहि वर्षमा २००,००० मानिसहरूले प्रत्यक्ष रोजगारी पायका थिए । बागमती प्रदेश अन्य प्रदेश भन्दा पर्यटनमा अग्रपंक्तिमा रहेको छ। देशको राजधानी काठमाडौ यसै प्रदेशमा

रहेको र देशको सबै भन्दा पुरानो अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौमा नै रहेकोले यहाँ अन्तरिक साथै बाह्य पर्यटकको संख्या अन्य प्रदेश भन्दा बढी छ ।

कालिका नगरपालिकामा धार्मिक, सांस्कृतिक र प्राकृतिक एवं सांस्कृतिक पर्यटकीय स्थलहरु प्रसस्त मात्रामा रहेका छन् । यहाँका प्रमुख धार्मिकस्थलहरुमा सिद्धबाबा मन्दिर, कालिका मन्दिर, भिमवाली मन्दिर हुन भने मानव निर्मित पर्यटकीय संरचनाहरुमा थाङखोला भ्यूटावर, नवकिरण भ्यूटावर प्रमुख हुन । यहाँका धार्मिक तथा अन्य पर्यटकीय स्थलहरुमा लगभग वार्षिक एक लाख चालिस हजार जना पर्यटक आउने अनुमान गरिएको छ । यहाँ विशेष गरी चिवतन जिल्लाभित्रकै पर्यटकहरु बढी मात्रामा आउने गरेका छन् । यस देखि बाहेक मकवानपुर जिल्लाबाट र अन्य स्थानबाट आउने गरेको पाइन्छ ।

तालिका 11 कालिका नगरपालिकाको पर्यटकीय स्थलहरु

नाम	प्रकार	मुख्य समय	पर्यटक संख्या (वार्षिक)	पयटक आउने स्थान	मर्मत, सम्भार, ब्यवस्थापन
थाङखोला भ्यु टावोर	प्राकृतिक तथा मनोरञ्जन	असोज देखि चैत्र सम्म	४००-५०० सम्म	स्थानीय तथा बाह्य	सामुदायिक बन
नवकिरण टोल	भ्यु टावर		२००००	रत्ननगर,कालिका नगरपालिका र खैरहनी बाट	
भिमवाली बाबा	धार्मिक		१५०००	स्थानीय तथा बाह्य	
भिमवाली मन्दिर	धार्मिक	सदाबहार		मदिर परिसर	ब्यबस्थापन समिति
कालिका मन्दिर	धार्मिक	सदावहार	१ लाख	जिल्ला भित्र तथा बाहिर	आर्थिक अभावको कारण व्यवस्थापनमा समस्या
सिद्ध बाबा मन्दिर	धर्मिक	अशोज	१००	शक्तिखोर	जिर्ण अवस्था

२.२.३. उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

२.२.३.१ उद्योग

उद्योग क्षेत्रलाई राष्ट्र विकासको प्रमुख आधार स्तम्भको रुपमा लिन सकिन्छ । तीब्र औद्योगिकरणले मुलुकको आर्थिक उन्नति गर्न मद्दत गर्दछ । नेपालको संबिधानले पनि राष्ट्रिय हित अनुकुल आयात व्यवस्थापन र निर्यात प्रबर्धन क्षेत्रमा विदेशी लगानी आकर्षित गर्ने तर्फ जोड दिएको छ । औद्योगिक नीतिले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा दिगो एवं बृहत आधार सहितको औद्योगिक विकासको माध्यमबाट अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने लक्ष्य लिएको छ । आ.ब. २०७५/०७६ मा कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान १४.६ % र उत्पादन मुलक उद्योग क्षेत्रको योगदान ५.६ % रहेको छ ।

उद्योग क्षेत्रको विकास बिना यथेस्ट मात्रमा रोजगारीका अवसहरु सृजना र आर्थिक विकास गर्न असम्भव प्राय हुन्छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.५ % छ, भने राष्ट्रिय रोजगारीमा ६.६ प्रतिशत रहेको छ । आ.ब. २०७४।७५ सम्ममा देशमा विभिन्न किसिमका जम्मा ७५२९ उद्योग रहेका छन् भने यसमा लगानी कुल रु.१६ खर्ब ८१ अर्ब भएको देखिन्छ । कुल उद्योग मध्ये दुई तिहाइ ६७.७१% (५०९८ वटा) उद्योग यस प्रदेशमा रहेका

छन् । नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरु मध्ये चार वटा यस प्रदेशमा रहेका छन् । यस प्रदेशमा स्थापित उद्योगहरु मध्ये काठमाण्डौ उपत्यकामा सबै भन्दा धेरै छन् । लगानी मैत्री वातावरण नहुनु, औद्योगिक पूर्वाधारको कमि हुनु, दक्ष जनशक्ती नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

औद्योगिकरणको क्षेत्रमा यस नगरपालिका हाल विस्तार विस्तारै अगाडि बढ्दै गरेको देखिन्छ । यहाँ ठूला ठूला उद्योगहरुमा ब्रर्दश अटोइन्डष्ट्रिज र सौभाग्य खाद्य उद्योग गरी जम्मा दुई वटा मात्र उद्योगहरु मात्र खुलेका छन् । यस देखि बाहेक अन्य मध्यम, साना र घरेलु उद्योगहरु संचालन भएका छन् । जसमा क्रसर उद्योग, कंक्रिट उद्योग, चट्टान, ब्लक, सःमिल, फर्निचर, टायर रिसोलिङ लगायत उद्योगहरु संचालित छन् । यस देखि बाहेक लघु उद्योगहरुमा डेरी, पाउरोटी, स्थानीय चाउचाउ, ग्रील कारखाना, सवारी साधन मर्मत लगायतका स साना उद्योगहरु संचालित छन् । यी सबै उद्योगहरुमा प्रत्यक्ष रुपमा एक हजार जनालाई रोजगारी प्रदान भएको जानकारी स्थलगत अध्ययनबाट पाइएको छ ।

तालिका 12: नगरपालिकामा भएका उद्योगको विवरण

वार्ड नं.	उद्योगको नाम	स्थान	मुख्य कच्चा पदार्थ	कच्चा पदार्थ (स्थानीय वा आयातीत)	उत्पादन हुने बस्तु	मुख्य बजार
२	क्रसर उद्योग	कालिका २	गिट्टी,बलुवा	स्थानीय	ब्लक,पोल रिंग	स्थानीय क्षेत्र
३	सौभाग्य खाद्य उद्योग	कालिका नवकिरण टोल				
४	कंक्रिट उद्योग	प्रभात टोल	गिट्टी, बालुवा, सिमेन्ट, रड	आयात	ब्लक, टाईल, रिंग, पोल आदि	पदमपुर
५	ह्याप्पी होम स्टे	कालिका-५	पर्यटन	पर्यटन	अन्तरिक तथा बाह्य पर्यटन भित्रयाउनि	अन्तरिक तथा बाह्य पर्यटन
६	चट्टान ब्लक उद्योग	भटेनी चोक	गिटी,बालुवा	मनहरी लगायत अन्य स्थानीय निकाय	रिंग पोल ब्लक	कालिका ६ लगायत अन्य स्थान
८	टायर उद्योग	कालिका ८	रबर	आयातित	टायर	नारायणगढ, काठमाण्डौ
९	धान मिल	कालिका ९				कालिका ९

(स्रोत: वडा भेला र स्थानीय स्रोत व्यक्तिसंगको छलफलको आधारमा)

प्रत्येक डेरी उद्योगले दैनिक न्यूनतम रु. २ हजार देखि अधिकतम रु.५ हजार को दरले न्यूनतम वार्षिक रु. ३६ लाख देखि अधिकतम रु. ९० लाख सम्म आम्दानी गर्ने अनुमान गर्न सकिन्छ । यसै गरी कुटानी पिसानीले दैनिक न्यूनतम रु. २ हजार देखि अधिकतम रु.५ हजारको दरले न्यूनतम वार्षिक रु. ३६ लाख देखि अधिकतम रु. ५४ लाख सम्म आम्दानी गर्ने अनुमान गर्न सकिन्छ । फर्निचरले दैनिक न्यूनतम रु. १० हजार देखि अधिकतम रु.१५ हजारको दरले न्यूनतम वार्षिक रु. ३६ लाख देखि अधिकतम रु. ५४ लाख सम्म आम्दानी गर्ने अनुमान गर्न सकिन्छ । समग्रमा कुल ३० वटा विभिन्न उद्योगले न्यूनतम वार्षिक रु. ५ करोड ४३ लाख देखि अधिकतम रु. ९ करोड ४६ लाख सम्म आम्दानी गर्ने अनुमान गर्न सकिन्छ । उद्योगको मोटामोटी कारोबार हेर्नको लागि दैनिक बिक्रीको रकम यस अनुमानमा कमै मात्र राखिएको छ । सम्भवत वार्षिक कारोबारको रकम यो भन्दा बढी नै हुने आशा गर्न सकिन्छ ।

२.२.३.२ ब्यापार, ब्यवसाय र आपूर्ति

यातायात र संचार क्षेत्रमा भएको अभुतपुर्व विकासको साथै विश्वव्यापीकरण गर्दा ब्यापार र बाणिज्य क्षेत्र मा विश्वमा उल्लेख्य प्रगति भएको देखिन्छ । बिभिन्न अन्तर राष्ट्रिय संघ संस्थासंग नेपालको आब्द्ता र प्रमुख व्यापारिक साझेदार मुलुकहरुसंग ब्यापार सम्झौता भै व्यापारमा पहुँच भएता पनि मुलुक भित्र कै आफनै अर्थतन्त्रका संरचनागत अवरोध र यी सम्झौताबाट सिर्जित अधीर र सुबिधाको उपयोग गर्न नसकिएको कारण निर्यात क्षेत्रले आशातीत प्रगति हासिल गर सकिएको छैन । आ.ब. २०७५।७६ मा थोक तथा खुद्रा ब्यापार को हिस्सा कुल गार्हस्थ्य उत्पादन मा जम्मा १४.४ प्रतिशत मात्र छ । दुर्भाग्यवश निर्यातको अश न्यून छ भने आयातको वर्षेनी तिब्र गतिले बढ्दो छ जसको फलश्वरूप ब्यापार घाटा देशले थेग्न नसकिने अवस्थामा पुगेको छ । ब्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३८.१ प्रतिशत छ ।

यस क्षेत्रको विकासले मुलुकभित्र आवश्यक पर्ने वस्तु तथासेवा हरुको आपूर्ति हुनुको साथै मुलुक भित्र उत्पादन हुने सामान तथा सेवालाई बाहिर निर्यात गर्न समेत मद्दत पुग्दछ । यस क्षेत्रको विकास तथा विस्तार्र्को लागि वाणिज्य नीति २०७२ र नेपाल ब्यापार एकिकृत रणनिति २०७३ करयन्नोयनमा छन् । बागमती प्रदेश आयातित व्वास्तुहरुको सबै भन्दा बढी खपत गर्ने प्रदेश मात्र नभई गार्मेन्ट, पस्मिना, जुत्ता, हस्तकला आदि जस्ता सामग्रीहरुको मुख्य क्षेत्र पनि हो । तरकारी तथा फलफूलको थोक बजार कालिमाटीमा दैनिक ७०० मेट्रिक टन तरकारी तथा फलफूलको बिक्रि भै रु. ३ करोड सम्मको करोबारो हुने गर्दछ । यस क्षेत्रको प्रमुख समस्याहरु भनेको सम्भाब्य र तुलनात्मक लाभ भएका कृषि वस्तु समेत आपूर्ति नहुनु, आपूर्ति व्यवस्था लाई सहज र विश्वसनिय बनाउन नसक्नु आदि रहेका छन् ।

यस नगरपालिकाभित्रका मुख्य बजार क्षेत्र र तिनीहरुले ओगटेको सेवा क्षेत्रको विवरण निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 13 कालिका नगरपालिकाक्षेत्रभित्रका मुख्य बजारहरु

वार्ड नं.	मुख्य बजारको नाम	सेवाक्षेत्र	बजारको ब्यवस्थापन	समस्याहरु
२		कालिका नगरपालिका	संस्थाले	भनेको बेला बिक्री नहुने
४	पदमपुर बजार (दीपशिखा र पिपरिया टोल)	कालिका	पदमपुर बजार ब्यबस्थापन समिति	फोहोर मैला ब्यबस्थापन अभाव, ढल निकास अभाव, सडक ब्यबस्थापन अभाव
६	खोलेसिमल	सबै	छ	बाटो साघुरो, ढल निकाश
६	क्लब चोक	सबै	छ	खानेपानी सौचालय पार्किंग अभाव
६	कमल चोक	किसान र खाद्यान्न	छैन	खानेपानी सौचालय पार्किंग अभाव
७	क्लब चोक, लाहुरे चोक	कालिका नगरपालिका/ इच्छाकामना	ढल ब्यबस्थापन, फोहोर ब्यबस्थापन, बिद्युत ब्यबस्थापन, पार्कीङ	ट्राफिक ब्यबस्थापन, सुरक्षा ब्यबस्थापन
९	शक्तिखोर बजार	कालिका ९		बजारको ब्यवस्थापन अभाब, शर्बजनिक शैचालय को अभाब, पार्किंग अभाब
१०	तिनदोभान बजार	कालिका १०	टिर्के	फोहोरमैला भएको
११	सिथ्यी	आवस्यकता अनुसार परिपूर्ति	समिति मार्फत	सुरक्षा कर्मी तथा स्थानिय सरकारको निगरानी

११	रन्तेस	निश्चित आवस्यकता परिपूर्ति	बजार कमिटि गठन

स्थानीय बासिन्दाको दैनिक खाद्यन्न लगायत अन्य विभिन्न उपभोग्य सामानको आवश्यकता परिपूर्ति गर्ने दुईवटा तरिका मध्ये पहिलो तरिका भनेको आफूलाई जे जति सामान चाहिन्छ त्यो सबै स्थानीय स्तरमा उत्पादन गर्ने र उत्पादित वस्तु बढी भएमा निर्यात गर्ने र उत्पादन गर्न नसकेका अन्य सामान बाहिरबाट आयात गर्ने । परापूर्व कालमा बार्टर सिस्टम अर्थात् भौतिक सामान साटासाट गरेर पनि आफ्नो आवश्यकता पूर्ति गर्ने गरिन्थ्यो जुन अहिले प्राय:लुप्त भइसकेको छ । नगरपालिकाले पनि सकेको जति सामान नगरस्तरवाट उत्पादन गर्ने गरेको देखिन्छ र अन्य उत्पादन गर्न नसक्ने र हाल लाई उत्पादन गर्न सम्भव नहुने सामान अन्य विभिन्न ठाउँहरुवाट आयात गर्दै आपूर्ति व्यवस्थापन गर्दै जीवन निर्वाह गर्दै आएको देखिन्छ । अन्य सबै सामनाको आपूर्ति प्राय: हुँदै आएको भएता पनि खेतीपातीको समयमा मलको आपूर्ति नहुँदा मलको हाहाकारको अवस्था अझैसम्म पनि व्यवस्थित हुन् सकेको देखिंदैन ।

२.२.३.३ श्रम तथा रोजगारी

प्रदेशको प्रति व्यक्ति आय अमेरिकी डलर १९४६ रहेको छ । दुई तिहाई भन्दा बढी नागरिक कृषि पेशामा संलग्न रहेको यस नगरपालिकामा स्वभावत रोजगारी र आम्दानीको प्रमुख श्रोत पनि कृषिनै मान्न सकिन्छ । तर कतिपय अवस्थामा मुख्य पेशा कृषि भएता पनि आम्दानीको प्रमुख श्रोत अरु पनि हुन सक्दछ । हालको परिस्थितिमा तथ्यांकको अभावमा कति जनसंख्या कुन कुन पेशामा छन् भन्ने कुरा यकिनका साथ उल्लेख गर्न सकिने अवस्था छैन । केवल यति मात्र भन्न सकिन्छ छ कि यहाँका बासिन्दा कृषिको साथै ब्यापार ब्यवसाय, उद्योग ,सेवा (निजामती, प्रहरी, जंगी, शिक्षण), वैदेशिक रोजगारी आदिमा कार्यरत छन् । प्रदेशको बेरोजगारी दर ११.४ % छ भने यस नगरपालिकाको बेरोजगार दर उच्च छ (आ.ब.२०७९/०८० को नीति तथा कार्यक्रम) । यस कालिका नगरपालिकामा वित्तीय सेवा प्रदान गर्ने जम्मा वटा विभिन्न किसिमका सहकारी संस्थाहरु रहेका छन् । यस बाहेक नगरपालिका कार्यालय भवनमा एन.आइ. सी. एशिया बैंकको एउटा शाखा पनि रहेको छ ।

२.२.३.४ वित्तीय सेवा

सार्वजनिक र निजी क्षेत्रको साथै सहकारी क्षेत्रको सहभागिता एवं विकास मार्फत देश विकास गर्ने नीति राज्यले लिएको छ । अर्थतन्त्रको तल्लो तह सम्म कार्य गर्ने भएकोले सहकारी क्षेत्रले स-सानो रुपमा छरिएर रहेका पुँजी, सीप, प्रविधि आदिलाई एकत्रित गरी देशको विकासमा प्रभावकारी ढंगले लगानी गर्न सकेको खण्डमा अर्थतन्त्रको विकास हुने मात्र नभई देश मा विद्यमान बेरोजगारको समस्या पनि धेरै हद सम्म अन्त्य हुने देखिन्छ । आ.ब. २०७५/०७६ सम्ममा देश मा ३४,७६३ बिभिन्न प्रकृतिका सहकारी संस्थाहरु रहेको देखिन्छ । सहकारी सम्बन्धी शिक्षा र चेतनाको विस्तार नहुनु र उत्पादन तथा रोजगारी वृद्धिमा यस क्षेत्रवाट खासै योगदान पुर्याउन नसक्नु र वचत र ऋणको कारोबारमा मात्र केन्द्रित हुनु सहकारीको प्रमुख समस्याको रुपमा देखिन्छन । वि.स. २०१३ साल चैत्र २० गते सर्व प्रथम यसै प्रदेशको चितवनमा वचत तथा ऋण सहकारी स्थापना भएपछि नेपालमा सहकारी अभियानको सुरुवात भएको हो । ६३ वर्षको अवधिमा ३५ हजार भन्दा बढी सहकारी संस्थाको स्थापना भई संचालनमा रहेका छन् । बागमती प्रदेशमा नेपालको कुल सहकारी संस्थामा ३३.५५ प्रतिशत, कुल सदस्य संख्या मा ३२.६५ प्रतिशत, शेयर पुँजीमा ६७.३५ प्रतिशत र ऋण लगानी मा ५६.५ प्रतिशत हिस्सा रहेको छ ।

कालिका नगरपालिकामा वित्तीय सेवा प्रदान गर्ने पाँच वटा वाणिज्य बैंक, दुई वटा विकास बैंकका अतिरिक्त लघु वित्त संस्था, दुग्ध उत्पादक सहकारी संस्था, कृषि तथा पशुपंक्षी सहकारीहरु रहेका छन् (सहकारीहरुको विवरण अनुसूची .... मा राखिएको छ) । बैंकबाट औद्योगिक, व्यवसिक लगायत अन्य क्षेत्रमा लगानी हुने गरेको छ भने अन्य वित्तीय संस्थाहरुबाट विशेष गरी कृषि ऋण उपलब्ध हुने गरेको छ भने लघु वित्त संस्थाहरुबाट व्यापार व्यबसायमा पनि केही लगानी हुने गरेको छ । लघुवित्तले टोल वस्तीमा समूह बनाई सो मार्फत ऋण लगानी गर्ने गर्दछन । आर्थिक

गतिविधि जस्तै ब्यापार व्यवसायको वृद्धि, औद्योगिकरण, पर्यटनको विकास आदिको कारणले निकट भविष्यमा अन्य वाणिज्य बैंकहरुको शाखा पनि क्रमशः यहाँ आउने अपेक्षा गर्न सकिन्छ । कालिका नगरपालिकामा रहेका वित्तीय संस्थाको विवरण यसप्रकार छ ।

तालिका 14: नगरपालिकामा रहेका वित्तीय संस्थाको विवरण

वार्ड नं.	वित्तिय संस्थाको नाम	प्रकार	सेवाक्षेत्र	सेवाको किसिम	लगानीको मुख्य क्षेत्र	समस्याहरु
२	पदमपुर दुग्ध उत्पादक सहकारी	सहकारी	कालिका २,३,४,५,वार्ड नम्बर	सेवा	कृषक,गाई,भैसी, दाना	उचित उत्पादित बस्तुको मूल्य नपाउनु,लागत खर्च बढ्नु,अनुदान सहि रुपमा कार्यन्वयन नहुनु,राज्यको ध्यान नहुनु
३	श्री मातृभूमि कृषि तथा पसुपंक्षि स.स.लि	सहकारी	कालिका ३	कृषि तथा पसुपंक्षि	कृषि तथा पशुपालन	उन्नत बिउ,बिजन,रासायनिक मल,तालिम,उत्पादित बस्तुको बजारीकरण
४	भिमकाली वित्तीय संस्था	लघुवित्त	कालिका	बाल बचत	कालिका	ब्याजदर वृद्धि, समयमा ऋण उपलब्ध नहुने, राजनीतिकरण
५	सिद्धार्थ बैंक लिमिटेड	बैंक	कालिका लगायत रत्ननगर केहि भाग	बचत तथा ऋण	केन्दीय बैंक, कृषि, पशुपालन, शिक्ष	ऋण असुलीमा समस्या, चेतनाको अभाव
६	प्राइम कर्मशियल बैंक, माछापुछ्रे बैंक, ग्लोबल आई एम ई बैंक, सेञ्चुरी बैंक, देव विकास बैंक, मुक्तिनाथ विकास बैंक, सहकारीहरु १०	सबै	सबै	बचत तथा ऋण र अन्य	सबै	सरल कर्जा प्रबाहमा कठिनाई,कृषि लोनलाई प्राथमिकतामा नगरियाको, बढी नाफा मुलकलाई ध्यान दिईएको, उत्पादन क्षेत्र पहिचान हुन नसकेको
८	जनशक्ति टोलमा लघुवित्त	लघुवित्त	कालिका ८	बचत तथा ऋण	कालिका ८, ९	आर्थिक कारोबार गर्नको लागि झन्झट, पैसा निकाल्नको लागि टाढा जानपर्ने
११	जन उत्थान लागुबित्त	लागुबित्त	का. न. पा. ११	ऋण, बचत		निश्चित व्यबस्था र व्यबसाइ हेरी लगानी

स्थलगत अध्ययन २०७९

२.३.सामाजिक क्षेत्रको स्थिति

२.३.१. स्वास्थ्य तथा पोषण

कालिका नगरपालिकामा एउटा नगर अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र १ वटा नागरिक आरोग्य केन्द्र रहेको छ । यि स्वास्थ संस्थाहरुबाट नियमित रुपमा गाउँघर क्लिनिक तथा खोप सेवा संचालन भै रहेका छन् । यस देखि बाहेक बजार क्षेत्रमा निजी औषधी पसल संचालित छन जसबाट पनि स्थानीयले आधारभूत स्वास्थ्य सेवा लिईरहेका छन् ।

तालिका 15 नगरपालिकामा भएका स्वास्थ्य संस्थाको विवरण

वार्ड नं.	स्वास्थ्य संस्थाको नाम	स्थान/ठेगाना	प्रकार	उपलब्ध सेवाहरु
१	स्वास्थ्य चौकी	वार्ड कार्यालय	स्वास्थ्य चौकी	First AID, Vaccine, Normal Checkup
२	आधारभूत स्वास्थ्य सेवा केन्द्र कालिका २	कालिका २ पदमपुर	आधारभूत स्वास्थ्य सेवा केन्द्र	परिवार नियोजन, सुरक्षित मातृत्व गर्भवती परिक्षण, नियमित खोप उपलब्धता, सामान्य ओ.पी.डी. सेवा, ड्रेसिंग सेवा, नेबुलाजेसन
३	आधारभूत स्वास्थ्य सेवा केन्द्र कालिका ३ पदमपुर	कालिका ३	आधारभूत स्वास्थ्य सेवा केन्द्र	सामान्य ड्रेसिङ, बिरामी जाच, गर्भवती जाच,परिवार नियोजन र सामान्य चेक जाच तथा सल्लाह
४	पदमपुर स्वास्थ्य चौकी	कालिका ४ पिपरिया टोल	स्वास्थ्य चौकी	सामान्य उपचार
५	आधारभूत स्वास्थ्य सेवा केन्द्र	कालिका ५	आधारभूत	सामान्य उपचार जस्तै (ज्वरो , रुघाखोकी) साधारण चोटपटकको सरसफाई, गर्भावोती चेकजाच, नियमित खोप, परिवार नियोजनका साधनहरु
६	कालिका नगर अस्पताल	खोले सिमल	नगर अस्पताल	सामान्य सेवा सबै छ
७	श्री आधारभूत स्वास्थ्य सेवा केन्द्र	सगुन टोल	स्वास्थ्य चौकी	नियमित खोप, प्राथमिक उपचार,खोप, TD Checkup, अस्थाई साधन उपलब्ध, सरकारी निशुल्क औषधि उपलब्ध
७	नागरिक आरोग्य केन्द्र	सगुन टोल	आयुर्वेद	नसर्ने रोगहरुको व्यवस्था
८	आधारभूत स्वास्थ्य सेवा केन्द्र	न्युरेनी स्कुल डिल	प्राथमिक उपचार	सामान्य टाउको दुखेको, ज्वरो, अस्थाई साधन प्रयोग (पिल्स, कन्डम, डिपो) सामान्य घाउ लगेको उपचार आदि
९	शक्तिखोर सस्बस्था चौकी	कालिका ९	सबस्थ चौकी	परिबर नियोजन खोप सुत्केरी प्रयोगशाला
११	मजवाङ्ग स्वास्थ्य चौकी	मजवाङ्ग	स्वास्थ्य चौकी	

(स्थलगत अध्ययन, २०७९)

कालिका नगर अस्पतालमा विशेषज्ञीय चिकित्सक सहितको उपचार सुरु भएको छ । जसले गर्दा अस्पताल भर्ना गरेर उपचार गर्नु पर्ने विरामीहरु यसबाट लाभान्वित भएका छन् । स्वास्थ्य र उपस्वास्थ्य चौकीहरुबाट विरामी जांच, पोषण सेवा, प्रसुती सेवा, गर्भवती जाँच, औषधी वितरण, ल्याब सेवा, खोप सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने तथा अन्य उपचारात्मक सेवाहरू उपलब्ध रहेका छन् । नगरपालिकामा समय समयमा निशुल्क स्वास्थ्य शिविर संचालन पनि संचालन गर्ने गरिएको छ ।

प्रसुति सेवा तथा अन्य सामान्य उपचार कालिका अस्पतालमा हुने भएता पनि शल्यक्रिया गर्नु पर्ने तथा अन्य गम्भिर रोगको उपचारका लागि भरतपुर वा काठमाडौ जानु पर्ने अवस्था छ ।

२.३.२. शिक्षा

कुनै पनि क्षेत्रको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा मानव विकासको एक महत्वपूर्ण सूचक पनि हो ।

यस नगरपालिकामा पूर्व प्राथमिक वा वालबिकास अध्ययन गरिरहेका महिला ४५.३%, पुरुष ५४.७%, आधारभुत तह पुरा गरेका महिला ४४.७% र पुरुष ५५.३%, माध्यमिक तह पुरा गरेका महिला ४६.५ % र पुरुष ५३.५%, स्नातक तह पुरा गर्ने महिला ४६.५% र पुरुष ५३.५%, स्नातकोत्तर तह पुरा गरेका महिला ३३.१% र पुरुष ६६.९% रहेको देखिन्छ । त्यस्तै गरि साक्षरतामा महिला ५३% र पुरुष ४७%, निरक्षरमा महिला ६५.८% र पुरुष ३४.२% देखिन्छ । तहगत रुपमा अध्ययन गर्ने वा शैक्षिक अवस्था भएका महिला र पुरुषको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । (घरधूरी सर्वेक्षण २०७६) ।

यस नगरपालिकाभित्र जम्मा ३९ वटा विद्यालयहरु रहेका छन् । जसमा २८ वटा सामुदायिक विद्यालय रहेका छन् बाँकी निजी (संस्थागत) विद्यालय छन् । सामुदायिक विद्यालयमध्ये २३ वटा आधारभूत विद्यालय हुन भने ५ वटा माध्यमिकस्तरका विद्यालय रहेका छन् । उच्च शिक्षाका लागि यहाँ कुनै पनि कलेज नभएकाले उच्चशिक्षा हासिल गर्न भरतपुर, रत्ननगर लगायत अन्य स्थानमा गएर पढनु पर्ने अवस्था छ ।

तालिका 16 शैक्षिक संस्थाको तहगत विवरण

वार्ड नं.	शैक्षिक संस्थाको नाम	स्थान ठेगाना	तह	पुग्न लाग्ने समय	उच्च शिक्षाको लागि जाने स्थान
१	समिपुर आधारभूत विद्यालय	सिद्धेस्वर टोल	आधारभूत विद्यालय	१५ मि	भीमोदय मा.वि शहिद स्मृती वहुमुखी
१	गडुवा आधारभूत विद्यालय	लालिगुराँस टोल	आधारभूत विद्यालय	१० मि	
१	जुटपानी एकाडेमी	सयुक्त टोल	आधारभूत विद्यालय	१० मि	
२	श्री आधारभूत विद्यालय पिपरिय	प्रगति टोल	आधारभूत	३०	भरतपुर महानगरपालिका,रत्ननगर नगरपालिका
२	श्री आधारभूत विद्यालय कमलपुर	कमलपुर्	आधारभूत	३१	
२	श्री आधारभूत विद्यालय सहपुर	बलरामपुर	आधारभूत	३२	
३	श्री आधारभूत विद्यालय बनकट्टा	कालिका ३	आधारभूत	३०	
३	श्री जनहित रास्ट्रीय आधारभूत विद्यालय	कालिका ३	आधारभूत	३०	
४	आधारभूत विद्यालय गड्यौलि	कालिका ४ प्रभात टोल	आधारभूत	३०	भीमोदय माद्यामिक विद्यालय (१-१२)

४	पदमपुर शिक्षा निकेतन	कालिका ४ प्रभात टोल	माद्यामिक विद्यालय		
५	आधारभूत ढेडौलि	कालिका ५	आधारभूत	१५-३०	रत्ननगर , भरतपुर
५	भीमोदय आधारभूत विद्यालय	कालिका ६	आधारभूत	१५-३०	
६	सिद्दिबिनायक	खोले सिमल बजार	१०	बडीमा ४०	
६	झन लाइट	भोटे दानी	१०	गाडी भयको स्कुल	
६	जमुनापुर मा.वि	जमुनापुर	१०		
६	रेडक्रसग्राम शिवालय	महादा चौर	१०		
६	राष्ट्रिय प्राथमिक विद्यालय	गुराह चौर	५		
७	श्री पृथ्वी उच्चा माद्यामिक विद्यालय	पृथ्वी टोल	१२	२०	भरतपुर, काठमाण्डौ, रत्ननगर, पोखरा, विदेश
७	श्री जुटपानी माद्यामिक विद्यालय	जुटपानी टोल	१०	२५	
७	न्यु सगरमाथा बोर्डिङ स्कुल	जुटपानी टोल	१०	२५	
७	श्री पृथ्वी उच्च माद्यामिक विद्यालय साखा सालघारी ब्लक	सगुन टोल	५	१०	
८	चेत्रदेवी आधारभूत विद्यालय	गैरीबारी	आधारभूत विद्यालय	१	रत्ननगर, भरतपुर
८	आधारभूत विद्यालय, छेपाढाप	भोर्लाघरी	आधारभूत विद्यालय	४५	
८	आधारभूत विद्यालय, न्युरेनी	न्युरेनी	आधारभूत विद्यालय	४५	
८	आधारभूत विद्यालय, देवीटार	देवीटार	आधारभूत विद्यालय	४५	
८	शक्तिशिक्षा सादन	न्युरेनी	आधारभूत विद्यालय	४५	
९	चतुरमुखी मा .बि	कालिका ९	१-१२	५ मि -६० मि	टाडी , भरतपुर
९	सिद्ध आ .बि	कालिका १०	१-३	५मि - ३घ	
९	देउराली आ.बि	कालिका ११		५मि -१ घ	
९	माहाकाली आ .बि	कालिका १२	१-५	५मि -१ घ	
९	सुपार आ . बि	कालिका १२	१-५	५मि -१ घ	

९	सिराइ सनराइज +एभर भिजान	कालिका १३	१-१०	४ मि - ३० मि	
११	रा. मा . वि	मजवाङ, तिन्दोभान	१-१०	१०मि - २ घण्टा	
११	चित्राम आ . वि	चेउराङ्ग	१-३	१ घण्टा	
११	दक्षिणकलि आ. वि	गामेडु	१-५	२ घण्टा	
११	दौतेस आ. वि	दौतेस	१-३	१-२ घण्टा	
११	सैपाम आ. वि	बासघारी	१-५	३० मि	
११	रन्तेस, कल्याणचौर आ . वि.	रन्तेस	१-५	१- २ घण्टा	

(स्थलगत अध्ययन, २०७९)

नगरपालिकामा रहेका विद्यालयहरुमा सबै विद्यालयका आफ्नै भौतिक संरचना छन् । यद्यपि भौतिक संरचनाहरु पर्याप्त भने छैनन् । धेरैजसो विद्यालयका भवनहरु सरकारी भवन मापदण्ड अनुसारका छैनन् । नगरपालिकाभित्र रहेका विद्यालय मध्ये कुनै पनि विद्यालयमा व्यवस्थित पुस्तकालय छैन । सबै माध्यमिक विद्यालयमा ईन्टरनेटको व्यवस्था छ भने केहि आधारभूत विद्यालयमा पनि ईन्टरनेटको व्यवस्था रहेको छ । त्यसैगरी सबै विद्यालयहरुमा सौचालय भएता पनि छात्र, छात्रा तथा कर्मचारीका लागि छुट्टाछुट्टै सौचालय छैन भने भएका सौचालय पनि सफा तथा व्यवस्थित छैनन् । त्यसैगरी सुरक्षित खानेपानीको व्यवस्था पनि सबै विद्यालयमा पुगेको छैन । शैक्षिक संस्थामा फोहोर व्यवस्थापनका लागि कुनै ठोस व्यवस्था छैन । शैक्षिक संस्थामा भौतिक संरचना अपाङ्गमैत्री तथा बाल मैत्री छैनन् ।

शैक्षिक जनशक्ति

यस नगरपालिकामा रहेका विभिन्न शैक्षिक संस्थाहरुमा अध्यापन गर्ने शिक्षकहरु स्थायी, अस्थायी, राहत, विभिन्न परियोजना तथा निजि स्रोत बाट परिपूर्ति भईरहेको छ । यद्यपी अझै पनि जनशक्ति पर्याप्त भने छैनन ।

कालिका नगरपालिकामा विद्यार्थी-शिक्षिक अनुपात प्राथमिक तहमा १२.९६ र निम्न माध्यमिक तहमा ३४.४५ रहेको छ । (*वस्तुस्थिति* विवरण, बागमती प्रदेश, २०७६) ।

तहगत शैक्षिक उपलब्धिको अवस्था

कालिका नगरपालिकामा ५ वर्ष भन्दा माथिको जनसंख्या मध्ये एसएलसी भन्दा मुनिको शिक्षा पुरा गर्नेको संख्या सबै भन्दा बढी ७६.६३ % रहेको छ । त्यसैगरी एसएलसी र १०+२ उत्तीर्ण गर्नेको संख्या क्रमश: ८.६० % र ७.६६ % रहेको छ । नगरपालिकामा स्नातकोत्तर तह पास गर्नेको संख्या सबै भन्दा कम वा ३.५९ % मात्र रहेको छ । यसै गरी स्नातक तह उत्तीर्ण गर्नेको संख्या १.९६%, स्नातकोत्तर तह उत्तीर्ण गर्नेको संख्या०.४६% रहेको छ भने शैक्षिक तह उल्लेख भएकाको संख्या १.०८% रहेको छ । (स्थानीय तहको वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)

२.३.३. महिला तथा बालबालिकाको विकास स्थिति

कालिका नगरपालिकामा महिलाको स्थिती राम्रो देखिन्छ । यस नगरपालिकामा कुल घरपरिवार मध्ये २२. ०७ % घरमुली महिला रहेका छन् । त्यसैगरी नगरपालिकामा जमिन र घरमा महिलाको स्वामित्व भएको घरपरिवार क्रमश: २१.८८% र १३.९१ % रहेका छन् । त्यसैगरी नगरपालिकामा महिला साक्षरता दर ६२.१९ % रहेको छ । स्नातक तथा स्नातकोत्तर सम्मको पढाई पुरा गर्ने महिलाको संख्या करिब १ प्रतिशत छ (बागमती प्रदेश स्थानीय तहको वस्तुस्थिति विवरण, २०७६) । पुरुषको तुलनामा यो संख्या कम भएता पनि महिलाको अवस्थामा भने निकै सुधार भईरहेको छ ।

नगरपालिकामा महिला हिंसा एवं छुवाछुत सम्बन्धि घटनाहरु न्यायिक समितिले हेर्दछ । न्यायिक समितिमा घटना दर्ता भएपछी न्यायिक निरुपण बाट तथा मेलमिलापको प्रक्रियाबाट घटना किनारा लगाउने गरिन्छ । यी दुवै प्रक्रियाबाट समाधान हुन नसकेका घटनाहरुमात्र प्रशासन तथा न्यानगरपालिकामा जान्छन । न्यायिक समिति नगरपालिका प्रमुखको संयोजकत्वमा गठन भएको छ ।

नगरपालिकाको कुल जनसंख्या मध्ये ५२.४२ प्रतिशत महिला रहेको यस नगरपालिकामा महिलाहरु राजनीतिक रुपमा पनि सक्रिय छन् । उपप्रमुख सहित छ जना महिला कार्यनगरपालिका सदस्य छन् । यसै गरी प्रत्येक वडामा २/२ जना महिला सदस्य निर्वाचित भई पदासिन छन । कालिका नगरपालिकाका महिलाहरु आमा समूह, महिला समूह जस्ता समूहमा आवद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संग्लग्न रहदै आएका छन् । त्यसैगरी नगरपालिकामा संचालन हुने विभिन्न योजना, कार्यक्रम तथा परियोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार सम्बन्धि कामका लागि गठन हुने उपभोक्ता समितिमापनि रहेर महिलाको उपस्थिति राम्रो छ । नगरपालिकाको विकास निर्माणका कार्यमा पनि महिलाको सक्रिय सहभागिता हरेको देखिन्छ ।

त्यसैगरी नगरपालिकामा बालबालिकाको स्थिती पनि राम्रो देखिन्छ । यहाँ सबै बालबालिकाले उमेर अनुसार प्राप्त गर्नुपर्ने खोप सेवा प्राप्त गरेका छन् । नगरपालिका पूर्ण खोपयुक्त नगरपालिका घोषणा भईसकेको छ । त्यसैगरी विद्यालय जाने उमेरसमूहका सबै बालबालिका विद्यालय गएका गएका छन् । नगरपालिकामा आधारभूत तहमा कुल भर्नादर १२५.१५ छ जसमा बालिकाको कुल भर्नादर १२९.९६ छ । त्यसैगरी माध्यमिक तहमा कुल भर्नादर ७६.५८ छ जसमा बालिकाको कुल भर्नादर ८२.९२ रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६) । आफ्नो विचार राख्ने तथा वृति विकासका लागि बाल क्लबको स्थापना तथा संचालन भईरहेको छ । त्यसैगरी नगरपालिका बाल मैत्री स्थानीय शासन संचालनका लागि पनि प्रयासरत छ ।

२.३.४. युवा तथा खेलकुद

युवा कुनै पनि स्थानका विकासका सम्वाहक हुन् । युवा शक्तिको परिचालन बाटनै विकास सम्भब हुन्छ । कालिका नगरपालिकाको जनसंख्याको बनौट हेर्दा कुल जनसंख्याको झन्डै ४१.७४ % हिस्स्सा युवाको रहेको छ (जनगणना, २०६८) । यो संख्या बागमती प्रदेशमा सरदर ३५.७९ % रहेको छ । नेपालमा पछिल्लो समयमा युवाहरु विदेशिने क्रम बढ्दै गईरहेको भने यसबाट कालिका नगरपालिका पनि अछुतो रहन सकेको छैन । नगरपालिकाबाट विशेष गरी बैदेशिक रोजगारीका लागि तथा शिक्षा तथा रोजगारीका लागि युवाहरु बाहिरिने क्रम बढ्दो छ । यद्यपि नगरपालिकाले युवावर्गलाई स्थानीय स्तरमानै टिकाई राख्न विभिन्न प्रोत्साहनका कार्यक्रम गर्दै आइरहेको छ । युवाहरुको भेला, सामाजिक कार्य, संस्कृतिको जगेर्ना, विभिन्न खल्कुद प्रतियोगिताको आयोजना लगायत समग्र युवा वर्गको विकासका लागि नगरपालिकाका विभिन्न वडामा युवा क्लब सक्रिय रहेका छन् ।

युवा वर्गको शारीरिक तथा मानसिक विकास साथै अनुशाशित युवा पुस्ताको विकासका लागि कालिका नगरपालिकाले खेलकुदको विकासलाई पनि प्राथमिकताका साथ कार्य गरिरहेको छ । नगरपालिकाले खेलकुदको विकासका लागि विभिन्न प्रयासहरु भईरहेका छन् । नगरपालिकाका विभिन्न स्थानमा खेल मैदानहरू निर्माण गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जस्ता कार्य गरिरहेको छ । नगरपालिकाले एक वडा एक खेलकुद मैदान निर्माण को नीति लिएको छ । त्यसैगरी नगरपालिकाले युवा खेलाडीहरुको मनोबल बढाउन विभिन्न प्रोत्साहनका कार्यक्रम समेत संचालन गरिरहेको छ ।

तालिका 17: नगरपालिकामा रहेका मुख्य खेलमैदानको विवरण

वडा नं.	नाम	स्थान	प्रकार	हालको प्रयोग	समस्याहरु
३	वनकट्टा खेल मैदान	मिलिजुली टोल	सामुदायिक	चालु	बर्षातमा पनि जम्ने, स्पोट लाइट, जाली तथा पर्खाल नभएको, खेल कार्यक्रम अभाव
३	कवर्ड हल	हरियाली टोल	सामुदायिक	चालु	
४	व्यायम स्थल	कालिका ४ पिपरिया टोल		प्रयोगमा	छाना सहित कम्पाउन्डको अभाव
५	ब्याटमिन्टन कोर्ट	देढौलि स्कुल वडाका प्रांगण	स्कुलको वडाको स्वमित्वो	युवा	खेल सामग्रीको अभाव,पुर्बधार खेल मैदानको अभाव,मिनी कवर्ड हल
५	फुटबल	पदमपुर सा.वि. भिमवाली सा.वि	बनको	युवा	
५	भिमावती पार्क	भिमवाली सा.वि	भिमवाली सा.वि		
६	छैन				
७	मिनी रंगशाला	गैडा खोला	क्लब	प्रयोगमा	
७	उदयपुर पार्क	जनशक्ति	सामुदायिक बन	प्रयोगमा	
८	चिसापानी खेल मैदान	गैरिवारी	सरकारी जग्गा	प्रयोगमा	
८	कालिका खेल मैदान	कालिका मन्दिर निर	सरकारी जग्गा	प्रयोगमा	
८	न्युरेनी टोलको क्लब	न्युरेनी टोल	व्यक्तिगत जग्गामा	प्रयोगमा	
८	७ स्टार युवा क्लब	चिसापानी टोल	सरकारी जग्गा	प्रयोगमा	
९	ब्याडमिण्तन कोर्ट	अमलाचुलि , शिवालय	सामुदायिक	प्रयोगमा रहेको	

(स्थलगत अध्ययन, २०७९)

यस बाहेक नगरपालिकाका विभिन्न विद्यालयहरुमा रहेका खेल मैदानले पनि खेल क्षेत्रको विकासका लागि टेवा पुर्याईरहेका छन् । त्यसैगरी खेल क्षेत्रको विकासका लागि विभिन्न खेल प्रतियोगिताहरु आयोजना गर्दै आइरहेको छ । मेयर कप भलिबल प्रतियोगिता, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायतका खेल प्रतियोगताहरु आयोजना हुदै आइरहेको छ ।

२.३.५. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरु

कालिका नगरपालिकामा विभिन्न धार्मिक, संस्कृतिक तथा ऐतिहासिक स्थलहरु रहेका छन । कालिका स्थान मन्दिर यस नगरपालिकाको मुख्य धार्मिक स्थल हो । नगरपालिकाको नामकरण समेत यसै मन्दिरका आधारमा गरिएको छ । त्यसैगरी सिद्धेश्वरमा रहेको देविस्थान र शिवाल, कमलपुरमा रहेको कल्पेश्वर महादेव मन्दिर, आदर्श टोलमा रहेको सिद्धिगणेश मन्दिर, इच्छाकामना मन्दिर, जलदेवि मन्दिर लगायत बिभिन्न गुम्बाहरु र चर्च यस क्षेत्रका मुख्य धार्मिक स्थलहरु हुन ।

तालिका 18 कालिका नगरपालिकामा रहेका धार्मिक स्थलहरु

वडा नं.	नाम	स्थान	मुख्य मेला /जात्रा	समय	भक्तजन आउने स्थान	अनुमानित भक्तजन संख्या (वार्षिक)
१	देविथान, शिवालय	सिद्देश्व्वर	शिवरात्री		मन्दिर	३५०
१	चर्च ३ वटा	लंका लाइन	क्रिस्मस्ट	२५ डी	चर्च	१५०
१	लंका लाइन, गडुवा गुम्बा	लंका लाइन	बुद्ध पुर्णिमा	बैशाख	गुम्बा	१०००
१	गणेश मन्दिर	नेवार टोल	गणेश चतुर्थी	गणेश चतुर्थी	मन्दिर	३००
२	शिव पंचाङ मन्दिर	बलपूर टोल	दैनिक शिवरात्री पुजा	दैनिक पुजा पाठ	यस वार्ड लगायत अन्य	४०० जना
२	कल्पेस्वोर महादेव मन्दिर	कमलपुर	दैनिक पुजा	दैनिक पुजा पाठ	यस वार्ड लगायत अन्य	४०० जना
२	कृष्ण मन्दिर	प्रगति टोल	कृष्ण अस्टमि	दैनिक पुजा पाठ	यस वार्ड लगायत अन्य	४०० जना
२	स्यान्वे कौपुंग गुम्बा	शान्ति टोल	बुद्धजयन्ति ,ल्होसार	दैनिक	यस वार्ड लगायत अन्य	४०० जना
३	सिद्दी गणेश मन्दिर	आदर्स टोल	मंगल चौथी	बिहान	कालिका नगरपालिका	२००
३	शिव मन्दिर	ब्रम्ह टोल	शिव रात्री	बेलुका	कालिका ३	१०००
३	चतुर्मुखी मन्दिर	प्रसिद्द टोल	एकादसी	बिहान/बेलुका	कालिका नगरपालिका	५००
३	प्रार्थना घर	ब्रम्ह टोल	प्रार्थना	बिहान/बेलुका	कालिका नगरपालिका	१००
३	आत्मज्ञान	दीपज्योति	पर्यटन	बिहान/देउसो	कालिका नगरपालिका	१००
४	भिमवाली बाबा	भिमवाली टोल	मेला, जात्रा	बैसाख	कालिका नगरपालिका र बाहिर	१५०००
४	लट्टेस्वोर, गुम्बा	सुनौलो टोल	मेला, जात्रा	साउन		
४	ब्रम्हथान	विहानी टोल		बर्षको ३ पटक	कालिका ४	१०००
४	चर्च, आत्मज्ञान					
५	भिमवाली बाबा	कालिका ५		बैसाख	मन्दिर	अवस्था अनुसार
५	शिवालय	कालिका ५		शिवरात्रि	मन्दिर	अवस्था अनुसार
५	ब्रम्हाबबा	कालिका ५		आसर,कार्तिक	मन्दिर	अवस्था अनुसार

५	गढ़िमाइ मन्दिर	कालिका ५		बैसाख	मन्दिर	अवस्था अनुसार
५	राधास्वामी	कालिका ५		बैसाख	मन्दिर	अवस्था अनुसार
६	गुम्बा	कमल चोक	छैन		कमल चोक	१०००
७	थारवली बौद्ध गुम्बा	सगुनटोल	ध्यान, भेषभुषा		गुम्बा वार्ड बासि	
७	सुन्दरदेवी मन्दिर	सगुनटोल	भजन कृतन		गुम्बा वार्ड बासि	
७	विश्वोकर्मा मन्दिर	सगुनटोल	पुजा पाठ		गुम्बा वार्ड बासि	
७	काटजुट मगर गुठि	सगुनटोल	भेषभुषा		गुम्बा वार्ड बासि	
८	कालिका स्थान मन्दिर	कालिका ८		माघ १६	जिल्ला भित्र तथा जिल्ला बाहिर	बार्षिक २ लाख
८	इछ्याकामना मन्दिर	कालिका ८		मंगसिर	जिल्ला भित्र तथा जिल्ला बाहिर	१० हजार
८	जलदेवी मन्दिर	कालिका ८		मंगसिर	जिल्ला भित्र तथा जिल्ला बाहिर	१० हजार
८	टासीछ्योलिंग गुम्बा	कालिका ८	बुद्धजयन्ति ,ल्होसार		कालिका नगरपालिका भित्र	५ हजार
९	शिवलय मन्दिर	सुलिटार	शिवरात्रि			२०००
९	चतुरमुखी मन्दिर	मिलन बजार	सरस्वती पुजा			१२००
९	भूयारी थान	समफयोङ	ठुलो एकदाशी			१५००
९	पवित्र चर्च	कामना टोल	क्रिसमस			१०००
९	बाङसुराङ चर्च	शिवालय टोल	क्रिसमस			
११	मजवाङ्ग		क्रिस्टमस डे	डिसेम्बेर २५	स्थानिय	६००
११	थप्तेस, सिन्थलि	चयूराङ्ग				४००
११	गामेडुङ्ग	गामेडुङ्ग				२८०
११	छवाङ	रौपाम				३००

(स्थलगत अध्ययन, २०७९)

२.३.६. सुरक्षा

नगरपालिकामा सुरक्षाको लागि वडा नं. ७ बेलाचौरमा ईलाका प्रहरी चौकी रहेको छ भने वडा नं. ६ रेडक्रस मार्गमा प्रहरी चौकी रहेको छ । यसैगरी वडा नं. ६ को पिपरियामा प्रहरी विट रहेको छ । यिनै तीन वटा स्थानका सुरक्षा निकायको समन्वयमा समग्र नगरपालिकाको शान्ति सुरक्षाको व्यवस्था मिलाइएको छ । यस वडाका सबै वडाहरुमा प्रहरी युनिट राख्न पहल भै रहेको छ । यहाँ विशेष गरी सामान्य चोरी, झैझगडा, घरायसी विवाद, लागू औषध सेवन, बलत्कार, मदिरा सेवनका घटना घटने गरेका छन् । शान्ति सुरक्षाका लागि सुरक्षाकर्मी २४ सै घण्टा तैनाथ रहेकाले यहाँको शान्तिसुरक्षाको स्थिति तुलनात्मक रुपमा राम्रो मानिन्छ ।

२.४. भौतिक पूर्वाधार तथा शहरी विकासको अवस्था

२.४.१. वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

यस नगरपालिकाका मुख्य बस्तिहरुमा साविक जुटपानी ७, सिद्धेश्वर, सूर्यपुर, सुकुम्बासी टोल, नेवार टोल, संयुक्त टोल, प्रगति टाल, संयुक्त टोल, बलरामपुर टोल, शान्ति टोल लगायतका वस्तीहरु हुन (वस्तिहरुको सम्बन्धी विस्तृत विवरण अनुसूची ... राखिएको छ) । कालिका नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार यस नगरपालिकामा आफ्नो घर नभएका ४७, एउटा घर हुने १०६०८, दुईवटा घर हुने ४३१, तिन वटा घर हुने ३०, चार वटा घर हुने २ जना रहेको तथ्याङ्कबाट देखिन्छ । त्यसै गरि घर र कोठा भाडामा दिनेहरु २३२ घर रहेको देखिन्छ । यसैगरी आफ्नो घर भएका १०४४४ र सगोलमा बस्ने ६३५ घर परिवार देखिन्छन् । यसैगरी यस नगरपालिकामा आरसिसि ढलान भएको घर संख्या २४३६, जस्ता वा च्यादरको छाना भएको ७९२२, टायल वा ढुङ्गाको छाना भएको ३१० र फुस वा खरको छाना भएको ४५२ घर देखिन्छ । तेसैगरी काठको खम्बाको प्रयोग भएको घर सँख्या १६१८, त्यस्तै फ्रेम स्ट्रकचर १०७०, माटो र ढुङ्गाको २४४९, लोड वेयरिङ ४८९, र सिमेण्ट/इट्टा/ढुङ्गाको प्रयोग भएको घर ५४९३ देखिन्छ । यस नगरपालिकामा भवन संहिता अनुरुप भएका घरहरु १६८८ रहेको भवन संहिता पुरा नभएका ९२८० र भवन संहिता थाहा नभएका १५२ घर रहेको देखिन्छ । त्यसै गरि आफु बसोबास गरेको घर भुकम्प प्रतिरोधी रहेको भन्ने १७३६, भुकम्प प्रतिरोधी नरहेको भन्ने ९०६१ र भुकम्प प्रतिरोधी थाहा नभएका ३२३ घर रहेका देखिन्छ ।

सामुदयिक भवन

यस नगरपालिकामा जम्मा १२ वटा सामुदायिक भवन रहेका छन् । सामुदयिक भवनमा युवा क्लब, आमा समूह भवन, रेडक्रस भवन तथा बाल क्लब समूह भवनहरु समेत पर्दछन । यस्ता समुदायिक भवनहरू समाजिक कार्यक्रम गर्ने, बैठक तथा गोष्ठी जस्ता कार्यक्रमको लागि प्रयोग भईरहेका छन । नगरपालिकाको वडा नं २ मा १ वटा, वडा नं ३ मा ३ वटा, वडा नं ६ मा १ वटा, वडा नं ७ मा ४ वटा, वडा नं ९ मा ३ वटा सामुदायिक भवन रहेका छन् । त्यसैगरी सामुदायिक भवन नभएका वडाहरुमा भवन बन्ने प्रक्रियामा छन् । विभिन्न संग संस्था तथा नगरपालिका तथा वडाको बजेटबाट निर्माण भएका हुन् । यस्ता भवनहरू धेरैजसो पक्की नै रहेका छन् यद्यपी समुदायिक खानेपानी, शौचालय फर्निचरको कमि जस्ता समस्या रहेका छन् ।

तालिका 19 कालिका नगरपालिकामा रहेका सामुदयिक भवनको विवरण

वडा नं.	सामुदायिक भवनको नाम	स्थान	भवनको प्रकार कच्ची, पक्की	सहयोगी निकाय	हालको प्रयोग	समस्याहरु
२	थारु संग्राहलय					थारु संग्रहालयको अपुरो निर्माण र क्लबको भवन निर्माण गर्न सहयोग हुनुपर्ने
३	आयाम युवा क्लब	दीपज्योति टोल	कच्ची	स्थानीय	चालु	फर्निचर, बिद्युत, कम्पाउण्ड, सौचालय भवन छैन
३	मिलिजुली युवा क्लब		छैन			फर्निचर, बिद्युत, कम्पाउण्ड, सौचालय भवन छैन
३	शान्ति बाल क्लब		छैन			फर्निचर, बिद्युत, कम्पाउण्ड, सौचालय भवन छैन
६	रेडक्रस भवन	खोले सिमल	पक्कि	चन्दाबाट निर्माण	प्रयोगमा छ	पुरा गर्न बाकी छ

७	स्याउली बजार आमा समूह भवन	स्याउली बजार	कच्ची	वार्ड	प्रयोगमा	भौतिक, आर्थिक
७	बेलचौर टोल भवन	बेल चौर	कच्ची	वार्ड	प्रयोगमा	भौतिक, आर्थिक
७	जुटपानी भवन	जुटपानि	कच्ची	वार्ड	प्रयोगमा	भौतिक, आर्थिक
७	जनशक्ति सामुदायिक भवन	त्रिनाथ टोल	पक्कि	वार्ड	प्रयोगमा	भौतिक, आर्थिक
९	जनप्रगति , प्रगती , जमुना					राम्रो अवस्था न्भयेको मर्मत गर्नु पर्ने

(स्थलगत अध्ययन, २०७९)

२.४.२. सडक, पुल तथा यातायात

पूर्वाधार विकासको मेरुदण्डको रुपमा सडकलाई लिइन्छ । सडक पहुँच नभई कुनै पनि पूर्वाधार विकासको कार्य गर्न कठिन हुन्छ । कालिका नगरपालिकाका सबै वडाहरुमा सडक पहुँच पुगको छ नै । कुनै पनि राष्ट्रिय र रणनीतिक सडकले नछोए पनि यस नगरपालिकाबाट छिमेकी नगरपालिकाहरुसँग तथा राष्ट्रिय राजमार्गसँग सडक पहुँच स्थापित भएको छ । भरतपुर – शक्तिखोर, पदमपुर – भरतपुर सडक, चैनपुर – सिद्धि सडक, न्यूरेनी जुटपानी सडक लगायतका मुख्य सडकहरु हुन ।

बसपार्क तथा बस बिसौनी

कालिका नगरपालिकाको वडा नं. ३ मा मात्र एउटा बसपार्क छ । अन्यत्र सडक छेऊमा नै बस तथा अन्य सवारी साधन पार्क गर्ने गरिएको छ । नगरपालिकाले व्यवस्थित बसपार्कका लागि जग्गाको खोजी तथा जग्गा उपलब्ध भएका स्थानमा पूर्वाधारको कामको थालनी यथासक्य गर्नेछ ।

२.४.३. विद्युत तथा वैकल्पिक उर्जाको स्थिति

कालिका नगरपालिकाका सबै वडामा राष्ट्रिय प्रसारण माफर्त विद्युत सेवा पुगेको छ। वडाका विभिन्न स्थानहरूमा २५०, १५०, १००, र ५० केभिए क्षमताका ट्रान्सफर्मरबाट विद्युत वितरण भईरहेको छ । नगरपालिकामा रत्ननगर र टाँडी वितरण केन्द्रहरु मार्फत विद्युत वितरण भईरहेको छ । विद्युत वितरणका लागि अधिकांश स्थानमा स्टीलका पोलको प्रयोग भएको भने ग्रामीण ईलाकाका केही पोलहरु काठक छन् यिनीहरुलाई पनि स्टीलको पोलले विस्थापित गर्ने काम नगरपालिका र विद्युत प्राधिकरणबाट संयुक्त रुपमा भै रहेको छ । यसका वावजुद पनि वडा नं. ६ को चुहार खोला, बुङखोला, गैडावारी, वडा नं. ९ को सेबस, कोलर, देउराली, सुपार, बासुरङ्ग, ओम्बंग जस्ता स्थानमा हालसम्म पनि राष्ट्रिय प्रशारण लाईन पुग्न सकेको छैन । यसैगरी वडा नं. ११ मा पर्याप्त क्षमताको ट्रान्सफर्मर नभएकाले विद्युत सेवा नियमित हुन सकेको छैन । जसका कारण विद्युत भोल्टेजकम भई साना तथा घरेलु उद्यम संचालन गर्न समेत समस्या देखिएको छ ।

कालिका नगरपालिकामा ८१.६९ % ले दैनिक वत्ति बाल्नका लागि विद्युतको प्रयोग गर्दछन । वत्ति बाल्नकाका लागि सौर्य उर्जाको प्रयोग गर्नेको संख्या २.३९१ % मात्र रहेको छ । (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)

तालिका 20 कालिका नगरपालिकाको विद्युत वितरणको अवस्था

वार्ड नं.	वितरण केन्द्र	ट्रान्सफर्मर रहेको स्थान	क्षेमता (के.भी.ए)	विद्युत पोल संख्या	विद्युत वितरण हुने समय	समस्याहरु
२	रत्न नगर वितरण केन्द्र	खोले सिमल,क्लब चोक , रेडक्रस ग्राम			२५ घण्टा	भोल्टेज आपुग
२	टाँडी वितरण केन्द्र	डेरी चोक,सिर्जना चोक,गुरुङ चोक,खेखारिया,शान्ति, प्रगति चोक	५०-२५०	५००	२४ घण्टा	भोल्टेज आपुग,लाइन वितरण कमि, तारको ब्यबस्थापन,पोल ब्यबस्थापन
३						बनकट्टा चोकमा १०० के.भीको ट्रान्सफर्मर सहित थ्री फेज लाइन बिस्तार
४	टाँडी वितरण केन्द्र	बाटो नम्बर १, ४, १०	१००, १००, ५०	थप गर्न पर्ने		आउने जानी बढी मात्रमा
५	(खोले सिमल) रत्ननगर मातहतमा	बिरात चोक , गाडी मै चोक , बेल्थोक, बर्हस्थान चोक , पुस्पंजलि टोल,राधास्वामी	१५०/५०/५०/५०/१००	१९७२	२४ घण्टा	भोल्टेज आपुग
७	टाँडी वितरण केन्द्र	जुटपानी				ट्रान्सफर्मरको समस्या, बेलाबेलामा बत्ति जानी, पोल तथा खुल्ला तार
८	टाँडी वितरण केन्द्र	६				काठे पोल बिस्थापित गर्न पर्ने
९	पसो	हेल्थ्पोस्त चोक , बजार क्षेत्र	१०० , १००	३०० , ३५०		
१०	टाडी खोलेसिम्ल	तिन्दोभन ,दलन्तर				
१	खोले सिमल	विभिन्न स्थानमा			लाइन नगएको बेलामा सधै	

२.४.४. खानेपानी तथा सरसफाई

नगरपालिका पाश्र्वचित्र २०७६ अनुसार यस नगरपालिकाका ६०६९ घरधुरीले खानेपानीका लागि आफ्नै घरमा पाइपधारा जोडेका छन् जुन नगरपालिकाभित्रका घरपरिवारको ५४.६% घरधूरी समेटिएको देखिन्छ । यसैगरी सार्बजनिक पाईपधारा पयोगकर्ताहरुको संख्या पनि उल्लेख्य रहेको छ ३११५ घरधुरी अर्थात २८.०%, टयूबेल/ह्याण्डपम्प ७७६ घरधुरी अर्थात ७.०%, डिप बोरिङ ४२२ (२.७%), ढाकिएको इनार/कुवा २९९ (२.७%), नढाकिएको इनार/कुवा १८४ (१.७%), मुल/झरना/सतहको पानी २५५ (२.३%) रहेको देखिन्छ । उपरोक्त तथ्याङ्कलाई आधार मान्ने हो भने लगभग एक तिहाई मानिसहरु खानेपानीका लागि सार्वजनिक धारा, मुल, ईनारमा भर पर्नु पर्ने अवस्था देखिन्छ ।

खानेपानीको स्रोत अनुसार घरधुरीको विवरण तलको चित्रबाट प्रष्ट पारिएको छ ।



कालिका नगरपालिकामा विभिन्न खनेपनिआयोजन संचालनमा रहेका छन्, जसले स्थानीय स्तरमा खानेपानी वितरणमा सहयोग गरिरहेका छन् । यस नगरपालिकामा पदमपुर, सुहाङ, जागृत, धारापानी, कालिका, न्यूरेनी, गैरीबारी, देविटार लगायतका खानेपानी आयोजनाहरु मार्फत खानेपानी वितरण भै रहेको छ । यि आयोजनाको सालबसाली मर्मत सम्भार गर्नु पर्ने भएता पनि कतिपय खानेपानी आयोजनाहरुको समयमा मर्मत हुन नपाएकाले पूर्ण क्षमतामा खानेपानी वितरण हुन सकेको छैन, जसले गर्दा कतिपय वस्तीहरुमा पालो गरेर खानेपानी वितरण गर्नु पर्ने अवस्था छ । यस नगरपालिकाका मझुवा कालिका, खेतबारी, चिसोपानि गंगटे, भोर्लाघारी, लायोडाँडा, रिमाल डाँडा, दर्लामी डाँडा, आदर्श टोल, धारापानी, देविटार, न्यूरेनी स्कूल क्षेत्रमा अझै पनि पर्याप्त खानेपानी वितरण हुन सकेको छैन ।

नगरपालिकाका सबै वडामा खानेपानीका साना तथा ठुला योजना संचालन गरी पानी वितरण गरेको भएतापनि सबै बस्तीमा समान वितरण छैन । पानीका मुहान पर्याप्त भएता पनि खानेपानीलाई अझै पनि व्यवस्थित तथा नियमित वितरण गर्न सकिएको छैन । सबैलाई खानेपानीको सुबिधा पुर्याउनका लागि नगरपालिकाले खानेपानीको पाईप वितरण गर्ने गरेको र घरधुरी स्वयंले मुहानबाट सिधै खानेपानीको व्यवस्था गरेको पाइन्छ । नगरपालिकामा खानेपानीका मूल सुक्दै जाने, खानेपानीको मुलमा सुद्धिकरणको व्यवस्था नभएको, पानीको महसुल लिने व्यवस्था नभएको, मर्मत सम्भारको लागि बजेटको कमि जस्ता समस्याहरु छन् ।

सरसफाई तर्फ – यो नगरपालिका क्षेत्र सफा सुग्घर रहेको छ । यहाँका प्रायशः सबै मानिसहरु व्यक्तिगत सरसफाईमा सचेत देखिन्छन् । शौचालयको प्रयोग, खाना खानु अघि हात धुने जस्ता नियमित कार्यले फोहरबाट हुने रोगबाट बच्न सकिने भएकाले यस तर्फ सबै सचेत रहेका छन् । बजार क्षेत्र तथा आफ्नो टोल वस्ती आफै सफा गरी स्वच्छ सफा नगरपालिका बनाउन आम नागरिकले सहयोग गरेका छन् । सबै घरमा शौचालय हुनु, स्थानीयस्तरमै पानीको निकास र दैनिक सरफाइले यो नगरपालिका सरसफाइमा सचेत रहको बुझ्न सकिनछ । तर, सरसफाईमा बाधा पु¥याउने अर्को रुप सार्वजनिक स्थलमा दिसा पिसाब गर्नु हो । यस नगरपालिकाभित्र खोलेसिमल, जुटपानी ट्याम्पो पार्क र गैरीबारी चोक गरी जम्मा तीन स्थानमा मात्र सार्वजनिक शौचालय छ । तर यिनीहरु पनि पानीको

अभाव, नियमित मर्मत सम्भारको अभावले गर्दा व्यवस्थित हुन पाएका छैनन । नगरपालिकाले भिडभाड हुने स्थानमा थप सुविधायुक्त शौचालयको व्यवस्था गरी प्रदुषणमुक्त नगरपालिका निर्माण तर्फ उन्मुख हुनु पर्ने देखिन्छ ।

२.४.५. सूचना, सञ्चार तथा प्रविधि

नगरपालिकाका सबै क्षेत्रमा मोवाइल सेवाको पहुँच राम्रो छ । नगरपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार यस नगरपालिकामा उपभोग गरिएका सामग्रीहरुको तथ्याङ्क हेर्दा मोबाइल फोन प्रयोग गर्ने ८८.९ % रहेको देखिन्छ भने इन्टरनेट प्रयोग गर्ने ११.२ %, कम्प्यूटर प्रयोग गर्ने ८.९ %, रहेको तथ्याङ्कले देखाउँछ । यस नगरपालिका ग्रामीण ईलाकामा ल्याण्डलाइन टेलिफोन सेवा विस्तार भएको छैन । फोन तथा इन्टरनेट सेवामा घरधुरीको पहुँच बढाउन मोबाइल सेवाको महत्वपूर्ण योगदान रहेको छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेलले मोवाईल सेवा सबैभन्दा बढी प्रयोगमा रहेको छ । नगरपालिकाका सबै वडामा विभिन्न एफ.एम. तथा रेडियो नेपाल लगायत विभिन्न स्टेशनहरु सुन्न सकिन्छ भने विभिन्न केवल नेटवर्क मार्फत टेलिभिजनको पहुँच पनि राम्रो छ । नगरपालिकाका सबै वडामा तथा ईन्टरनेटको सुबिधा छ । नगरपालिकाका सरकारी कार्यालय जस्तै नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीमा ईन्टरनेटको सुबिधा विस्तार भएको छ । नगरपालिकाले आफ्नो वेबसाइट मार्फत आफ्ना सुचान्हारू जस्तै वार्षिक कार्यक्रम, ऐन तथा कानुनहरु सार्वजनिक गर्ने गरेको छ । त्यसैगरी राजस्व संकलन तथा घटना दर्ता जस्ता कार्यलाई कम्प्युटरकृत माध्यम मार्फत संकलन तथा प्रविष्ट गर्ने गरेको छ ।

यसै गरी यस नगरपालिका क्षेत्रबाट कालिका दैनिक पत्रिका प्रकाशन हुने गरेको छ भने अन्य राष्ट्रिय तथा स्थानीय दैनिक पत्रिका सहजै पढन पाइन्छ ।

२.४.६. ढल तथा ढल निकास प्रणाली

बागमती प्रदेश स्थानीय तहको वस्तुस्थिति विवरण, २०७६ अनुसार कालिका नगरपालिकाको कुल घरपरिवार मध्य ५५.०५ % सेप्टी ट्यांकमा जोडिएको फ्लस भएको र ०.८६% ले ढल जोडिएको फ्लस भएको सौचालय प्रयोग गर्दछन । त्यसैगरी ३३.४९ % ले साधारण सौचालय प्रयोग गर्दछन भने १०.३१ % घरधुरीमा सौचालयनै छैन ।

२.४.७. फोहोरमैला व्यवस्थापन

नगरपालिकाको वातावरण स्वच्छ र सफा रहेको छ । स्थानीयले ठोस फोहोर गाड्ने, जलाउने तथा थुपारेर आफैले व्यवस्थापन गर्ने गरेका छन् । कालिका नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि हालसम्म विर्सजन केन्द्रको व्यवस्था गरेको छैन । कुहिने फोहर स्थानीयस्तरमा नै व्यवस्थापन गर्ने गरेको भएता पनि नकुहिने फोहरको व्यवस्थापन चुनौती बन्दै जान थालेको छ । नकुहिने फोहरलाई नजिकको वन जंगल तथा सार्वजनिक जग्गामा विसर्जन गर्ने गरिएको छ । जसले गर्दा वातावरणीय प्रदुशषण बढदै जान थालेको छ । विशेष गरी बजार क्षेत्रमा यस्ता समस्या बढी देखिन थालेको छ । नगरपालिकाले बजार क्षेत्रमा कुहिने र नकुहिने फोहर छुट्टयाउने अभियानको थालनी गरेको छ । नकुहिने फोहर टोल विकास संस्थाहरुसंगको सहकार्यमा व्यवस्थापन गर्ने नीति नगरपालिकाले लिएको छ । नगरपालिकले आगामी दिनमा यथासक्य भरपर्दो फोहरमैला विसर्जन स्थलको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

२.४.८. सिंचाई पूर्वाधार

कालिका नगरपालिकाका लगभग दुई तिहाई जनसंख्या कृषि पेशामा संलग्न रहेको कुरा तथ्याँकले देखाउँदछ । कृषि क्षेत्रको उत्पादकत्व बढाउन सिंचाई नभई नहुने स्रोत हो । यस नगरपालिकामा भएका खोल्सा खोल्सी, मुहान, कुवा तथा भूमिगत प्रणालीबाट सिंचाई सुविधा उपलब्ध गराइएको छ । सबै वडामा कुनै न कुनै प्रकारका पानीका स्रोतबाट सिंचाई हुँदै आईरहेको छ ।

नगरपालिकाको कूल क्षेत्रफलको लगभग २३% जमिन खेतियोग्य जमिन रहेको छ । स्थलगत अध्ययन, नगरपालिका तथा वडा कार्यालयहरुमा गरिएको छलफलका आधारमा यहाँ करिब ११५०० रोपनी जमिनमा सिंचाई सुविधा पुगेको छ । यहाँ थाङ्गखोला, काली खोला, कयर खोला, चुहा खोला, शान्ति खोला लागयत अन्य खहरेहरु सिंचाईका प्रमुख स्रोत हुन । यस देखि बाहेक महानपुर भूमिगत सिंचाई, भिमवारी टोल तथा पिपरिया टोल डिपबोरिङ्ग, पदमपुर डिप बोरिङ्ग लयागत अन्य डिप बोरिङ्गको माध्यमबाट पनि सिंचाई सुविधा उपलब्ध गराइएको छ । जसमध्ये कयर खोलाबाट सबभन्दा बढी सिंचाई आयोजना संचालन भएका छन् ।

जिर्ण कुलो तथा पूर्वाधार, पानीको चुहावट, अधिकांश मौसमी सिंचाई श्रोत, मर्मत सम्भार अभाव, सिंचाई व्यवस्थापनका लागि छुट्टै निकाय सक्रिय नभएको जस्ता समस्याका कारणले प्रसस्त पानीका स्रोत र सिंचाई आयोजनाहरु भउता पनि यसको उचित प्रयोग तथा व्यवस्थापन हुन सकेको देखिँदैन । सिचाईको उचित व्यवस्थापन गरी अधिकतम कृषियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन सके कृषि उत्पादन बृद्धि भई नगरपालिका स्वयं खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर भई बढी भएको उपज विक्री गरी आर्थिक स्रोत समेत आर्जन गर्न सफल हुने देखिन्छ । नगरपालिकामा भएका मुख्य सिंचाई योजनाहरु तालिकामा उल्लेख गरिएको छ ।

तालिका 21 कालिका नगरपालिका क्षेत्रमा रहेका सिंचाई आयोजनाहरु

वार्ड नं.	सिंचाइ योजनाको नाम	पानीको स्रोत	सिंचित क्षेत्रफल	लाभान्वित घरधरी	सिंचाइको उपलब्धता	मर्मत संभार तथा ब्यवस्थापन
१	नेपाल सरकारबाट डम्पिङको व्यवस्था	जमिन मुनिबाट	पुरै वार्डमा सिंचाई	पुरै वार्डबासी	बर्षै भरि	आफैले गर्नपर्ने
२	सानो कलि थाक्रे गैरी	थाङ्गखोला कलि खोला	१४० बिघा	३००	मौसमी	ठुलो लाइनिंग गरि पानीको श्रोतको उचित व्यवस्था गर्नुपर्ने
२	महान्पुर भूमिगत सिंचाई	डिप बोरिंग	४० बिघा	१००	बर्सभरि	बोरिंग सम्पन्न भाएको पाइपलाइन विस्तार गर्न बाकी
२	खेखारिया	डिप बोरिंग	५० बिघा	२००	बर्सभरि	सञ्चालन भएको थप चेम्बर तथा पाइपलाइन विस्तार गर्नपर्ने
३	श्री सिद्धि गणेश मन्दिर डिप बोरिंङ सिंचाई	सतह	६० बिघा	१००० घरधुरी	बर्षैभरि	उपभोक्ता समिति
३	मिलिजुली भूमिगत जलसिंचाई समिति	सतह	६० बिघा	५०० घरधुरी	बर्षैभरि	उपभोक्ता समिति
४	बाटो नम्बर ४ मा डिप बोरिंङ	बोरिंङ	बाटो नम्बर १ देखि ८ सम्म	करिब २०० घरधुरी	मौसमी	उपभोक्ता समिति
४	भिमवाली टोलमा बोरिंङ	बोरिंङ	१०० बिघा		मौसमी	उपभोक्ता समिति
४	पिपरिया टोलमा बोरिंङ	बोरिंङ		१०० घरधुरी	मौसमी	उपभोक्ता समिति

४	बाटो नम्बर ११ मा डिप बोरिंङ	बोरिंङ		५० घरधुरी	मौसमी	उपभोक्ता समिति
५	नारायणी भूमिगत डिप बोरिंग	भूमिगत	६० बिघा	१५०	बर्सभरी	उपभोक्ता समिति
५	भिम्वाली डिप बोरिंग	भूमिगत	६१ बिघा	२८७	बर्सभरी	उपभोक्ता समिति
५	पदमपुर डिप बोरिंग	भूमिगत	६२ बिघा	३००	बर्सभरी	उपभोक्ता समिति
५	अन्नपुर्ण धरातलीय जलाधार क्षेत्र	भूमिगत	६३ बिघा	२५०	बर्सभरी	उपभोक्ता समिति
५	मिलिजुली डिप बोरिंग	भूमिगत	६४ बिघा	२००	बर्सभरी	उपभोक्ता समिति
६	थाङ्गबुङ्ग-काली खोला १,२,३ साखा	थाङ्गखोला, बुङ्ग खहरे			मौसमी	मर्मत आबस्यकता
६	कयर खोला - भुतीय	कयर खोला			मौसमी	मर्मत आबस्यकता
६	कयर खोला - भुतीय	कयर खोला			मौसमी	मर्मत आबस्यकता
७	कायर खोला कालिका जाल उपभोक्ता समिति	कयर खोला	३५० हेक्टर	७००	बर्षैभरि	आबश्यकता अनुसार
७	गंगटे चिसापानी सिंचाई	कयर खोला	१५० हेक्टर	३५०	बर्षैभरि	आबश्यकता अनुसार
८	नमुना जल उपभोक्ता संस्था	कयर खोला				
८	चुहार खोला सिंचाई	चुहार खोला	६० बिघा	१६०	बर्षै भरि	ब्यबस्थित नभएको
८	मूलबारे सिंचाई	कयर खोला	३० बिघा	५०	बर्षै भरि	ब्यबस्थित नभएको
८	घोरवाङ करेतघारी	कयर खोला	८२ बिघा	१२०	बर्षै भरि	ब्यबस्थित नभएको
८	घोखाङ देवीटार कुलो	कयर खोला	७० बिघा	१३०	बर्षै भरि	ब्यबस्थित नभएको
८	मझुवा सिंचाई	कयर खोला	५० बिघा	११०	बर्षै भरि	ब्यबस्थित नभएको
८	गंगटे कालिका सिंचाई	कयर खोला	२० बिघा	५०	बर्षै भरि	ब्यबस्थित नभएको
९	सुलियर सिचाई	शान्ति खोला	९३	२५०	बर्षाभरि	उपोभोक्ता समाती
९	गौदघारी	कयर खोला	१०	२५	बर्षाभरि	उपोभोक्ता समाती
९	चाइनारङ्ग सिचाई	शक्ति खोला	१५	३५	बर्षाभरि	उपोभोक्ता समाती

९	दोगर सिचाई	शान्ति खोला	४०	१००	बर्षाभरि	उपोभोक्ता समाती
९	संफत्यंग सिचाई	शक्ति खोला	३०	७०	बर्षाभरि	उपोभोक्ता समाती
१०	बिबुबतार सिचाई	खोल्सो	१५ बिघा	१००	सधै	छ
१०	ग्यांगरंग सिचाई	खोल्सो	१५ बिघा	३०	सधै	छ

(वडा भेला/छलफल र स्थलगत सर्वेक्षण)

२.४.९. भूमि प्रयोग तथा शहरीकरण

कालिका नगरपालिकाको क्षेत्रफल १४९.०८ ब.कि.मी. रहेको छ । घरधूरी सर्वेक्षण २०७६ अनुसार यस नगरपालिकाको भू-उपयोगको अवस्था विश्लेषण गर्दा आवादी र खेति गरिएको जमिन २३.२ प्रतिशत, जंगलले ओगटेको भुभाग ७१.१ प्रतिशत, घाँसे मैदान ०.२ प्रतिशत, झाडी तथा बुट्यान २.४ प्रतिशत, वलौटे भूभाग १.९ प्रतिशत बाँझो जमिन रहेको ०.९ प्रतिशतर र पानीको भूभाग ०.३ प्रतिशत देखिन्छ ।

२.४.१०. भूमिहीन तथा सुकुम्बासी

कालिका नगरपालिकामा ४६५ घरधूरी परिवार सुकुम्बासी रहेको पाइएको छ । जसमध्ये लालपूर्जा बिहीन, भूमिहीन, दैवि प्रकोप पिडीत, नामसारी हुन नसकेका लगायतका सुकुम्बासीहरु रहेका छन् । हालसम्म नगरपालिकामा सुकुम्बासी व्यवस्थापनमा खासै समस्या देखिएको छैन । संघीय सरकारद्धारा गठित भूमि आयोग मार्फत विद्यमान सुकुम्बासी समस्या समाधान गर्ने कार्य शुरु भै सकेको छ । हाल नगरपालिकाको १, २, ३, ४, ५ र ८ वडाहरुमा सुकुम्बासीहरुलाई अस्थायी बसोबासको व्यवस्था मिलाइएको छ ।

तालिका 22: नगरपालिकामा रहेका भूमिहीनको विवरण

वार्ड नं.	बस्तिको नाम	घरधुरी संख्या	समस्याहरु	समाधानका उपाय
१	सुकुम्बासी बस्ति सुन्दर बस्ति	४०	सुकुम्बासी	सुकुम्बसीलाइ जग्गा उपलब्ध गरिदिनु पर्ने
२	बलरामपुर टोल	८	सुकुम्बासी	सुकुम्बसीलाइ जग्गा उपलब्ध गरिदिनु पर्ने
३	शान्ति टोल	१२०	लालपुर्जा बिहिन	सम्बन्धित निकायबाट पहल हुनुपर्ने
४	विहानी टोल, दीपशिखा टोल, छिमेकि टोल, भिमवाली टोल	८०		लाल पुर्जा नभएको
५	बादरझुला बस्ति	१७	भूमिहीन, आब्यबस्थित बसोबास	भूमिहीन,अब्यबस्थित बसोबास
८	समग्र कालिका वार्ड नम्बर ८ भरि		दैविक प्रकोप वाडी, पैरो, वसोबास गरेको, बत्तिको समयमा जाँच हुनपर्ने	दैविक प्रकोप वाडी, पैरो, जनसंख्या वृद्धि
११	मजवाङ	२००		जग्गाको नापजाँच गरी जग्गा धनीलाई पुरा वितरण गरी वडा संग समन्वय गर्ने

(वडा भेला/ छलफल, २०७९)

२.५. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

२.५.१. वन तथा जैविक विविधता

नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ। पर्यावरणीय सन्तुलनका दृष्टिकोणले कुल जमिनको ४० प्रतिशत जमिन वन क्षेत्रले ढाकिएको हुनुपर्दछ । कालिका नगरपालिकाको क्षेत्रफल १४९.०८ ब.कि.मी. रहेको छ । यस नगरपालिकाको भू-उपयोगको अवस्था विश्लेषण गर्दा जंगलले ओगटेको भुभाग ७१.१ प्रतिशत, घाँसे मैदान ०.२ प्रतिशत, झाडी तथा बुट्यान २.४ प्रतिशत, वलौटे भूभाग १.९ प्रतिशत बाँझो जमिन रहेको ०.९ प्रतिशतर र पानीको भूभाग ०.३ प्रतिशत देखिन्छ ।

नगरपालिकामा रहेका सामुदायिक वनहरु स्थानीय वन उपभोक्ता समुहद्वारा संरक्षण तथा व्यवस्थापन हुदै आइरहेका छन् । यी समुहले वनको संरक्षणका लागि वृक्षारोपण गर्ने, आगलागिबाट बचाउन अग्निरेखा बनाउने, समुहका सदस्यहरुबीच बचत तथा ऋण लगानी गर्ने तथा घास, दाउरा, काठ, स्याउला, पत्कर, जडिबुटी, चरिचरन आदिको प्रयोग गरिरहेका छन । यस नगरपालिकाभित्र रहेका वन उपभोक्ता समितिहरुको विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ः

तालिका 23 कालिका नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरु

वार्ड नं.	बनको नाम	क्षेत्रफल (हेक्टर)	उपभोक्ता समितिको नाम	उपभोग गर्ने वस्ति	लाभान्वित घरधुरी	मुख्य वनस्पती	मुख्य पशुपंक्षि
१	चतुर्मुखी सामुदायिक बन उपभोक्ता समिति	१९६.६५	चतुर्मुखी सामुदायिक बन उपभोक्ता समिति	गडुवा बस्ति	४००	सिसौ , पड्के , साल, खयर	गैडा , बाघ , चित्रि , मयुर , बदेल , खरायो , हात्ती, बादर, कालिज
२	थाङ खोला सामुदायिक बन	१९९		कालिका १,२,३,६,४	१९६५	पड्के,, सिस्नु, उन्यूउ, बास, पिसलो, सिमल	गैडा ,बाघ,चितुवा,बदेल, बादर,बन कुखुरा
२	थाङ खोला सामुदायिक बन	१९९ हेक्टर		कालिका १,२,३,६,४	वार्ड ३ को वार्डहरु मात्रको	पड्के,, सिस्नु, उन्यूउ, बास, पिसलो, सिमल	गैडा ,बाघ,चितुवा,बदेल, बादर,बन कुखुरा,मृग
४	पदमपुर सामुदायिक बन उपभोक्ता समिति		पदमपुर सामुदायिक बन उपभोक्ता समिति	कालिका - ४,१ र रत्ननगर			
५	भिमवाली सामुदायिक बन	१९९ हेक्टर	भिमवाली सामुदायिक बन उपभोक्ता समिति	साविक पदमपुर ५ र ६	७६५	मेलर, पड्के, सिमल, साल, सिसौ, खयर, गैडा,बाघ,चिता	बादर,हरिण,बदेल,
६	उदयपुर सामुदायिक बन	१९९ हेक्टर	उदयपुर सामुदायिक बन उपभोक्ता समिति			सिमल, साल,मेल्दर, पड्के आदि	बाघ,गैडा,जरायो,खरायो,मृग आदि
७	उदयपुर सामुदायिक बन उपभ्कता समिति	१९९ हेक्टर	२३ जना	रत्ननगर नगरपालिका १४, १५, कालिका ७, ८, ६	५५००	साल, करम, पड्के आदि	बाघ,गैडा,जरायो,खरायो,मृग आदि

वार्ड नं.	बनको नाम	क्षेत्रफल (हेक्टर)	उपभोक्ता समितिको नाम	उपभोग गर्ने वस्ति	लाभान्वित घरधुरी	मुख्य वनस्पती	मुख्य पशुपंक्षि
८	श्री अमलाचुली सामुदायिक बन उपभ्कता समिति	२१५	श्री अमलाचुली सामुदायिक बन उपभ्कता समिति	गैरी वारी	२८४	साल	कालिज, मृग, बदेल, बादर, विभिन्न जातिका चारहरु
९	जन प्रगति	१५०.२५	जन प्रगति सा ब ,सो स्किखोर -१ र ५	सेबंगेटोल , भण्डारी टोल	३२५	साल चिलाउने	मुगा , बदेल , बादर , स्याल ,
१०	देउजा सामुदाहिक बन			देउजर	६०	साल , च्युरी , आप , चिलाउने , चाप , सिमल आदि	बादर , चराचुरिंगी , स्याल , लोखर्के , सर्प, घोरल आदि
११	इन्द्रेणी सामुदायिक	४५०.२२	इन्द्रेणी सामुदायिक	मज्वाङ, खोला गाउँ,क्ङजेक र	३६१	साल, कसना, चोप, हर्रोबर्रो	मिर्ग, कालिज, चितुवा, बदेंल, बाँदर, बाघ,
११	चित्रम कमान्चुली	३३०.	चित्रम कमान्चुली	चेकरा,नौला पुर	९०	साल, गाइखुरे, सेतोबरा, गुर्जो, अमला, लालीगुराँस	मिर्ग, कालिज, चितुवा, बदेंल, बाँदर, बाघ,

(वडा भेला/ छलफल, २०७९)

यहाँका वन क्षेत्रमा पाइने मुख्य वनस्पतिमा साल, सिसौ, चाँप, चिलाउने, सिमल, मेलर, पडके, खयर, कदम आदी हुन भने वनस्पतिमा अमला, गुर्जो, लालिगुराँस, हर्रोबर्रो, उन्यू, बाँस, पिसलो आदी हुन । यहाँका जङ्गलहरुमा बाघ, चितुवा, बँदेल, मृग, बाँदर, स्याल, गैंडा, जरायो, हरिण, हात्ती, खरायो लगायतका जनवारहरु पाइन्छन् भने पंक्षी तर्फ कालिज, मयुर, बट्टाई, सुगा, काग, हाँसका प्रजाति लगायतका चराचुरुङ्ग पाइन्छन । यसैगरी विभिन्न प्रजातिका सर्प, घोरल, लाथर्के लगायतका जनवारहरु पाइन्छन् । यस प्रकारको वन जंगल तथा यहाँ पाइने जनावार एवं पक्षीहरुको उपस्थितिले यो नगरपालिका जैविक विविधताको दृष्टिकोणले धनी रहेको मान्न सकिन्छ ।

तर, यसका वावजुद पनि एकातिर वन तथा जनवार एवं पशुपंक्षी संरक्षमा केही समस्याहरु रहेका छन् । वन जंगलको अवैध कटान, चोरी, आगलागी तथा बाढी पहिरोका कारण वन क्षेत्र विनास हुनु, जंगली नाकाहरु धेरै हुनाले अनधिकृत क्रियाकलाप हुनु, वन पैदावार ढुवानी समस्या, पर्याप्त मात्रामा वृक्षारोपण हुन नसक्नु आदी लगायतका समस्याहरु छन् भने अर्कोतिर केही उपभोक्ताहरुले घर बनाउन काठ नपाउने, पर्याप्त घांसे मैदानको अभावले घाँस काट्न नपाउने, जंगली जनवारबाट बाली नोक्सानी हुने गरेको, उचित सामुदायिक वन नीतिको अभाव जस्ता समस्याहरु रहेको कुरा बताएका छन् ।

२.५.२. प्राकृतिक प्रकोप जोखिम क्षेत्र

यस नगरपालिकामा प्राकृतिक प्रकोपका दृष्टीले जोखिमयुक्त स्थानहरू धेरै रहेका छन् । बाढी, पहिरो, आगलागी, हावाहुरी यहाँका प्रमुख प्राकृतिक प्रकोपहरू हुन । यस्ता प्रकोपको नियन्त्रणको लागि कुनै ठोस कदम चालिएको छैन । यद्यपी सडकछेउको पहिरो जोखिम क्षेत्रमा ग्याविन वाल बनाउने, सामुदायिक वनहरूमा अग्नी घेरा निर्माण गर्ने, सुकेका काठ तथा पत्कर सफा गर्ने, वृक्षारोपण गर्ने, नदि नियन्त्रण गर्ने जस्ता जोखिम न्यूनीकरणका प्रयास हुदै आइरहेका छन् । स्थलगत अध्ययन २०७९ का अनुसार नगरपालिकामा रहेका प्राकृतिक प्रकोप क्षेत्रहरु यसप्रकार छन् ।

तालिका 24: नगरपालिकामा रहेका प्रकोप जोखिम क्षेत्रको विवरण

वार्ड नं.	जोखिम क्षेत्रको नाम	जोखिम हुनुको कारण	विपदवाट पर्न सक्ने असर	जोखिम न्यूनीकरणका लागि भएका प्रयासहरु
१	सुन्दर बस्ति समिपुर स्कुल साइड गडुवा चतुर्मुखी बन सिमाना	जलवायु परिबर्तनको कारण अल्प बृष्टी अति बृष्टी , जंगली जनावरको बस्ति प्रवेश	जनधनको क्षेति , वालीनालीको क्षेति	जैविक तारबार , जैविक तटबन्धनको प्रयास, कुलकुलेसो ,नदि कटान गर्ने ठाउँमा बस्ति बस्न रोक
२	स्वर्णिम टोल	बंङ खहरे	डुबान	वर्षामा आउने बढीलाई बस्तीमा पस्न रोक्ने र ब्यबस्थित सिंचाई
२	खेखारिया टोल	अधिक वर्षा	बालीनाली नोक्सानहरु	
२	प्रगति टोल	निकाश नहुनु , अब्यबस्थित सिंचाई	बाटो क्षति	
३	कालिका ३ मिलिजुली टोल ,दीपज्योति टोल,ब्रम्ह टोल,हरियाली,टोल र जनविकास टोल	थाङखोला र बुङ खहरेमा बाढी आएर	घर,गोठ डुबान,बालीनाली पुरिदिने आदि	
४	खोला कटान	गिट्टी, बालुवा निकाल्नाले	बस्ति कटान हुने	टतबन्धन, तार जालि
४	भिमवाली मन्दिरमा डुबान	पानि निकास नभएको	सुकुम्बासी बस्तिको समुदाय डुबानमा	टतबन्धन, तार जालि
४	ढल निकास नभएको	बाटोमा पनि जम्ने	फोहोर बढ्ने	ढल निकासको लागि हेमपाइप राख्न पर्ने
४	चोकहरुमा दुर्घटन			प्रत्यक चोकमा ट्रफिक लाइट राख्न पर्ने
५	पदमपुर सामुदायिक	वर्ष याममा बाडी पहिरो र कटान, बनमा आगो लागेको समस्या	बन क्षेत्रको सिमानामा हार तथा जमिन कटान हुने बस्तिमा आसर हुने	खोलाको तटबन्धन ,जनचेतना कार्यक्रम हुन पर्ने
६	वेलचौर	खोला उचित रुपमा व्यवस्था नभएको	कटान तथा डुबान	उल्लेखित खोलाहरुलाई तार बन्धन,मुहान ब्यबस्थापन गर्न पहल मात्र भएको
६	गुरौचौर , खोलेसिमल	खोला उचित रुपमा व्यवस्था नभएको	कटान तथा डुबान	उल्लेखित खोलाहरुलाई तार बन्धन,मुहान ब्यबस्थापन गर्न पहल मात्र भएको

वार्ड नं.	जोखिम क्षेत्रको नाम	जोखिम हुनुको कारण	विपदवाट पर्न सक्ने असर	जोखिम न्यूनीकरणका लागि भएका प्रयासहरु
६	क्लबचोक, लाहुरे चोक,	खोला उचित रुपमा व्यवस्था नभएको	कटान तथा डुबान	उल्लेखित खोलाहरुलाई तार बन्धन,मुहान ब्यबस्थापन गर्न पहल मात्र भएको
६	भटेनी,नयाटोल	खोला उचित रुपमा व्यवस्था नभएको	कटान तथा डुबान	उल्लेखित खोलाहरुलाई तार बन्धन,मुहान ब्यबस्थापन गर्न पहल मात्र भएको
६	सुर्यपुर ,जमुनापुर	खोला उचित रुपमा व्यवस्था नभएको	कटान तथा डुबान	उल्लेखित खोलाहरुलाई तार बन्धन,मुहान ब्यबस्थापन गर्न पहल मात्र भएको
७	सगुन टोल, रुम्बर टोल	बर्षायाममा बर्ष बढी भयको कारणले बाढीको कारण सबै घरहरु डुबान हुने	बाढी आइ घरहरु डुबान तथा कटान र खेतीपाती नष्ट हुने	ठाउँ ठाउँमा तार, जाली लगाउन पर्ने
७	स्याउली बजार	बर्षायाममा बर्ष बढी भयको कारणले बाढीको कारण सबै घरहरु डुबान हुने	बाढी आइ घरहरु डुबान तथा कटान र खेतीपाती नष्ट हुने	ठाउँ ठाउँमा तार, जाली लगाउन पर्ने
७	लाहुरे चोक	बर्षायाममा बर्ष बढी भयको कारणले बाढीको कारण सबै घरहरु डुबान हुने	बाढी आइ घरहरु डुबान तथा कटान र खेतीपाती नष्ट हुने	ठाउँ ठाउँमा तार, जाली लगाउन पर्ने
७	जुटपानी कालिका	बर्षायाममा बर्ष बढी भयको कारणले बाढीको कारण सबै घरहरु डुबान हुने	बाढी आइ घरहरु डुबान तथा कटान र खेतीपाती नष्ट हुने	ठाउँ ठाउँमा तार, जाली लगाउन पर्ने
८	गैरिवारी अमलाचुली सामुदायिक बन उपभोक्ता समिति	बढी पहिरो	बस्ति पुर्नासकने	ब्रिक्षरोपन, तटबन्धन र ठाउँ ठाउँमा जाली
८	मंगलदेवी सामुदायिक ब उपभोक्ता समिति	बढी पहिरो	बस्ति पुर्नासकने	ब्रिक्षरोपन, तटबन्धन र ठाउँ ठाउँमा जाली
८	कालिका सामुदायिक बन उपभोक्ता समिति	बढी पहिरो	बस्ति पुर्नासकने	ब्रिक्षरोपन, तटबन्धन र ठाउँ ठाउँमा जाली
८	धारापानी सामुदायिक बन उपभोक्ता समिति	बढी पहिरो	बस्ति पुर्नासकने	ब्रिक्षरोपन, तटबन्धन र ठाउँ ठाउँमा जाली
८	देवीढुंगा र चेलीपेटी सामुदायिक बन उपभोक्ता समिति	बढी पहिरो	बस्ति पुर्नासकने	ब्रिक्षरोपन, तटबन्धन र ठाउँ ठाउँमा जाली
९	बडहरे कोलर खोला	चुन उत्खलन अबेबस्थित	खेत यौग्य जमिन	बन फडान नगर्ने
९	सम्फत्यङ्ग खोला	बाटो निर्माण खोरिया	कटान बास आबासको क्षेत्र	तारजाली , बुरुवा रोप
९	टुमारी खोला	जला फडानी आगोलागि		
९	सिन्ति कभर खोला			
९	कुवापानी खहरे खोला			
१०	देउजर			
१०	पाइमारांग			
१०	छेरेबंग			

वार्ड नं.	जोखिम क्षेत्रको नाम	जोखिम हुनुको कारण	विपदवाट पर्न सक्ने असर	जोखिम न्यूनीकरणका लागि भएका प्रयासहरु
११	नपालीङ	बाढी	१२	
११	रन्टेज बजार	बाढी	३०	
११	खोर्लीङ	पहिरो	९	
११	खिड्की	पहिरो	३	
११	चेउराङ	पहिरो	३५	
११	मझ्वाङ	पहिरो	७०	
११	रिक्टेस+ कामि गाउँ	बाढी	७	
११	वडा भरि	चट्याङ		सामान्य आर्थीङ तर असफल
११	सेवाङ, डागीटार	आगोलागी	७०	
११	सैपाङ	जंगली जनावर	६५	बाटोको सीमाना नाछुटियकोले कारण तरबार लगाउन समस्या

(स्थलगत अध्ययन , २०७९)

स्थानीयका अनुसार अन्य स्थानमा जस्तै यहा बेमौसमी पानी पर्ने, बालीनाली पाक्ने समयमा परिवर्तन, फुल फुल्ने समयमा परिवर्तन, पानीका मुल सुक्दै जानु, नयाँ- नयाँ प्रजातिका फल फल्ने तथा स्थानीय रैथाने जातिका विउ विजन हराउदै गएका, कृषि तथा पशुमा नयाँ रोग देखिनु जस्ता जलवायु परिवर्तनका प्रभाब देखिदै गईरहेका छन् ।

२.५.३. महामारी तथा विपद व्यवस्थापन

महामारी तथा विपद्का घटनाले यस नगरपालिकालाई पनि प्रभाव पारेको छ । समय समयमा देखिने महामारीमा झाडापखाला, लामो समयसम्म आउने ज्वरो, रुघालाई मुख्य महामारीका रुपमा लिन सकिन्छ । विगत देखि नै विश्वव्यापी रुपमा फैलिएको कोरोना यस नगरपालिकामा पनि फैलिएको थियो ।

यसैगरी विभिन्न विपद्का घटनाले पनि यस नगरपालिकालाई अछुतो राखेको छैन । आगलागी, बाढी÷ढुवान, पहिरो, शितलहर, रोग महामारी, सर्पदंश, जंगली जनवारबाबट क्षति, भुकम्प, चट्याङ आदी विपद्वाट मानवीय क्षति समेत भएका छन् । स्थलगत अध्ययनका आधारमा यस नगरपालिकामा विगत पाँच वर्षमा बाढी डुवानबाट तीन जना, पहिरोबाट १ जना, चट्याङबाट ६ जनाको मृत्यु र २१ जना घाइते भएको देखिन्छ । यस अवधिमा उल्लेखित विपद्का घटनाहरुबाट भएका घाईतेहरुको संख्या अधिक रहेको जानकारी पाइयो । आर्थिक क्षति तर्फ विगत पाँच वर्षमा पुल पुलेसा क्षति हुँदा करीब चार लाख, आगलागीबाट सात लाख बराबरको घर गोठ, दश लाख बराबरको अन्नबाली, बाढीबाट रु. एक करोड बराबरको पशुपंक्षी, एक कराड तीन लाख बराबरको घरगोठ र एक करोड पचास लाख बराबर बाली तथा जग्गाजमीनको क्षति भएको अनुमान गरिएको छ । यस अवधिमा जंगली जनवारबाट करिव ३७५ परिवारको बालीनाली नष्ट भएको जसको मूल्य करिब पचास लाख रुपंयाँ बराबर भएको अनुमान छलफलका क्रममा प्राप्त भयो ।

महामारी तथा विपद् व्यवस्थापनका लागि केन्द्र, प्रदेश, जिल्ला र स्थानीय स्तरमा गठित समितिहरुले महामारी तथा विपद् रोकथामका लागि कुनै ठोस नीति तथा कार्यक्रम नल्याएको गुनासो आम जनताको रहेको पाइन्छ । विपद्का घटना घटे पश्चात उद्दार तथा सामान्य राहत वितरण बाहेक अन्य उल्लेख्य काम नभएको जानकारी छलफलको क्रममा पाइयो । हुनत् केही पहिरो रोकथाम तथा तटबन्ध निर्माणका काम नभएका होइनन, तर यतिमा मात्र आगामी दिनमा ठूलो विपद्का घटना आईलागे ठूलो क्षति व्यहोर्नुपर्ने त्रास स्थानीय बासीमा रहेको देखिन्छ ।

२.६. सुशासन तथा संस्थागत व्यवस्था

२.६.१. स्थानीय ऐन तथा कानुनहरु

स्थानीय तहलाई नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४, तथा अन्य विभिन्न कानुनले दिएको अधिकार प्रयोग गर्न, नगरपालिकाको दैनिक प्रशासन संचालन गर्न तथा नगरपालिकाबाट हुने कामकाज पारदर्शी, जवाफदेही, उत्तरदायी बनाई सुशासन कायम गर्न तथा स्थानीय जनातालाई पुर्याउनु पर्ने सेवा सुबिधा निर्बाध रुपमा छिटो छरितो रुपमा पुर्याउन नगरसभाले विभिन्न कानुन तयार गरी लागु गरेको छ । कालिका नगरपालिकाले तर्जुमा गरी लागु गरेका कानुनहरु देहाय बमोजिम छन् ।

१. कालिका नगरपालिकाको आर्थिक ऐन, २०७९
२. कालिका नगरपालिकाको विनियोजन ऐन, २०७९
३. प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
४. स्थानीय वन ऐन, २०७७
५. कालिका नगरपालिका प्राविधिक शिक्षा छात्रवृत्ती वितरण कार्यविधि, २०७७
६. कालिका नगरपालिका प्रधानाध्यापक छनोट तथा व्यवस्थापन कार्यविधि, २०७७
७. कालिका नगरपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
८. कालिका नगरपालिकाको खनीजन्य तथा खनिज पदार्थ (ढुंगा, गिट्टी, बवालुवा, ग्राभेल, रोडा, माटो) पदार्थ उत्खनन र संकलन तथा विक्री वितरण सम्बन्धी कार्यविधि, २०७७
९. कालिका नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०७७
१०. कालिका नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण निर्देशिका, २०७५
११. कालिका नगरपालिका लैङ्गिक मैत्री समुदायमा आधारीत घटना व्यवस्थापन तथा प्रेषण प्रणाली मार्गदर्शन, २०७७
१२. कालिका नगरपालिका लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७
१३. कालिका नगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७७
१४. कालिका नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन तथा व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७७
१५. कालिका नगरपालिकाको अनुदान, आर्थिक सहायता तथा ऋण तथा सापटी दिने सम्बन्धी निर्देशिका, २०७७
१६. कालिका नगरपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न वनेको विधेयक, २०७८
१७. आर्थिक कार्यबिधि नियमित तथा व्यवस्थित गर्न वनेको कानुन, २०७६
१८. अनुदानको मल वितरण व्यावस्थापन निर्देशिका, २०७७
१९. कालिका नगरपालिकाको एक विद्यालय एक फुलवारी व्यव्थापन कार्यविधि, २०७६
२०. कालिका नगरपालिकाको म्याचिङ फन्ड परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६
२१. कालिका नगरपालिकाको आवासीय छात्रावास व्यवस्थापन र सञ्चालन कार्यविधि, २०७६
२२. कालिका नगरपालिकाको कार्यसम्पादनमा आधारीत प्रोत्साहान कार्यविधि, २०७६
२३. कालिका नगरपालिकाको घरेलु तथा साना उद्यम प्रवर्धन कार्यविधि, २०७६
२४. कालिका नगरपालिकाको स्वास्थ्य संस्था, दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६
२५. कालिका नगरपालिकाको विपन्न परिवारका लागी मेयर आवास कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७६

२६. कालिका नगरपालिका घरेलु तथा साना उद्योग प्रवर्धन ऐन, २०७६
२७. कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने), २०७४
२८. कालिका नगरपालिकाको सहकारी ऐन, २०७४
२९. कालिका नगरपालिकाको कार्यनगरपालिका (कार्य सम्पादन) निमयावाली, २०७४
३०. कालिका नगरपालिकाको घ वर्गको व्यवसायी ईजाजतपत्र कार्यविधि, २०७४
३१. कालिका नगरपालिकाको एफ।एम। रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४
३२. कालिका नगरपालिकाको व्यवस्या दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७५
३३. कालिका नगरपालिकाको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४

२.६.२. समिति गठन

नगरकार्यनगरपालिकाबाट गरिने कार्यलाई नियमित तथा व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ र नेपालको संबिधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरी कालिका नगरपालिकाले विभिन्न विषयगत समितिहरु बनाई नगरपालिकाको कार्य सम्पादन गरिरहेको छ । यस्ता समितिमा कार्यनगरपालिका सदस्यहरु संयोजक तथा सदस्य रहन्छन । नगरपालिकामा देहायका ६ वटा समिति तथा उपसमितिहरु गठन भएका छन् ।

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति
ख. आर्थिक विकास समिति
ग. सामाजिक विकास समिति
घ. पूर्वाधार विकास समिति
ङ. वातावरण तथा विपद व्यवस्थापन समिति
च. विधेयक समिति

२.६.३. संस्थागत व्यवस्था तथा सुशासन

कुशल मानव संसाधन, संस्थागत क्षमता र साधनहरू संगठन विकासका आधारभूत तत्व हुन्। संगठनले अपनाएका नीति, रणनीति, योजना, कार्यक्रम तथा अन्य कारकहरू हुन्, जसले संगठनको कुशल व्यवस्थापनमा तथा संचालनमा महत्त्वपूर्ण भूमिका खेल्दछन । त्यसैगरी नीति, रणनीति, योजना तथा कार्यक्रमले पूर्व निर्धारित उद्देश्यहरू प्राप्त गर्न संगठनलाई मार्गनिर्देशन समेत गर्दछ । यी आधारभूत तत्व बिना संगठनको समुचित विकास सम्भव छैन । त्यसैले परिमाणमुखी विकास प्राप्त गर्न योजना, कार्यक्रम र रणनीतिहरूको संयोजन आवश्यक छ । जनसहभागिता, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गरी स्थानीय सरकारको कार्य र सेवा वितरण संयन्त्र सजिलो, छिटो छरितो, प्रभावकारी र सेवाग्राही मैत्री हुनुपर्दछ । त्यसैगरी नगरपालिका योजना तथा कार्यक्रम तयार गर्दा स्रोत साधनको अधिकतम उपयोग गर्ने, सामाजिक समावेशीकरण एवं समानतालाई आत्मसाथ गर्ने जस्ता विषयलाई ध्यानमा राखेर तयार गर्नुपर्दछ ।

सेवाग्राहिलाई छिटो छरितो रूपमा सेवा प्रवाह गर्न तथा तोकिएको समयमा कार्य सम्पादन गर्न क्षमता विकासका विभिन्न तालिमहरू संचालन साथै सुचना तथा प्रविधिको अधिकतम उपयोग गरी नगरपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउनु जरूरी छ । स्थानिय सरकार संचालनका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनसंख्याका आधारमा स्थानीय सरकारलाइ निर्देशन गर्न दरबन्दी तेरिज निर्धारण गरेको छ । यद्यपी स्थानीय तहको आवश्यकता र क्षमताका आधारमा दरबन्दी सृजना गर्न तथा कर्मचारी भर्ना गर्न सक्ने व्यवस्था समेत रहेको छ ।

२.६.४. संगठनात्मक विकास

मानव संसाधनको अवस्था

हाल नगरपालिकाका विभिन्न शाखा तथा वडामा गरी जम्मा ..... जना स्थायी कर्मचारी रहेका छन् । जसमध्ये प्रमुख प्रशासकिय अधिकृत सहित ..... जना अधिकृत स्तरका र बाँकि ..... जना सहायक स्तरका कर्मचारी छन् । त्यसैगरी नगरपालिकामा अस्थायी तथा करार दरबन्दीमा ..... जना कर्मचारी कार्यरत छन् । प्रमुख प्रशासकीय अधिकृतलाई नगरपालिकामा कर्मचारी व्यवस्थापनको संरचनाको शीर्ष स्थानमा राखिन्छ । नगरपालिकामा अधिकतम कर्मचारीहरू सहायक तहका रहेका छन् । यी कर्मचारीहरु विभिन्न शाखा तथा उप-शाखामा रहेर कार्य सम्पादन गरिरहेका छन् ।

नगरपालिकाको सेवा प्रवाहको चाप र कार्क्षेत्रका आधारमा संगठन संरचना अध्ययन गरी सोही बमोजिम कर्मचारी दरवन्दी स्वीकृत र कार्य विवरण तयार गर्नु पर्नेमा हालसम्म यस नगरपालिकामा सो अध्ययन भएको छैन । जसले गर्दा विगतमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको संगठन संरचना अनुसार नै नागरपालिकाले सेवा प्रवाह गरिरहेको छ । नगरपालिकाले विद्यमान ऐन कानूनले दिएको अधिकार अनुसारको सेवा प्रवाह गर्न आवश्यक जनशक्ति र तिनीहरुको कार्यविवरण समेटिएको संगठन संरचना अध्ययन यथासक्य गर्नु पर्ने देखिन्छ ।



नगरपालिकामा सबै तहका कर्मचारीहरुको कार्य विवरण तयार गरिएको छ । जसले कर्मचारीको दायित्व तथा कार्य दयारा प्रष्ट भई सेवा प्रवाह उतरदाई तथा पारदर्शी हुन्छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोके बमोजिम कर्मचारीको कार्यक्षमता मुल्यांकन गर्ने गरिएको छ जसमा बिषयबस्तुको ज्ञान र सिप,गोपनियता राख्ने क्षमता, निर्देशानुसार काम गर्न सक्ने क्षमता, उपस्थिति र समय पालना, ईमान्दार र नैतिकता र अनुशासनका आधारमा कर्मचारीको मूल्यांकनका गर्ने गरिएको छ । नगरपालिकाका कर्मचारीहरुको कार्य सम्पादन सम्झौता भने लागु गरिएको छैन ।

कर्मचारीको कार्य क्षमता तथा वृत्ति विकासका लागि विभिन्न संघ, संस्था, प्रदेश तथा संघ बाट समय समयमा विभिन्न विषयमा आयोजना हुने तालिम, प्रशिक्षण तथा सेमिनारमा कर्मचारीहरु सहभागी हुने गरेका छन् ।

शाखा

हाल नगरपालिकाको कार्यालयमा शिक्षा शाखा, कृषि शाखा, आर्थिक प्रशासन शाखा, स्वास्थ्य शाखा, आर्थिक विकाश शाखा, व्यवसाय दर्ता तथा भुमि व्यवस्थापन शाखा, पुर्वाधार विकाश शाखा, प्रशासन शाखा, भवन शाखा, वन वतावरण विपद् शाखा, योजना शाखा, पुशु सेवा शाखा, सूचना प्रविधि शाखा, प्रधानमन्त्री रोजगार कार्यक्रम शाखा, महिला वालवालिका तथा जेष्ठ नागरीक शाखा, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, जिन्सी शाखा गरि १७ वटा शाखाहरु रहेका छन् ।

२.६.५. योजना व्यवस्थापन

सूचना प्रविधिको प्रयोग

नगरपालिकामा सूचना प्रबिधिको प्रयोगमा सामान्य रुपमा हुदै आएको देखिन्छ। नगरपालिकाको वेवसाईट तयार भई प्रयोगमा आएको छ । नगरपालिकामा भएका सूचना तथा निर्णयहरु, कानुन, विभिन्न अध्यय प्रतिवेदन तथा नगरपालिकाबाट भएका काम कारबाहीहरु वेवसाईट मार्फत प्रकाशन गर्ने गरिएको छ । त्यसैगरी नगरपालिका विभिन्न शाखाहरु बीच र वडा र नगरपालिकाबिच नेटवर्किङ गरिएको छ । यसबाट विभिन्न शाखामा भएका तथा वडामा भएका दैनिक काम कारबाही नगरपालिकामा स्वत: अध्यावधिक हुन्छ । नगरपालिकाको सार्वजनिक खरिद, खरिद ऐन २०६३ र नियमावली २०६४ को अधिनमा रही भैरहेको छ । खरिद प्रक्रिया पनि सूचना प्रविधिमा आधारित (e- Procurement) छ ।

कालिका नगरपालिकामा नागरिक बडापत्रको व्यवस्था गरिएको छ । जसले नागरिकलाई नगरपालिकाबाट सम्पादन हुने कार्य, सो कार्यका लागि आवश्यक कागजात, सम्बन्धित कर्मचारी तथा सेवा प्राप्त गर्न पुर्याउनु पर्ने सम्पूर्ण प्रक्रियाका बारेमा सहजै जानकारी प्राप्त हुन्छ ।

नगरपालिकामा हुने काम पारदर्शी बनाउन तथा कर्मचारीलाई उत्तरदायी तथा जवाफदेही बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण नियमित रुपमा हुन्छ । सेवा ग्राहिको गुनासो सुन्न तथा सेवालाई सेवाग्राही मैत्री बनाउन नगरपालिकामा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ । नगरपालिका तथा वडाबाट संचालन हुने सबै योजना तथा कार्यक्रमको नगरपालिका उपप्रमुखको नेतृत्वमा प्राबिधिक समेतको टोलीले अनुगमन तथा मुल्यांकन अनिवार्य रुपमा गर्ने गरिएको छ ।

२.६.६. स्रोत व्यवस्थापन

वि.सं. २०७३ फागुनमा नगरपालिकाको स्थापना भएपछी स्वायत्त सरकारको रुपमा कार्य संचालन गर्दै आइरहेको छ । नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धीका विभिन्न प्रावधानहरु रहेका छन् । नेपालको संबिधानको अनुसूची ८ मा भएको व्यवस्था अनुसार स्थानीय तहले विभिन्न विषयमा राजस्व संकलन गरिरहेको छ ।

मुख्यतया नगरपालिकाको आय स्रोतलाई अन्तरिक स्रोत र बाहय स्रोत गरी दुई भागमा बिभाजन गर्न सकिन्छ ।

अन्तरिक स्रोत: अन्तरिक स्रोतमा पनि कर राजस्व र गैर कर राजस्व गरी दुई प्रकारका कर संकलन गर्ने गरेको छ । घरजग्गा कर (मालपोत), एकिकृत सम्पति कर, व्यवसाय कर, बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, दर्ता नैकरण

दस्तुर, नक्शापास दस्तुर, नाता प्रमाणित दस्तुर, नक्शा फारम दस्तुर, सभाहल भाडा वापतको शुल्क जस्ता शिर्षकमा कर संकलन गरिरहेको छ । नगरपालिकाको स्वीकृत आर्थिक विवरण अनुसार आ.व. ०७८।०७९ मा आन्तरिक आय रु. १२,६४,१३,१४२ भएको देखिनछ ।

यसैगरी, विगत तीन वर्षको आन्तरिक आयको विश्लेषण गर्दा, आ.व. २०७५/०७६ मा कूल आय रु. ६२,०१,०६,००९ मा आन्तरिक आय रु.२,५१,१०,७५४ अर्थात ४%, आ.व. ०७६/०७७ मा कूल आय ८६,८९,९२,१२७ मा आन्तरिक आय रु. १,८५,४९,३२९ अर्थात २% र आ.व. ०७७।७८ मा कूल आय रु.७६,११,४८,१६८ मा आन्तरिक आय रु. २,२७,९०,८६५ अर्थात ३% रहेको देखिन्छ । उपरोक्त विवरणलाई हेर्दा सुरुको वर्ष भन्दा दोस्रो वर्ष आधा कम र तेस्रो वर्षमा दोस्रो वर्षभन्दा १% मात्र बृद्धि भएको देखिन्छ, जसलाई सन्तोषजनक रुपमा लिन सकिन्न, यसर्थ आगामी दिनमा आन्तरिक राजस्वको सम्भावित नयाँ स्रोत पहिचान, करका दायरा बृद्धि, कर असूली सम्बन्धी जनचेतना कार्यक्रम आदी ल्याएर आन्तरिक आयको हिस्सा बृद्धि गर्नु पर्ने देखिन्छ ।

बाहय स्रोत कालिका नगरपालिकाको आ.व. ०७८।०७९ को स्वीकृत आर्थिक विवरण अनुसार संघीय सरकारबाट प्राप्त (समानिकरण अनुदान, शशर्त अनुदान तथा समपूरक अनुदान) रु. ३९,८१,३६,२९६।७५, प्रदेश सरकारकबाट प्राप्त (समानिकरण, शशर्त र समपूरक) रु. ४,९७,९०,६०१।४८, राजस्व बाँडफाँड (संघ र प्रदेश) बाट रु. २१,३७,३६,१२१।८४ प्राप्त भएको देखिन्छ । आन्तरिक आय र जनसहभागिता समेत जोडदा आ.व. ०७८।०७९ को कूल आय रु. ७९,०१,६७,३८१।३३ भएकोमा बाह्य श्रोतको हिस्सा ८४% देखिन्छ । अर्थात आन्तरिक आयले १६% आम्दानी व्यहोरेको देखिन्छ । कालिका नगरपालिकाको आ.व. ०७६।७७ देखि आ.व. ०७८।०७९ सम्मको प्रक्षेपित र यथार्थ आय विवरण निम्न बमोजिम उल्लेख गरिएको छ ।

तालिका 25 नगरपालिकाको आ.व.२०७५/७६ देखि २०७८/०७९ सम्मको प्रक्षेपित र यथार्थ आय विवरण

आर्थिक वर्ष	प्रक्षेपित आय	यथार्थ आय	खर्च
२०७५/०७६	७१०८४३८६२	६२०१०६०१०	
२०७६/०७७	९२८५७४०००	८६८९९२१२७	
२०७७/०७८	११२०२८२३७०	७६११४८१६८	

श्रोत ः राजस्व सुधार कार्ययोजना, २०७८

जनसहभागिता परिचालन

कालिका नगरपालिकाले कुनै पनि पूर्वाधार विकास गर्दा लागत सहभागिताको नीति अवलम्बन गर्दै आईरहेको छ । पूर्वाधार विकासमा स्थानीय जनसहभागिता जुटाउन तथा सार्वजनिक सम्पति प्रति अपनत्वको भावना विकास गर्न जनसहभागिता एक उत्कृष्ट औजार हो । नगरपालिकामा विकास निर्माणका कार्यहरुमा स्थानियाहरुको सहभागिता लागत सहभागिता मार्फत गरिरहेको देखिन्छ । कालिका नगरपालिकामा आ.व. ०७८।७९ मा जनसहभागिता वापत रु. २०९१२२० बराबरको लागत साझेदारी भएको छ ।

विकास सझेदार संस्था

कालिका नगरपालिकामा विकास सझदार संस्थाले विभिन्न क्षेत्रमा सहयोग गर्दै आइरहेका छन् । यस्ता संस्थाले मुख्यतया सिप विकास, लैंगिक समानता, महिला सशक्तिकरण, बल संरक्षण, फोहोरमैला व्यवस्थापन, खेलकुद प्रवर्धन, वित्तीय साक्षरता, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, नेतृत्व क्षमता विकास, व्यवसायिक तथा सिपमुलक तालिम, वातावरण संरक्षण, प्रकोप व्यस्थापन, संस्कृति जगेर्ना, खानेपानी व्यवस्थापन जस्ता क्षेत्रमा सहयोग गर्दै आइरहेका छन् । नगरपालिकामा कार्य गर्ने सहयोगी संस्थाको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका 26 कालिका नगरपालिका क्षेत्रमा कार्यरत विकास साझेदारी सस्थाहरु

वडा नं	संस्थाको नाम	स्थान	कार्यक्रम शिर्षक	समस्याहरु	बार्षिक बजेट
१	सक्षम युवा क्लब	कालिका १	खेलकुद	युवाहरु नियमित रुपमा अभ्यास नगर्नु	वार्ड तथा नगरपालिका द्वारा अनुदान
२	अटीजम केएर सोसाईटी चितवन	कालिका नगरपालिका	अपङ्गता	क्लब भवन अभाव ,बजेट अभाव	
२	जागृति युवा क्लब	कालिका-२	युवा तथा खेलकुद		
३	छैन				
४	छैन				
५	प्रज्वल साना किसन	कालिका ५			
६	मिलिजुली आमा समूह	वार्ड ६		आर्थिक समस्या	
६	एक्कल महिला मानव अधिकारको लागि	वार्ड ६			
८	C.D.P सेन्टर शक्तिखोर	कालिका ८,९,१०,११			
९	कुला संस्कुतिक तथा सम्पदा संरक्षण प्रतिष्ठान नेपाल	नेपाल भरी	कला सस्कृति र सम्पादन		१००००००
९	स्वचन्द्र भैरब युवा क्लब	कालिका ९	कला सस्कृति र सम्पादन		२०००००
९	रामचन्द्र युवा क्लब	कालिका ९	कला सस्कृति र सम्पादन		२०००००
९	तलेजु युवा क्लब	कालिका ९	कला सस्कृति र सम्पादन		२०००००
११	R.R.N.		सबै क्षेत्रमा	सबै क्षेत्रमा कार्य नहुनु	

(स्थलगत अध्ययन , २०७९)

परिच्छेद ३. नगरपालिकाको सबल पक्ष, दुर्बल पक्ष, अवसर तथा चुनौती

सबल पक्ष	• एकल अधिकारक्षेत्र भित्रका आवश्यक ऐन, कानून, निर्देशिकाहरुको तयार भई कार्य सम्पादनमा सहजता हुनु । • समितिहरुको गठन भई आ–आफ्नो कार्य जिम्मेवारमा क्रियाशिल रहनु । • बार्षिक योजना तर्जुमा, नीति तथा कार्यक्रम समयमा तयार र पारित हुनु । • प्रतिवेदन तथा अभिलेख व्यवस्थापन राम्रो रहेको । • आय–व्ययको विवरण पारदर्शि हुनु र कानूनी व्यवस्था बमोजिम सार्वजनिक गरिनु । • कार्यालय परिसरमा स्वास्थ वातावरण र सरसफाई राम्रो व्यवस्था रहेको । • प्राकृतिक श्रोत साधन को उपलव्धता हुनु । (नदीजन्य) • व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत हुने गरेको । • गैर–सरकारी संस्थासँगको साझेदारीका प्रभावकारी भई विपन्न वर्गको आयआर्जनमा सघाऊ पुग्नु । • कृषि, पशु, मत्स्यपालन र फलफुलको क्षेत्रमा काम भईरहेको । • न्यायिक समिति मार्फत न्याय निरुपण हुने गरेकाले जनताको अपेक्षा बढेको । • महिला बिरुद्घ हुने हिंसा सम्बन्धी उजुरी कमी आएको ।
दुर्बल पक्ष	• आवधिक योजना र मध्यमकालीन खर्च संरचना तयार भै नसकेको । • संविधान प्रदत्त अधिकारको कार्यान्वयनमा अपेक्षित ज्ञान, सीप, क्षमता र अनुभवको कमी । • योजना तर्जुमा तथा प्राथमिकिकरणमा विषयगत समितिहरुको भुमिका अझै प्रभावकारी हुन नसकेको । • पदाधिकारी र कर्मचारीहरुमा कानून बनाउने ज्ञान र सीपको कमी । • दरबन्दी अनुसारको प्राविधिक जनशक्तिको व्यवस्था नहुनु । • अधिकांश कर्मचारीहरुमा सूचना प्रबिधि सम्बन्धी ज्ञान, सीप र अभ्यासमा कमी हुनु । • जोखिममा आधारित आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा नहुनु । • सहकारीको व्यवस्थापन, परिचालन र अनुगमन प्रभावकारी नभएको । • तालिमको आबश्यकता पहिचान तथा सबै कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था नहुनु । (सेवा प्रवेश समेत) • कृषिमा उत्पादन र व्यवसायीकरण अपेक्षित रुपमा गर्न नसक्नु ।
अवसर	• संघ र प्रदेश सरकारका नमुना ऐन, कानूनको आधारमा नगरपालिकाले अन्य आबश्यक अन्य थप ऐन कानून बनाउन सकिने । • नदी जन्य उत्पादन, गिट्टी, बालुवा, ढुङ्गा, बनपैदाबारे, काठ दाउरा जडिवुटीबाट आन्तरिक आय अद्धिबृद्धि गर्न सकिने । • वडागत रुपमा एक वडा एक उत्पादनको धारणा अनुसार आधुनिक तथा व्यावसायिक कृषि उत्पादनको सम्भावना रहेको ।

	• प्राकृतिक रुपमा प्रशस्त रुपमा खोला नाला भएको हुर्दा सिचाईको सुविधामा सहजता रहेको । • सडक यातायातको सहज पहुँचले गर्दा मझौला उधोग धन्दा र व्यवसायमा राम्रो पहुँच ।
चुनौती	• संविधान प्रदत्त अधिकारको कार्यान्वयनमा जनप्रतिनिधिहरुको अपेक्षित ज्ञान, सीप, क्षमता र अनुभव नहुनु । • सम्पत्ति कर, घर बहाल कर, व्यवसाय करमा सेवाग्राहीको सहभागिता ज्यादै न्यून • एकिकृत बस्ती विकासको अवधारणालाई प्रबर्धन गर्न नसक्नु । • शैक्षिक बेरोजगारीको संख्या बढदै जानु । • बाढीको प्रभाव क्षेत्र भएकाले अधिकांश भूभाग संकटासन्न अवस्थामा रहनु । • युवालाई कृषि क्षेत्रमा आकर्षण गर्न नसक्नु । • बीचौलियाको कारण कृषिजन्य उत्पादनले अपेक्षित वजार र मुल्य पाउन नसक्नु । • एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कर्मचारी सरुवा भई जान पाउने व्यवस्थाले कर्मचारीको सदैव अभाव हुने देखिएको ।

अनुसूची

तालिका **कालिका नगरपालिकाका मुख्य बस्तीहरु**

वार्ड नं.	मुख्य वस्तीको नाम	मुख्य जातजाती	घरधुरी संख्या	मुख्य मातृ भाषा	मुख्य धर्म
१	साबिक जुटपानी ७ सिद्धेश्वर सुर्यपुर र सृजनशिल	तामाङ, ब्रामण, क्षेत्री, दलित, गुरुङ, मगर	१६०	नेपाली, तामाङ, गुरुङ, मगर	हिन्दु,बौध,क्रिस्चियन
१	सुकुम्बासी टोल सुर्यपुर	तामाङ, दलित, मगर, बाहुन	३५	नेपाली, तामाङ, मगर	हिन्दु,बौध,क्रिस्चियन
१	नेवार टोल, संयुक्त टोल	नेवार , ब्रामण, तामाङ, गरुङ, कुमाल	५३	नेवारी, तामाङ, गुरुङ, नेपाली	हिन्दु,बौध,क्रिस्चियन
१	सन्द टोल, साझा हरियाली टोल	तामाङ, ब्रामण, क्षेत्री, दलित, गुरुङ, मगर	२०४	नेपाली, तामाङ, गुरुङ, मगर, नेवारी, शेर्पा	हिन्दु,बौध,क्रिस्चियन
१	सिन्धुपाल्चोक, कामना, गडुव टोल	तामाङ, क्षेत्री, दलित, राई, नेवार	२०२	तामाङ, गुरुङ, राई, नेपाली	हिन्दु,बौध,क्रिस्चियन, किराती
१	संगम, लालिगुरास, सगरमाथा टोल	तामाङ, क्षेत्री, दलित, राई, मगर, ब्रामण	२२६	तामाङ, राई, नेपाली	हिन्दु,बौध,क्रिस्चियन
२	स्वोर्निम टोल	थारु जाति	१०५	थारु	हिन्दु,बौध,क्रिस्चियन
२	खेखादिया टोल	थारु ,तामाङ	१४६	खसआर्य,थारु	हिन्दु,बौध,क्रिस्चियन
२	प्रगति टोल	ब्राम्हण,थारु	१०५	खसआर्य,थारु	हिन्दु,बौध,क्रिस्चियन
२	सहपुर टोल	ब्राम्हण,क्षेत्रि,तामाङ	१६३	खसआर्य,तामाङ	हिन्दु,बौध,क्रिस्चियन
२	कमलपुर टोल	ब्राम्हण,तामाङ,क्षेत्रि	१५०	खसआर्य,तामाङ	हिन्दु,बौध,क्रिस्चियन
२	अमृत टोल	ब्राम्हण,तामाङ,क्षेत्रि	८२	खसआर्य,तामाङ	हिन्दु,बौध,क्रिस्चियन
२	जितपुर टोल	ब्राम्हण,तामाङ,क्षेत्रि	११९	खसआर्य,तामाङ	हिन्दु,बौध,क्रिस्चियन
२	शान्ति टोल	ब्राम्हण,तामाङ,क्षेत्रि	१२५	खसआर्य,तामाङ	हिन्दु,बौध,क्रिस्चियन
२	बलरामपुर टोल	ब्राम्हण,तामाङ,क्षेत्रि,थारु	१४८	खसआर्य,थारु	हिन्दु,बौध,क्रिस्चियन
३	हरियाली	मिश्रित चौधरी	१३५	मिश्रित	मिश्रित
३	ब्रम्ह	मिश्रित चौधरी	१००	मिश्रित	मिश्रित
३	दीपज्योति	मिश्रित चौधरी	१२४	मिश्रित	मिश्रित

३	आदर्श	मिश्रित चौधरी	१३५	मिश्रित	मिश्रित
३	नवकिरण	मिश्रित चौधरी	११०	मिश्रित	मिश्रित
३	प्रसिद्द	मिश्रित चौधरी	१२५	मिश्रित	मिश्रित
३	विजय	मिश्रित चौधरी	२००	मिश्रित	मिश्रित
३	शान्ति टोल	मिश्रित चौधरी	१८४	मिश्रित	मिश्रित
३	मिलिजुली	मिश्रित चौधरी	५००	मिश्रित	मिश्रित
३	जनप्रिय	मिश्रित चौधरी	२१०	मिश्रित	मिश्रित
३	जनविकास	मिश्रित चौधरी	३०५	मिश्रित	मिश्रित
४	छिमेकि टोल	तामाङ	१०५	तामाङ	बौद्ध
४	भिमवाली टोल	मिश्रित	१५०	थारु, नेपाली	हिन्दु
४	पिपरिया टोल	मिश्रित	१६०	थारु, नेपाली	हिन्दु
४	दीपशिखा टोल	मिश्रित	२२५	थारु, नेपाली	हिन्दु
४	प्रभात टोल	मिश्रित	१०४	थारु, नेपाली	हिन्दु
४	विहानी टोल	मिश्रित	१००	थारु, नेपाली	हिन्दु
४	सुनौलो टोल	थारु	१००	थारु, नेपाली	हिन्दु
५	शिवालय टोल	ब्राह्मण , क्षेत्रि, भोटे		नेपाली	हिन्दु
५	नवज्योति	ब्राह्मण, क्षेत्रि		नेपाली	हिन्दु
५	गढीमई	ब्राह्मण, क्षेत्रि ,दलित		नेपाली	हिन्दु
५	सुभकामना	थारु		थारु	हिन्दु
५	देवस्थल	भोटे	५५	भोटे	हिन्दु
५	हराभरा	ब्राह्मण,क्षेत्रि		नेपाली	हिन्दु
५	ब्रम्हाबबा	थारु	८४	थारु	हिन्दु
५	मचौली	थारु	८०	थारु	हिन्दु
५	प्रगति	भोटे,प्रजा		भोटे,नेपाली	हिन्दु
५	अजम्बरी	थारु,श्रेष्ठ		थारु,नेवारी	हिन्दु
५	नमुना	ब्राह्मण,क्षेत्रि,थारु	२६	नेपाली,थारु	हिन्दु
५	सम्पन्न	ब्राह्मण,क्षेत्रि,थारु	७०	नेपाली,थारु	हिन्दु

५	भिमवाली पार्क	थारु	५८	थारु	हिन्दु
५	नवप्रतिभा	थारु		थारु	हिन्दु
५	पुष्पान्जली	थारु	७८	थारु	हिन्दु
५	विकासशिल	थारु,दलित	४०	थारु, नेपाली	हिन्दु
६	गुराउचौर टोल विकास संस्था	ब्राम्हण,क्षेत्रि		नेपाली	हिन्दु
६	कमल चोक टोल विकास संस्था	नेवार , मगर			
६	सिमलघरी टोल विकास संस्था	तामाङ, कुमाल			
६	न्युरोड टोल विकास संस्था	बोटे,दरै			
६	गुराउ टोल विकास संस्था	परियार,बि.के			
६	क्लब चोक टोल विकास संस्था	चेपांग,नेपाली			
६	सयपत्री टोल विकास संस्था				
६	पाख्रिन टोल विकास संस्था				
६	हरिहर टोल विकास संस्था				
६	नया टोल टोल विकास संस्था				
६	दीपज्योति टोल विकास संस्था				
६	सिद्धार्थ टोल विकास संस्था				
६	लालचोक टोल विकास संस्था				
६	मिर्मिरे टोल विकास संस्था				
६	बुद्धज्योति टोल विकास संस्था				

६	शिवा पव्वायन टोल विकास संस्था				
६	रेडक्रस टोल विकास संस्था				
६	समावेशी टोल विकास संस्था				
६	बेलपत्र टोल विकास संस्था				
६	हाईस्कुल शान्तिचोक टोल विकास संस्था				
६	प्रगति टोल विकास संस्था				
६	गोर्खाली टोल विकास संस्था				
६	शिव पञ्चाङ्ग टोल विकास संस्था				
६	बाग्लुंगे टोल विकास संस्था				
६	हस्पिटल टोल विकास संस्था				
६	खोलेसिमल टोल विकास संस्था				
६	गंगोत्री टोल विकास संस्था				
७	अमृत टोल	ब्राम्हण	५०	नेपाली	हिन्दु
७	पृथ्वी टोल	क्षेत्री, कुमाल	५२	नेपाली	हिन्दु
७	आदर्श टोल	कमि, दमाई, तामाङ	१७५	नेपाली	हिन्दु
७	बुंङखरे टोल	राई, लिम्बु	१००	नेपाली	बुद्धिष्ट
७	जानकी टोल	तामाङ	७०	नेपाली	हिन्दु
७	शान्ति सुगन टोल	ब्राम्हण, तामाङ	८०	नेपाली	हिन्दु
७	वक्रघरे टोल	कमि, दमाई, तामाङ	१००	नेपाली	हिन्दु
७	वर पिपल टोल	तामाङ, कुमाल, थारु	१००	नेपाली	हिन्दु
७	त्रिनिनाथ टोल	ब्राम्हण, क्षेत्री, नेवार	१७५	नेपाली	हिन्दु

८	स्कुल टाडी झरना बस्ती	गुरुङ, चेपांग, क्षेत्री	२२०	नपाली, गुरुङ	हिन्दु, बौध
८	सिरुटाडी बुङखोला बस्ती	गुरुङ, चेपांग, क्षेत्री	१००	नपाली, गुरुङ	हिन्दु, बौध
८	चिसोपानी टोल बस्ती	गुरुङ, चेपांग, क्षेत्री, नेवार, तामाङ	१७०	नेपाली, गुरुङ, चेपांग, नेवार, तामाङ	हिन्दु, बौध
८	भोर्लाघरी टोल बस्ती	गुरुङ, चेपांग, क्षेत्री, नेवार	१५०	गुरुङ, चेपांग,नेपाली , नेवार	हिन्दु, बौध
८	कालिका होल बस्ती	तामाङ, चेपांग, क्षेत्री	१००	तामाङ, चेपांग, नेपाली	हिन्दु, बौध
८	मिलिजुली, चेपांग टोल बस्ती	तामाङ, चेपांग, क्षेत्री	२००	तामाङ, चेपांग, नेपाली	हिन्दु, बौध
८	आँपडाँडा न्युरेनी टोल बस्ती	क्षेत्री, बाहुन, मगर, चेपांग	५००	नेपाली, मगर, चेपांग	हिन्दु, बौध
८	देविटार टोल बस्ती	मगर,नेवार , चेपांग, क्षेत्री	१८०	मगर,नेवार , चेपांग, नेपाली	हिन्दु, बौध
८	अजिंगारे टोल बस्ती	चेपांग, नेवार, मगर	१००	चेपांग, नेवार, मगर	हिन्दु, बौध
९	कृषि टोल	दलित , जनजाती	८५	नेपाली	हिन्दु , क्रिस्चियन
९	कामना टोल	ब्रामण , जनजाती , क्षेत्रि	६२	नेपाली	हिन्दु , क्रिस्चियन
९	नमुना टोल	जनजाती , क्षेत्रि	७०	नेपाली	हिन्दु , क्रिस्चियन
९	अमला चुली टोल	दलित ,क्षेत्रि , चेपांग	१५०	नेपाली	हिन्दु , क्रिस्चियन
९	सुलिटार टोल	दलित ,क्षेत्रि , चेपांग, ब्रामण	९२	नेपाली	हिन्दु , क्रिस्चियन
९	मिलन बजार , शिवालय टोल	क्षेत्रि , ब्रामण ,जनजाती	१२०	नेपाली	हिन्दु , क्रिस्चियन
९	शक्ति ,दोगरा , सफलता	जनजाती ,दलित ,क्षेत्रि , चेपांग, ब्रामण	२३०	नेपाली	हिन्दु , क्रिस्चियन
९	भएरी , राज बन , देउराली	चेपांग	२२०	चेपांग	हिन्दु , क्रिस्चियन
९	सुपार , दर्बटार	चेपांग	२००	चेपांग	हिन्दु , क्रिस्चियन
११	मजवाङ्ग	चेपाङ	८८	चेपाङ	ईसाई
११	चेउराङ्ग	चेपाङ	५६	चेपाङ	ईसाई
११	गामेडुङ	चेपाङ	८०	चेपाङ	ईसाई

११	खिर्की	चेपाङ	३४	चेपाङ	ईसाई
११	संपामा	चेपाङ	६८	चेपाङ	ईसाई
११	खोला गाउँ	चेपाङ	२८	चेपाङ	बौद्ध, हिन्दु
११	कल्याण चौर	चेपाङ	२४	नेपाली	ईसाई
११	केमाइलीङ , रन्तेस	चेपाङ	५३	चेपाङ	हिन्दु

(स्थलगत सर्वेक्षण, २०७९)

१. कालिका नगरपालिकामा हुने कृषि उत्पादन तथा विक्रीको स्थिति

वार्ड नं.	उत्पादनको नाम	उत्पादन परिमाण (वार्षिक)	इकाई	विक्रि परिमाण	इकाई	मुल्य	इकाई (प्रति क्विन्टल)	वार्षिक आम्दानी रु.	विउविजन प्रैकार	विउविजनमा वार्षिक खर्च	इकाई	मलको प्रकार	वार्षिक खर्च
१	धान	१५.००%							लोकल	आफ्नै उत्पादन बाट		दुवै	१ बिघा १००००
१	मकै	३०.००%		१५	टन	रु २६	किलोको रु	रु १८०००००	उन्नत	रु १५००००		दुवै	६००००
१	गोलभेडा	४५.००%						प्रति कठ्ठा ३०००००	उन्नत	रु १०००००	प्रति कठ्ठा	दुवै	४ करोड
१	केरा	५.००%						प्रति कठ्ठा ५५००	उन्नत , मल्मो	रु १५००	प्रति कठ्ठा	दुवै	
१	काक्रो	२.००%											
१	बोडी	३.००%											
२	मकै	५०.००%				रु २५००			उन्नत			दुवै	
२	तोरी	२०.००%				रु १४०००			लोकल			दुवै	

२	मसुरो	५.००%				रु १२०००			लोकल			प्रांगारिक	
२	केरा खेति	१०.००%				रु ६०	दर्जनको		मालुभोक			दुवै	
२	कागती	१.००%				रु२००	प्रति के.जी		लोकल			दुवै	
२	तरकारी (करेला,भेंडी,बोडी,घिरौला,)	४.००%				रु १०	प्रति के.जी		उन्नत			दुवै	
२	च्याउ खेति	५.००%				रु २००	प्रति के.जी		लोकल			चाहिदैन	
३	धान	५०.००%											
३	मकै	५०.००%											
३	तोरी	३०.००%											
३	केरा	२५.००%											
३	कागती	१.००%											
३	मसुरो,मास	३५.००%											
३	तरकारी	१५.००%											
४	केरा(प्रति १ कठ्ठा)	७०	घारी	५०	घारी	२५०००		२५०००	लोकल	१०५००	प्रति १ बोरा	दुवै	१०५००

४	धान (प्रति १ कठ्ठा)	१	क्विन्टल						उन्नत	३०००		दुवै	३०००
४	मकै (प्रति १ कठ्ठा)	१.५	क्विन्टल	०.५	क्विन्टल	१७००		१७०००	उन्नत	३०००		दुवै	३०००
४	टमाटर (प्रति १ कठ्ठा)	२	क्विन्टल	१.५	क्विन्टल	३०००		३०००	उन्नत	१५०००		दुवै	१५०००
४	तोरी (प्रति १ कठ्ठा)	५०	के.जी	२५	के.जी	४०००		४०००	उन्नत	२०००		दुवै	२०००
४	काक्रो (प्रति १ कठ्ठा)	२	क्विन्टल	१.५	क्विन्टल	१५०००		१५०००	उन्नत	१००००		दुवै	१००००
४	बोडी (प्रति १ कठ्ठा)	५०	के.जी	३०	के.जी	९००		९००	उन्नत	५००		दुवै	५००
४	भिंडी (प्रति १ कठ्ठा)	५०	के.जी	३०	के.जी	१०००		१०००	उन्नत	५००		दुवै	५००
५	धान (१ बिघा)	२५	क्विन्टल	८	क्विन्टल	रु २०००		रु ८०००० (परल सहित)	उन्नत/लोकल	रु ५००० / १०	के.जी	प्राङ्गारिक/रासायनिक	रु ९८६००
५	तरकारी (१ बिघा)	७५	क्विन्टल	७५	क्विन्टल	रु २००१		रु २२५०००	उन्नत/लोकल	रु २००००		प्राङ्गारिक/रासायनिक	रु २१४५००

५	केरा (१ बिघा)	१६००	क्विन्टल	१३६०००	क्विन्टल	रु ३/५०	पैसा	रु ४७३०००	उन्नत	रु २४०००		प्राङ्गारिक/रासायनिक	रु २६३३००
५	तोरी (१ बिघा)	५	क्विन्टल	३	क्विन्टल	रु १२०००		रु ६०००००	उन्नत	रु ३०००		प्राङ्गारिक/रासायनिक	रु ४००००
५	मकै (१ बिघा)	४०	क्विन्टल	३५	क्विन्टल	रु २५००		रु १०००००	उन्नत	रु ७५००		प्राङ्गारिक/रासायनिक	रु ६५०००
६	केरा (१५%)	७०००		७०००	कोसा	रु ३			उन्नत	रु १२५			
६	मौरी(३५०० घार)	३५	के.जी प्रति घर	३३	के.जी	रु ४००	प्रति के.जी		एपिस मेलिफेरा उन्नत	रु १००००	प्रति घार		
६	मकै (७५%)	१५००	के.जी प्रति कठ्ठा	१५००	के.जी प्रति कठ्ठा	रु २५	प्रति के.जी		उन्नत	२२	प्रति के.जी उत्पादन	रासायनिक	
६	धान (६०%)	१५००	के.जी प्रति कठ्ठा		आफ्नै उपयोग	रु २७			उन्नत	२५	प्रति के.जी	रासायनिक	
६	तोरी(५०%)	३०	के.जी प्रति कठ्ठा		आफ्नै उपयोग	रु १२०			लोकल	रु ८०		रासायनिक	

६	कागती(३०%)	३००००	के.जी प्रति कठ्ठा	३०	प्रति कठ्ठा	रु १००	प्रति के.जी		उन्नत	रु ८०		प्रांगारिक	
६	गहू(५%)	८०	के.जी प्रति कठ्ठा	८०	के.जी प्रति कठ्ठा	रु ३०	प्रति के.जी		उन्नत	१६००	प्रति क.जी	रासायनिक	
६	मसुरो(१५)	४०	के.जी प्रति कठ्ठा	४०	के.जी	रु १२०			उन्नत	रु ३०००		रासायनिक	
७	धान	२५.००%		१०.००%					उन्नत			दुवै	
७	मकै	२५.००%		१०.००%					उन्नत			दुवै	
७	तोरी	२०.००%		१२.००%					उन्नत			दुवै	
७	मसुरो	१९.००%		१५.००%					उन्नत			दुवै	
७	कागती	१.००%		९९.००%					उन्नत			दुवै	
७	केरा	१०.००%		९९.००%					उन्नत			दुवै	
८	धान	१.५	प्रति कठ्ठा क्विन्टल	१/४		२५		४०००	दुवै	३००		दुवै	५०००
८	मकै	१	प्रति कठ्ठा क्विन्टल	१/३		२५		२५००	दुवै	४००		दुवै	३०००

८	तरकारी-घ्यु सिमि	३	प्रति कठ्ठा क्विन्टल	३	क्विन्टल	५०		१५०००	दुवै	२०००		दुवै	७०००
८	आलु	४	प्रति कठ्ठा क्विन्टल	३/१		३०		१२०००	दुवै	८०००		दुवै	८०००
९	धान	७५.००%		२०.००%		३०/केजी		१०००/कठा	उन्न्न्त	१०.००%		दुवै	१५.००%
९	मकै	८०.००%		३०.००%		४०		१५००	दुवै	१०		दुवै	२०
९	तरकारी	४०.००%		३०.००%		२५		२०००	दुवै	५		दुवै	२५
९	मास / फापर	३०.००%		२५.००%		१००		२०००	दुवै	५		दुवै	१०
९	तोरी	३५.००%		१०.००%		१००		२५००	दुवै	५		दुवै	१५
१०	मकै	१ मुरी प्रति कठा				३०		१८००	दुवै	५०			१०००
१०	कोदो	मुरी प्रति कठा				५०		३०००	लोकल	२००			१५००
१०	धान	३ मुरी प्रति कठा				३०		५४००	दुवै	३००			२०००
१०	फापर	मुरी प्रति कठा				१००		४०००	लोकल	१००			२०००

१०	गहु	१ मुरी प्रति कठा				३००		५६००	दुवै	२००			२५००
११	मकै	५०				१८		९००	उन्नत	१ के. जी. १००		प्राङ्गारिक	४००
११	कोदो	८०		७९		६०		४८००	लोकल	आधा के.जी. ५०		प्राङ्गारिक	८००
११	फापर	२०		१९		१००		२०००	लोकल	१ के. जी १००			
११	तोरी	२५				१५०		३७५०	उन्नत	१ के. जी. १५०		प्राङ्गारिक	१२००
११	धान	१६०				२५		४०००	उन्नत	१ के. जी. ५५०		प्राङ्गारिक/ रासायनिक	८००/३००
११	आलु	२००				२५		८०००	उन्नत	३० क. जी. २४००		प्राङ्गारिक	१०००
११	अदुवा	५००		४५०		४०		१५०००	उन्नत	५० के. जी. ३०००		प्राङ्गारिक	
११	पिडालु	५००		४५०		३०		१५०००	उन्नत	५१ के. जी. ६२५		प्राङ्गारिक	८००
११	चौमसे बोडी	५००		३००		२५		५००००	उन्नत	आधा के.जी. ५५०		प्राङ्गारिक/ रासायनिक	१२००/३००

(वडा भेला / छलफल, २०७९

२. नगरपालिकामा रहेका सडकको विवरण

वडा नं.	सडक गोरेटोको नाम	सुरु हुने स्थान	अन्त्य हुने स्थान	लम्वाई	चौडाई	सडक अधिकार क्षेत्र	सडकको सतहको प्रकार	सडकको स्तर (Hierarchy)	सडकले समेट्ने वस्तीहरु	सर्वजनिक वस चल्ने वा नचल्ने	बपासर्क रहेको स्थान
२	१ नम्बर बाटो	लामा चोक	भेटघाट चोक	१३०० मि	६ मि	१० मि				चल्ने	नभएको
२	२ नम्बर बाटो	A3 ब्लक	G3 ब्लक	१३०० मि	६ मि	१० मि					
२	३ नम्बर बाटो	A4 ब्लक	G4 ब्लक	१३०० मि	६ मि	१० मि				चल्ने	
२	४ नम्बर बाटो	A5 ब्लक	G5 ब्लक	१३०० मि	६ मि	१० मि					
२	५ नम्बर बाटो	A9 ब्लक	G9 ब्लक	१००० मि	६ मि	१० मि					
३				१००० मि	६ मि	१० मि	कालोपत्रे	राजमार्ग	हरियाली		
४	२ नम्बर बाटो			३०० मि	६ मि	भिमवली र छिमेकि टोल	कच्ची	सहायक सडक	भिमवली र छिमेकि टोल		छैन
४	२ नम्बर बाटो			५०० मि	१० मि	भिमवली र छिमेकि टोल	कच्ची	सहायक सडक	भिमवली र छिमेकि टोल		
४	१ नम्बर बाटो			१००० मि	१० मि	पिपरिया टोल	कच्ची	सहायक सडक	पिपरिया टोल		
४	सिमाना रोड			२०० मि	१५ मि	छिमेकि टोल	कच्ची	सहायक सडक	छिमेकि टोल		
४	सिमाना रोड वार्ड १ र ४ को			५०० मि	६ मि	छिमेकि, पिपरिया	कच्ची	सहायक सडक	छिमेकि, पिपरिया		

वडा नं.	सडक गोरेटोको नाम	सुरु हुने स्थान	अन्त्य हुने स्थान	लम्वाई	चौडाई	सडक अधिकार क्षेत्र	सडकको सतहको प्रकार	सडकको स्तर (Hierarchy)	सडकले समेट्ने वस्तीहरु	सर्वजनिक वस चल्ने वा नचल्ने	बपासर्क रहेको स्थान
४	२ नम्बर बाटो			१००० मि	१० मि	दीपशिखा टोल	ग्राबेल	सहायक सडक	दीपशिखा टोल		
५	पदमपुर भरतपुर सडक	गडूवा चोक	भोजाड	३ कि.मि	१० मि	कालिका + भरतपुर	कालो पत्रे	सहायक सडक	भरतपुर, पदमपुर ,जुटपानी, सक्तिखोर	सक्तिखोर देखि नारायणगढ	नभएको
५	कालिका ५ बाटो नम्बर ६	सितल चोक	बैदरझाला बस्तीको पूर्व चोक	१३०० मि	६ मि	कालिका ५	कालो पत्रे	सहायक सडक	कालिका ५ भादौली र बैदार खोला		
५	कालिका ५ बाटो नम्बर १	रुद्र रेग्मी को घर बाट ४ नम्बर सिमाना जाने		६००० मि	१० मि	कालिका ५	कालो पत्रे	सहायक सडक	कालिका ५		
५	कालिका ५ बाटो नम्बर २	अजम्बरी चोक	गणेश चोक	२ कि.मि	६ मि	कालिका ५	कालो पत्रे	सहायक सडक	कालिका ५		
५	कालिका ५ बाटो नम्बर २	सुर्योदय चोक	मोतिराश चौधरीको घर सम्म	२३०० मि	६ मि	कालिका ५	कालो पत्रे	सहायक सडक	कालिका ५		

वडा नं.	सडक गोरेटोको नाम	सुरु हुने स्थान	अन्त्य हुने स्थान	लम्वाई	चौडाई	सडक अधिकार क्षेत्र	सडकको सतहको प्रकार	सडकको स्तर (Hierarchy)	सडकले समेट्ने वस्तीहरु	सर्वजनिक वस चल्ने वा नचल्ने	बपासर्क रहेको स्थान
५	कालिका ५ को चौकी रहेको	२ नम्बर बाटो	वार्ड नम्बर ४ को सिमाना	३ कि.मि	१० मि	कालिका ५	कालो पत्रे	सहायक सडक	कालिका ५		
६	बख्रिन चोक-खोलेसिमल-कमल चोक-क्लब चोक	बख्रिन चोक	क्लब चोक		१० मि		कालो पत्रे				खोलेसिमल बजार (बुडीकुलो छेउ)
६	खोले सिमल-सान्ति चोक-भटेनी-बेलचोक	खोले सिमल	वेल चोक		१० मि		कालो पत्रे				
६	कमल चोक-समिपुर-सिमाना बाटो	कमल चोक			१३ मि		कालो पत्रे				
६	खोले सिमल-वार्ड कार्यालय-भरतपुर जाने बाटो				१३ मि		कालो पत्रे				
६	प्रगति टोल-हुदै समाबेसी जोड्ने				१० मि		कच्ची				

वडा नं.	सडक गोरेटोको नाम	सुरु हुने स्थान	अन्त्य हुने स्थान	लम्वाई	चौडाई	सडक अधिकार क्षेत्र	सडकको सतहको प्रकार	सडकको स्तर (Hierarchy)	सडकले समेट्ने वस्तीहरु	सर्वजनिक वस चल्ने वा नचल्ने	बपासर्क रहेको स्थान
६	मेन दुलालको घर देखि बस्टकोटीको घर सम्म				६ मि		कच्ची				
६	भण्डारी चोक-गुरैचौर-जादीटोल बाटो				१०मि		कालो पत्रे				
६	भण्डारी चोक-गुरैचौर-सिमल घारी - वेलचौर				१०मि		कालो पत्रे				
६	भण्डारी चोक-गुरैचौर-भटेनी				१०मि		कालो पत्रे				
६	कमलचोक - वाडलुंगे टोल				८ मि		कालो पत्रे				
६	खोलेसिमल बजार - गुरैचौर				८ मि		कच्ची				
६	गुरैचौर-भद्रस्वोर-शिवालय				१० मि		कच्ची				

वडा नं.	सडक गोरेटोको नाम	सुरु हुने स्थान	अन्त्य हुने स्थान	लम्वाई	चौडाई	सडक अधिकार क्षेत्र	सडकको सतहको प्रकार	सडकको स्तर (Hierarchy)	सडकले समेट्ने वस्तीहरु	सर्वजनिक वस चल्ने वा नचल्ने	बपासर्क रहेको स्थान
	मन्दिर - कुमाल टोल										
७	लाहुरे चोक देखि	लाहुरे चोक	जुटपानी चोक	३.५ कि.मि	५ मि	११ मि	कालो पत्रे	ग्रामिण	शान्ति चोक, पृथ्वी चोक, वेलचौर र जुटपानि		जुटपानी चोक
७	क्लब चोक हुदै जुटपानी सडक	क्लब चोक	जुटपानी चोक								
७	पृथ्वी चोक- सालघारी सडक	पृथ्वी चोक	सालघारी चोक	२ कि.मि	४ मि	११ मि	कालो पत्रे	ग्रामिण	तिवारी चोक, मिनी रंगशाला र सालघारी		
७	लाहुरे चोक - आदर्श टोल सडक	लाहुरे चोक	काठे पूल	१ कि.मि	४ मि	११ मि	कालो पत्रे	ग्रामिण	लाहुरे चोक, आदर्श टोल, काठे पूल		
